सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ फागुन २०८२, बिहीबार (26 Feb 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

चुनावमा एक महिनामै विदेशबाट फर्किए १ लाख ५६ हजार नेपाली

त्रिभुवन विमानस्थल अध्यागमन विभागका अनुसार १२ माघदेखि १२ फागुनसम्ममा एक लाख ५६ हजार २४१ नेपाली विदेशबाट फर्किएका छन् । फागुन लागेयता मात्रै मंगलबारसम्म ६२ हजार ९१३ नेपाली विदेशबाट फर्किएका छन् ।



यी तस्बिर विदेशबाट फर्किएका नेपालीहरूको हो । मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भेटिएका उनीहरू कोही मलेसिया, कोही कतार, कोही कुवेत त कोही अस्ट्रियाबाट फर्किएकाहरू हुन् । सबैंको भिडमा कैयौं युवा चुनावमा भोट हाल्नकै लागि भनेर स्वदेश फर्किएका भेटिए । मलेसियाबाट फर्किएका सुनसरीका मनोजकुमार यादव र दिलबहादुर पुनदेखि कुवेतबाट फर्किएका काठमाडौं सतुंगलका दुर्गाप्रसाद पाण्डे, कतारबाट फर्किएका बाराका विनोद चपर्नियां र उदयपुरका राम रायमाझीलगायत अधिकांश युवाको उस्तै-उस्तै मत थियो, 'नयाँ दल र उम्मेदवारलाई मत दिएर परिवर्तन ल्याउने हो ।' त्यस्तो नयाँ दल र नेताबारे केही युवा खुलेरै बोले भने केहीले नयाँ कुन दललाई मत दिने भन्ने निर्णय लिन बाँकी नै रहेको सुनाए । कतिपयले त मन पर्ने नेताको तस्बिर सुटकेसमै टाँसेका थिए । तस्बिरहरू : **अमुल थापा**/नयाँ पत्रिका

अजित अधिकारी/नयाँ पत्रिका

मतदानको मिति नजिकिँदै छ । देशभित्र चुनावी रापताप बढ्दो छ । रोजगारी, अध्ययनलगायत प्रयोजनका लागि देशबाहिर पुगेका नेपालीलाई पनि यो रापतापले नछुने कुरै भएन । उनीहरू विदेशबाट सामाजिक सञ्जालमा अभिव्यक्त मात्रै भएका छैनन्, कतिपय त भोट हाल्नकै लागि स्वदेश फर्किँदै छन् ।

त्रिभुवन विमानस्थल अध्यागमन विभागका अनुसार पछिल्लो एक महिना (१२ माघदेखि १२ फागुनसम्म) मा एक लाख ५६ हजार २४१ नेपाली विदेशबाट फर्किएका छन् । संख्यात्मक दर हेर्दा पछिल्ला दिन बढ्दो देखिएको विभागका प्रवक्ता टीकाराम ढकाल बताउँछन् ।

'विदेशमा रहेका नेपालीहरू हवाईमार्गबाट भित्रिने संख्या केही मात्रामा बढेको तथ्यांकले देखाउँछ,' उनले भने । फागुन लागेयता मात्रै मंगलबारसम्म ६२ हजार ९१३ नेपाली विदेशबाट फर्किएका छन् । यो संख्या माघ महिनाको सोही अवधिको तुलनामा ६.०६ प्रतिशतले बढी हो । हाल दैनिक पाँच हजारभन्दा बढी प्रवासी नेपाल भित्रिरहेको विमानस्थल अध्यागमनको तथ्यांक छ । चुनावमा नयाँ दल र युवा उम्मेदवारप्रति आकर्षण बढेकाले भोट हाल्नकै लागि प्रवासबाट फर्किनेको संख्या बढिरहेको देखिन्छ ।

पर्यटन व्यवसायीहरूका अनुसार अहिले हवाईमार्गबाट नेपाल आउने टिकटसमेत पाउन मुस्किल छ । चुनावी समय र पर्यटकीय सिजन एकैपटक परेकाले पनि यो अवस्था आएको उनीहरू बताउँछन् । अहिले टिकट बुकिङ उच्च हुने समय नै हो, त्यसमाथि प्रवासी नेपालीको स्वदेश फर्किने संख्या बढेकाले सजिलै टिकट नपाइरहेको नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)का पूर्वअध्यक्ष अच्युत गुरागाईंले बताए ।

» पृष्ठ २ मा क्रमशः

देउवाको नाममा भोट माग्दै सुदूरपश्चिमका कांग्रेस उम्मेदवार



वहालवाला सभापतिको उपेक्षा गरेर देउवालाई 'ब्रान्डिङ' गर्दै किन मत माग्दै छन् महर ? जवाफमा भन्छन्, **'यो उहाँ (देउवा)प्रतिको आस्था र सम्मान हो । कसैको तस्बिर बलपूर्वक राखिँदैन, मायाले राखिने हो । उहाँले पठाएर, सल्लाह गरेर नै म चुनाव लड्न आएको हुँ ।'**

धनगढीमा **तेजराज भट्ट**

विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित गगन थापाको नेतृत्वमा कांग्रेस आसन्न प्रतिनिधिसभा निर्वाचनमा होमिएको छ । पार्टीको केन्द्रीय नारा छ- बदलियो कांग्रेस, बदल्छौं देश । प्रधानमन्त्रीका रूपमा अघि सारिएका थापाकै तस्बिर र यही नाराले देशभरका अधिकांश कांग्रेस उम्मेदवारले चुनावी अभियानको मुख्य आधार बनाएका छन् ।

■ १६ निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा देउवा पक्षको बलियो पकड छ । त्यसैले देशभर थापा पक्षबाट 'ब्ल्याकआउट' गरिएका देउवालाई सुदूरपश्चिममा भने केही उम्मेदवारले चुनावी पोस्टरमा राखेका छन् ।





तर, निवर्तमान सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुरामा भने दृश्य बिलकुलै फरक छ । सभापति थापाले यसपटक देउवालाई टिकट नदिएपछि त्यहाँ नैनसिंह महर उम्मेदवार बनेका छन् । उनले आफ्नो चुनावी प्रचारमा 'बदलियो कांग्रेस, बदल्छौं देश' भन्ने नारा कतै प्रयोग गरेका छैनन् । बरु, देउवाको गृहजिल्लामा कांग्रेसको चुनावी प्रचार फरक, अर्थपूर्ण र रणनीतिक

● कांग्रेसबाट कञ्चनपुर ३ का उम्मेदवार हरि बोहरा र बैतडीका उम्मेदवार चतुरबहादुर चन्दले पनि सभापति गगन थापासँगै देउवाको तस्बिरसहितका चुनावी सामग्री लिएर प्रचार-प्रसारमा हिँडेका छन्, मतदाताको घरदैलो पुगिरहेका छन् ।

» पृष्ठ २ मा क्रमशः

अनलाइन ठगी धन्दामा फसेका ३०९ नेपाली उद्धारको पर्खाइमा

परराष्ट्र अधिकारी भन्छन्- बजेट र कर्मचारी अभावमा उद्धार कठिन

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सरकारले कम्बोडिया र म्यानमारमा अलपत्र परेका ३०९ जना नेपालीको उद्धार गर्न बजेट र जनशक्ति अभावका कारण कठिन भएको जनाएको छ । आकर्षक जागिरको प्रलोभनमा गैरकानुनी रूपमा म्यानमार पुगेकामध्ये तीन वर्षयता ३९२ नेपालीको उद्धार भए पनि थपको उद्धारमा बजेट र कर्मचारी अभाव रहेको परराष्ट्र मन्त्रालयले जनाएको हो ।

परराष्ट्र मन्त्रालयका अनुसार कम्बोडियामा २४८, म्यानमारमा ३० र थाइल्यान्डलगायत अन्य स्थानमा ३१ जना उद्धारको पर्खाइमा छन् । दक्षिण-पूर्वी एसियामा आकर्षक रोजगारीको प्रलोभनमा गैरकानुनी रूपमा पुगेका नेपाली अनलाइन ठगी धन्दामा फसेका हुन् । तीमध्ये ४८ नेपाली जेलमा छन् । कम्बोडियामा ८० जनाको समूह एक ठाउँमा छ, ३० जना प्रहरी हिरासतमा छन्,

» पृष्ठ २ मा क्रमशः

■ कम्बोडियामा २४८, म्यानमारमा ३० र थाइल्यान्डलगायत अन्य स्थानमा ३१ नेपाली उद्धारको पर्खाइमा छन् । तीमध्ये ४८ जेलमा छन् ।

■ कम्बोडियामा ८० जनाको समूह एक ठाउँमा छ, ३० जना प्रहरी हिरासतमा छन्, बाँकी छरिएको अवस्थामा छन् ।



बुधबार आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले कम्बोडियामा, म्यानमारमा र थाइल्यान्डलगायत ठाउँबाट गरी जम्मा ३०९ जना नेपाली उद्धारको पर्खाइमा रहेको बताए । परराष्ट्र मन्त्रालयको दक्षिणपूर्वी महाशाखा प्रमुख सहसचिव प्रकाश अधिकारीले थाइल्यान्ड र म्यानमारस्थित नेपाली दूतावासको सम्पर्कमा आएका उनीहरूलाई उद्धार गर्न बजेट र कर्मचारी अभावका कारण कठिन भएको बताए । 'हामीसँग स्रोत (बजेट) र कर्मचारी उपलब्ध भए नेपालीहरूको शीघ्र उद्धार गर्न सकिन्छ । अहिले स्थानीय एनजिओमार्फत उद्धार गर्दा समय लागेको छ । अन्तरमन्त्रालय समन्वय पनि प्रतिफल आउने गरी हुन सकेको छैन,' सहसचिव अधिकारीले भने ।

१५ निर्वाचन क्षेत्रमा एसपी र १५० मा डिएसपीको कमान्ड



काठमाडौं उपत्यकाका १५ निर्वाचन क्षेत्रमा एसपी



उपत्यकाबाहिरका १५० निर्वाचन क्षेत्रमा डिएसपी

नयाँ पत्रिका

२१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा हरेक निर्वाचन क्षेत्रमा एसपी र डिएसपीको नेतृत्वमा प्रहरी परिचालन गरिएको छ । काठमाडौं उपत्यकाका १५ निर्वाचन क्षेत्रमा एसपी र उपत्यकाबाहिरका १५० निर्वाचन क्षेत्रमा डिएसपीको कमान्डमा प्रहरी परिचालन गरिएको हो ।

» पृष्ठ २ मा क्रमशः



गृहमा दैनिक केन्द्रीय सुरक्षा समिति बैठक

निर्वाचन सुरक्षा व्यवस्थालाई थप मजबुत र प्रभावकारी बनाउने उद्देश्यले गृह मन्त्रालयले दैनिक निर्वाचन सुरक्षासम्बन्धी समीक्षा थालेको छ । केन्द्रीय सुरक्षा समितिका अध्यक्ष एवं गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा भइरहेको बैठकमा निर्वाचनसँग सम्बन्धित दैनिक गतिविधिको समीक्षा र रणनीति तथा जनशक्ति परिचालनका साथै जिल्ला समन्वयको कामलाई प्रभावकारी बनाइएको मन्त्रालयले जनाएको छ ।

विश्वका १६ हजार विश्वविद्यालयमध्ये १५०१ वरीयतामा त्रिवि

चिकित्सा तथा स्वास्थ्य शिक्षामा विश्वमै ६०१ स्थानमा



पटकपटकको तालाबन्दी र विद्यार्थी अराजकताका कारण वरीयताक्रम सुधारमा चुनौती

(विस्तृत पृष्ठ ३)

२१ फागुनको निर्वाचन र किसानको मत



अग्रलेख

● उद्धव अधिकारी

आगामी निर्वाचनमा किसानले आफ्नो अमूल्य मतलाई आफ्नै माटो, आफ्नै बिउ र आफ्नै भविष्यको पक्षमा प्रयोग गर्न सक्नुपर्छ

(पृष्ठ ४)

इरानसँग निहुँ खोज्नु अमेरिकालाई नै प्रत्युत्पादक



पछिल्लो समय मध्यपूर्वमा अमेरिकी सेनाको उच्च उपस्थितिले आसन्न आक्रमणको चिन्ता बढाएको छ

(पृष्ठ ५)

चक्रपथको दोस्रो खण्ड विस्तार कार्यान्वयनको खुल्यो बाटो

चीनलाई सबै प्रकृतिको करमा छुट दिने सरकारको निर्णयसँगै रोकिएको चक्रपथको निर्माण अघि बढ्ने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बदलियो प्रचार शैली, खुम्चियो चुनावी सामग्रीको व्यापार

■ पार्टी र उम्मेदवारले डिजिटल प्लाटफर्मलाई चुनावी प्रचारप्रसारको मुख्य माध्यम बनाउँदा छापेर प्रयोग गरिने चुनाव चिह्नअंकित झन्डा, पर्चा, पम्प्लेट, टिसर्ट, टोपी, ब्याचलगायतको व्यापार ओरालो

शिवहरि घिमिरे/नयाँ पत्रिका

चुनावी प्रचारप्रसारमा प्रविधिको बढ्दो प्रयोगसँगै भौतिक रूपमा प्रयोग हुने प्रचारप्रसार सामग्रीको माग ह्वात्तै घटेको छ । पार्टी र उम्मेदवारले डिजिटल प्लाटफर्मलाई चुनावी प्रचारप्रचारको प्रमुख माध्यम बनाउँदा छापेर प्रयोग हुने चिह्नअंकित झन्डा, पर्चा, पम्प्लेट, टिसर्ट, टोपी, ब्याचलगायतका सामग्रीको व्यापार खस्किएको हो ।

विगतका निर्वाचनहरूमा उम्मेदवार भोट माग्न जनताको घरदैलोमा पुग्दा ठुलो परिमाणमा पार्टी र चुनाव चिह्नअंकित झन्डा, पर्चा र पम्प्लेटजस्ता प्रचार सामग्री धेरै बोक्थे । मतदातालाई समेत पार्टीको चुनाव चिह्न भएको टोपी र टिसर्ट बाँड्थे । बाटोघाटो र चोक-चोकमा प्रचारप्रसार सामग्री छरिएका हुन्थे । कसैले भित्ता-भित्तामा झन्डा गाडेर छाड्थे ।

भर्चुअल माध्यमबाट भोट माग्दै उम्मेदवार

तर, अहिले प्रचारप्रसारको त्यो शैली निकै साँघुरिएको छ । दल र उम्मेदवारले सकेसम्म धेरै डिजिटल माध्यमलाई प्रमुख प्रचारप्रचारको माध्यम बनाएका छन् । उम्मेदवारहरू सीमित मात्रामा मात्र झन्डा, टिसर्ट, टोपी र ब्याचलगायतका प्रचार सामग्री बोकेर मतदाताकहाँ पुग्ने गरेका छन् ।

भौतिक प्रचारप्रसारका सामग्रीको माग ह्वात्तै घटेको छापाखाना, स्टेसनरी र आर्ट व्यवसायीहरू बताउँछन् । उनीहरूका अनुसार

» पृष्ठ २ मा क्रमशः







दलहरूका चुनाव चिह्नअंकित झन्डा छाप्न व्यस्त बागबजारका छापाखाना । विगतका चुनावमा जस्तो प्रचारप्रसारका सामग्रीको माग घटेको छापाखाना सञ्चालकहरू बताउँछन् । बागबजारस्थित स्मार्ट हाउसका नवीन गौतमका अनुसार चुनावलाई लक्षित गरेर बनाइएका झन्डा र प्रचारप्रसार सामग्रीको खासै बिक्री छैन । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

१५ निर्वाचन...

पृष्ठ १ बाट क्रमशः

निर्वाचनलाई थप व्यवस्थित र शान्तिपूर्ण बनाउन यसरी वरिष्ठ अधिकारीलाई निर्वाचन क्षेत्रहरूको नेतृत्व दिएर परिचालन गरिएको प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए । 'सबै एसपी र डिएसपीले निर्वाचन क्षेत्रमा पुगेर कमान्ड सम्हालिसकेका छन्,' उनले भने, 'विगतमा भन्दा यसपटक निर्वाचन सुरक्षामा थप स्मार्ट र डायनामिक रूपमा सुरक्षा निकायको परिचालन गरिएको छ ।'

प्रहरी प्रधान कार्यालयले फागुनको पहिलो सातादेखि नै खटिने गरी ४४ डिएसपी र ११० इन्स्पेक्टर विभिन्न निर्वाचन क्षेत्रमा खटाइसकेको छ । भूगोलदेखि सुरक्षा चुनौतीको विश्लेषण गर्न सुरुदेखि नै डिएसपीलाई कमान्ड दिइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । निर्वाचनमा सहयोग गर्न प्रहरी प्रधान कार्यालयबाट मात्र १३ हजार सुरक्षाकर्मी उपत्यकाबाहिरका विभिन्न जिल्लामा खटिएका छन् ।

बुधबारदेखि ३१ एसएसपी र ४६ एसपीलाई जिल्लामा खटाइयो

निर्वाचन अनुगमन र समन्वयका लागि प्रहरी प्रधान कार्यालयले ३१ एसएसपी र ४६ एसपीलाई विभिन्न जिल्लामा खटाएको छ । एकजनाले दुई जिल्लासम्मको समन्वय गर्ने गरी 'बेस' नै तोकेर उनीहरूलाई फिल्डमा खटाइएको हो ।

एकीकृत सुरक्षा योजना कार्यान्वयनको अवस्था बुझ्ने, केन्द्रबाट भएका निर्देशन र परिपत्रको कार्यान्वयनको निरीक्षण गर्ने, सुरक्षा मतदानस्थलको रणनीति कार्यान्वयनमा भएका कमी-कमजोरी औँल्याएर सुधार्ने तथा मुख्य निर्वाचन अधिकृतसँग मिलेर समन्वय गर्न उनीहरूलाई खटाइएको प्रहरी प्रवक्ता काफ्लेले बताए । केन्द्रसँग समन्वय गर्ने जिम्मेवारी पनि उनीहरूलाई दिइएको छ । ३१ मध्ये पाँच एसएसपीलाई उपत्यकाका निर्वाचन क्षेत्रमा खटाइएको छ ।

धेरैजसो एसएसपी तराईका जिल्लामा खटिएका छन् । झापा र इलाम हेर्ने गरी एसएसपी गोविन्द अधिकारीलाई खटाइएको छ । मोरङ र सुनसरी हेर्ने ज्ञानेन्द्र फुयाँल, उदयपुर र खोटाङमा योगेन्द्रसिंह थापा खटिएका छन् । झापासहित सर्लाही, चितवन, रूपन्देही, दोलखा, रुकुम पूर्व, बझाङ, बाजुराजस्ता जिल्ला बढी संवेदनशील भएको विश्लेषणमा अतिरिक्त जनशक्ति खटाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

सात एआइजीलाई सात प्रदेश समन्वयको जिम्मा

निर्वाचनमा सात एआइजीलाई सात प्रदेश समन्वयको जिम्मेवारी तोकिएको छ । एआइजी राजन अधिकारीलाई कोशी, डम्बरबहादुर विकलाई मधेश, सिद्धिविक्रम शाहलाई बागमती, डा. मनोज केसीलाई गण्डकी, उमाप्रसाद चतुर्वेदीलाई लुम्बिनी, सुशीलसिंह राठौरलाई कर्णाली र हिमालय श्रेष्ठलाई सुदूरपश्चिम प्रदेशमा समन्वयको जिम्मेवारी दिइएको छ । मतगणना नसकिएसम्मका लागि एआइजीहरूलाई प्रदेशमा समन्वयको जिम्मेवारी तोकिएको छ । आवश्यकताअनुसार प्रदेशमै खटिन सक्ने गरी जिम्मेवारी दिइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

बदलियो चुनावी...

पृष्ठ १ बाट क्रमशः

यसपटकको चुनावमा निकै कम संख्यामा भौतिक रूपमा प्रयोग हुने प्रचारप्रसार सामग्रीको माग भइरहेको छ । लगनखेलस्थित रोजी आर्टका सञ्चालक रोशन श्रेष्ठले यसअघिको चुनावको तुलनामा अहिले भौतिक रूपमा प्रचार सामग्रीको प्रयोग कम हुन थालेको बताए । यसअघि चुनावमा प्रचार सामग्री बेचेर राम्रो आम्दानी गरेका उनको यसपटक भने आम्दानी खासै भएको छैन । 'डिजिटल प्रचारप्रसार बढेपछि भौतिक वस्तुको प्रयोग कम हुन थालेको छ । केही दलले सीमित संख्यामा मात्र झन्डा छाप्न भनेका थिए । ब्याच र टोपीको माग पनि निकै कम छ,' उनले भने, '०७४ र ०७९ को चुनावमा प्रचार सामग्री तयार पार्न भ्याइनभ्याई हुन्थ्यो । अहिले बजार खुम्चिँदो छ । कतिपयले डिजाइन मात्रै गर्नुहुन्छ, प्रिन्ट गर्नुहुन्न । समग्रमा असर हाम्रो व्यापारमा परिरहेको छ ।'

श्रेष्ठका अनुसार यसअघिको चुनावमा पर्चा, पम्प्लेट, ब्यानर, झन्डा, टिसर्ट, टोपी, ब्याच, माइक, स्पिकरजस्ता सामानको बढी माग हुन्थ्यो । तर, अहिले ती सामग्रीको माग न्यून छ । यद्यपि स्पिकर र माइकको भने माग केही बढेको छ । अन्य प्रचारप्रसार सामग्रीको माग घटनुको मुख्य कारण प्रचारप्रसारमा प्रविधि प्रयोग हुनु नै रहेको श्रेष्ठको बुझाइ छ ।

बागबजारस्थित स्मार्ट हाउसका नवीन गौतमका अनुसार दलको झन्डाको तुलनामा राष्ट्रिय झन्डा, त्यसपछि ठुला दलका झन्डा र चुनाव चिह्न भएको प्रचार सामग्रीको माग अलि धेरै छ । तर, अपेक्षाकृत व्यापार छैन । चुनावलाई लक्षित गरेर बनाइएका झन्डा र अन्य प्रचारप्रसार सामग्रीको पनि खासै बिक्री भएको छैन । 'दैनिक रूपमा हुने व्यापारमा भने अरू वेलाभन्दा अहिले बढेको छ । तर, सन्तोषजनक व्यापार भएको छैन । एकातर्फ प्रविधिको बढ्दो प्रयोग छ भने अर्कातर्फ प्रचारप्रसार सामग्री छाप्ने ठाउँहरू पनि धेरै भएर होला,' गौतमले भने, 'यसअघि चुनाव आउनुभन्दा एक महिनाअघिदेखि नै अर्डर आउँथ्यो । तर, अहिले त्यस्तो छैन, निकै कम अर्डर आउने गरेको छ ।'

अर्कोतर्फ निर्वाचन आयोगको प्रचारप्रसारसम्बन्धी आचारसंहिताले पनि सकेसम्म थोरै भौतिक सामग्रीमा जोड दिएको छ । भौतिक रूपमा चुनाव चिह्न भएका सामग्रीहरू बोक्न निर्वाचन आयोगले रोक लगाएको छ । झन्डा र पर्चा-पम्प्लेटबाहेकका अन्य प्रचार सामग्री प्रयोगमा आयोगले रोक लगाएपछि टिसर्ट र टोपीजस्ता वस्तुको माग घटेको छ ।

उम्मेदवारहरूले आफ्ना एजेन्डा छाप्ने र नमुना मतपत्र छाप्ने गरेका कारण त्यसको व्यापार भने केही बढेको व्यापारीको भनाइ छ । 'अहिले आचारसंहिता अलि कडा छ, त्यही कारण पनि प्रचारप्रसार सामग्रीको माग



कम भएको हुनुपर्छ,' बागबजारस्थित आर्ट तथा चुनावी प्रचारप्रसार सामग्री बेच्दै आएका उत्तम विकले भने, 'अहिले बढी बिक्री हुने भनेको राष्ट्रिय झन्डा हो । दल र उम्मेदवारका झन्डा अलि कम बिक्री भइरहेका छन् ।'

कतिपय पार्टीको चुनाव चिह्न भौतिक रूपमा बोकेर हिँडेका कारण त्यसको समेत व्यापार बढेको छ । अहिले घन्टीको माग पनि बढेको व्यापारी बताउँछन् । 'अन्य समयमा मानिसले पूजा गर्दा र मन्दिरमा राख्दा वा चढाउँदा घन्ट किन्थे अहिले प्रचारप्रसारमा समेत घन्टीको प्रयोग हुन थालेपछि घण्टीको व्यापार बढेको छ,' पाटन मंगलबजारका स्थानीय रवीन्द्रराज ताम्राकारले भने, 'चुनाव चिह्न भएका कारण माग बढेको होला ।' यद्यपि, आयोगले भौतिक रूपमा बोकेर हिँड्न नपाइने बताएको छ ।

भर्चुअल माध्यमबाट भोट माग्दै उम्मेदवार

अहिले मतदाता र उम्मेदवारको भेट भौतिक रूपमा मात्रै होइन भर्चुअल रूपमा पनि हुन्छ । उम्मेदवारले भर्चुअल रूपमा पनि भोट माग्ने गरेका छन् । कतिपय उम्मेदवारले विदेशमा रहेका नेपालीलाई आफ्नो चुनावी माहोल सहज बनाइदिन भन्दै भर्चुअल माध्यमबाट सम्पर्क गर्ने गरेका छन् । कतिपयले जुम मिटिङ गर्ने वा लाइभ गर्नेजस्ता तरिका अपनाएका छन् । उनीहरूले भर्चुअल माध्यमकै प्रयोग गरेर विदेशमा रहेका मतदातालाई भोट हाल्न बोलाउने गरेका छन् । अधिकांश उम्मेदवारले सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्महरूमा प्रचार तीव्र पारेका छन् । अझ युवा उम्मेदवारले चुनावी प्रचारप्रसारमा डिजिटल माध्यमको भरपुर प्रयोग गरिरहेका छन् । उनीहरूले डिजिटल कन्टेन्ट बनाएर त्यहीँबाट मतदाताकहाँ आफ्ना सन्देश पठाइरहेका छन् ।

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८२ माघ मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	२०८२ माघ मसान्त रकम (रु.)	२०८२ पौष मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	७,५२८,२७४,९९२	७,३०२,९४५,०११
२	बैंक मुद्दती निक्षेप	-	-
३	ऋणपत्र /बन्ड	३१६,५९१,६७४	३१७,०७८,२८०
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर/अन्य सूचीकृत नभएको	५३८,१९१,९९६	५१२,५९१,९४७
	जम्मा	**८,३८३,०५८,६६२**	**८,१३२,६१५,२३८**
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	८३७,५९७,४०५	८५३,९४३,१३६
२	अन्य सम्पत्ति	१९९,९९३,२६९	१८२,७२४,७९७
	जम्मा	**१,०३७,५९०,६७४**	**१,०३६,६६७,९३३**
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	(३,२६०,२४८,८११)	(२,९८४,२१६,६८६)
	जम्मा	**(३,२६०,२४८,८११)**	**(२,९८४,२१६,६८६)**
	खुद सम्पत्ति (ग्रस)	**६,१६०,४००,५२६**	**६,१८५,०६६,४८५**
१	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	७,०९७,११९	२०,८९९,३८९
२	कोष सुपरिवेक्षक शुल्क	५८७,३४८	१,७२९,६०५
	खुद सम्पत्ति	**६,१५२,७१६,०५९**	**६,१६२,४३७,४९१**
	जम्मा इकाई	५९८,९३५,७८७	५९९,७७८,०६३
	प्रति इकाई खुद मूल्य	**१०.२७**	**१०.२७**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८२ माघ मसान्त रकम (रु.)	२०८२ पौष मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	२८७,१४७,८८४	२४०,०७५,५८१
२	प्राप्त भइ नसकेको आम्दानी	(५०८,३४९,८४२)	(४६७,६५९,५५०)
	जम्मा आम्दानी	**(२२१,२०१,९५८)**	**(२२७,५८३,९६९)**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	३९७,१४१	३४८,६४२
२	योजना लेखापरीक्षण शुल्क	१९५,०४२	१६९,०३६
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	५१,३२१,४८५	४४,२२४,३६६
४	कोष सुपरिवेक्षक शुल्क	४,२४७,२९६	३,६५९,९४८
	जम्मा खर्च	**५६,१६०,९६४**	**४८,४०१,९९२**
	कुल आय/(व्यय)	**(२७७,३६२,९२१)**	**(२७५,९८५,९६१)**

नोट:
- सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएकोछ ।
- योजनाको २०८२ माघ मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.८,८२६,८२९,२१६/- रहेको छ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
	वाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	३३६,१९५	६१,४९०,०६६
२	कुमारी बैंक लिमिटेड	२४६,३०३	४६,३०४,९६४
३	सिद्धार्थ बैंक लिमिटेड	४३३,४००	१६१,००८,१००
४	ग्लोबल आईएमई बैंक लिमिटेड	५१३,७९०	११५,५५१,३७१
५	सानिमा बैंक लिमिटेड	५२२,६७८	१७३,४७६,८२८
६	नबिल बैंक लिमिटेड	२१४,६४१	१०६,२४७,२९५
७	प्राईम कमर्सियल बैंक लिमिटेड	३१७,०९२	९३,०१३,७१२
८	माछापुच्छ्रे बैंक लिमिटेड	५२६,६६७	१२०,६०६,७४३
९	एनआईसी एसिया बैंक लिमिटेड	१२२,८५३	४०,५२९,२०५
१०	नेपाल बैंक लिमिटेड	३०१,३५७	७३,५००,९७२
११	एन एम बि बैंक लिमिटेड	५४५,०५६	१२७,५४३,१०४
१२	एभरेष्ट बैंक लिमिटेड	१५६,२४९	१०४,१२४,३३४
१३	स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड	३९६,९८३	२५३,११६,३६१
१४	लक्ष्मी सनराईज बैंक लिमिटेड	३४४,०५२	७१,२१८,७६४
१५	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	५०,०००	५,०००,०००
१६	नेपाल एसबिआई बैंक लिमिटेड	२०१,२८७	८०,८१६,७३१
	विकास बैंक समूह		
१	मुक्तिनाथ विकास बैंक लिमिटेड	९४,८८१	३४,६१२,५८९
२	गरिमा बिकास बैंक लिमिटेड	५९२,५९७	२३६,२६८,४२४
३	महालक्ष्मी बिकास बैंक लिमिटेड	३३,४६५	१२,३८५,३९७
४	शाइन रेशुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	५३८,१०५	२१९,५४६,८४०
५	कामना सेवा विकास बैंक लिमिटेड	३२७,०२८	१४९,४१९,०९३
६	लुम्बिनी विकास बैंक लिमिटेड	११३,६८७	५४,२१७,३३०
७	साङ्ग्रिला डेभलपमेन्ट बैंक लिमिटेड	१३०,१७५	५४,४१३,१५०
	फाइनान्स समूह		
१	आईसिएफसि फाइनान्स लिमिटेड	१५४,१२४	१००,३६५,५४९
२	गुडविल फाइनान्स कम्पनी लिमिटेड	८५,०२७	५४,५०२,३०७
३	मञ्जुश्री फाइनान्स लिमिटेड	८७,६८८	६८,३००,१८३
४	गुहेश्वरी फाइनान्स लिमिटेड	२१,५२९	१०,०७३,४१९
	जलविद्युत समूह		
१	चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड	२७०,६२३	१२९,०८७,१७१
२	सानिमा माई हाईड्रोपावर लिमिटेड	११९,२३१	१०५,७३१,६२०
३	सान्जेन जलविद्युत् कम्पनी लिमिटेड	९,९२७	३,१७५,६४७
४	अपि पावर कम्पनी लिमिटेड	१९३,९३८	५८,७६३,२१४
५	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१८९,३६३	१०९,५०८,६२३
६	रु.रु जलविद्युत परियोजना लिमिटेड	२५,९१८	१७,०२८,१२६
७	साहस उर्जा लिमिटेड	१८३,०३३	१०२,३१५,४४७
८	अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेड	६,९९६	३,९२७,७६०
९	सयपत्री हाईड्रोपावर लिमिटेड	११,०१५	१०,५५३,३२५
१०	पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड	५९,१५५	१८,५७४,६७०
११	सुपर माई हाइड्रोपावर लिमिटेड	९,७७३	४,५३४,६७२
१२	डाँदी ग्रुप पावर लिमिटेड	५,६२६	२,४४१,६८४
१३	सानिमा मिडल तमोर हाईड्रोपावर लिमिटेड	५६,५५३	२४,६११,८६६
१४	माथिलो मैलुन खोला जलविद्युत लिमिटेड	१५,५०९	९,०४१,७४७
१५	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	११,२३६	६,४०४,५२०
१६	कालिका पावर कम्पनी लिमिटेड	१	५३५
१७	सान्भि इनर्जी लिमिटेड	४,३३३	३,६१८,०५५
१८	विकास हाईड्रोपावर कम्पनी लिमिटेड	५,२७४	३,१०१,११२
१९	हिम स्टार उर्जा कम्पनी लिमिटेड	१,३८७	१,३२५,५७२
२०	रादी पावर कम्पनी लिमिटेड	२३,७९२	२०,१०४,२४०
२१	मबिलुङ्ग इनर्जी लिमिटेड	२,२३७	१,६८८,९३५
२२	दरमकोला हाईड्रो इनर्जी लिमिटेड	४,३४३	३,१३१,३०३
२३	बुङ्गल हाईड्रो लिमिटेड	३,०८५	१,९९५,९९५
	जीवन बीमा समूह		
१	नेपाल लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	९९,९४३	७५,३५७,०२२
२	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	८५,५९१	७१,४६८,४८५
३	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६९,४५०	४०,६२८,२५०
४	एसियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१६०,४०४	७१,५२४,१४४
५	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	७०,५५३	३०,७६१,१०८
६	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	१३९,९५६	५०,६७८,०६८
७	आइ एम इ लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१४५,८७२	६३,७७९,८२६
८	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	७९,२७७	३१,०७६,५८४
९	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१३६,६६८	६२,१८३,९४०
१०	सन नेपाल लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	११०,९०५	५०,६७२,४९५
११	सिटीजन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१२१,५६१	५६,४०४,३०४
१२	गार्डियन माइको लाइफ इन्स्योरेन्स लिमिटेड	३,७५०	६,५४३,७५०
१३	क्रेष्ट माइको लाइफ इन्स्योरेन्स लिमिटेड	३,५१५	५,०८६,२०५
१४	प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	७,१७९	३,५३९,२४७
	निर्जिवन बीमा समूह		
१	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	१३०,१९०	७९,२८५,७१०
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	९६,१२६	४७,६७८,४९६
३	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	४०,२४०	२०,२००,४८०
४	राष्ट्रिय बिमा कम्पनी लिमिटेड	२,४४५	३७,१६४,०००
५	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	१४३,७९२	९९,९२१,०६१
६	आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	५८,२५१	२४,७९१,६२६
७	प्रभु इन्स्योरेन्स लिमिटेड	१२९,०६४	९३,३१३,२७२
८	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१४७,५६५	९९,७५३,९४०
९	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	३४,९६६	२०,७४५,३२८
१०	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड (संस्थापक सेयर)	२३,०८०	७,०३९,४००
११	नेपाल माइको इन्स्योरेन्स कम्पनी लिमिटेड	३,५१५	४,६२२,२२५
१२	राष्ट्रिय बिमा कम्पनी लिमिटेड (संस्थापक सेयर)	२११	२,५३२,०००
	लघुवित्त समूह		
१	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	३३१,६२१	३०४,८२६,०२३
२	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१८०,०१५	१५०,६५४,५५४
३	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	२०४,५४१	१५६,१६७,०५४
४	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	१८५,१०४	१२९,३८७,६९६
५	स्वालम्बन लघुवित वित्तीय संस्था लिमिटेड	१२३,६०७	९०,५९१,५७०
६	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	११६,८९३	९२,२२८,५७७
७	स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड	८,४४०	६,९५४,५६०
८	ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	२८,४६६	२१,६३४,१६०
९	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (संस्थापक)	२६,३७२	१५,८२३,२००
१०	नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड	६७,९३८	४२,२५७,४३६
११	आर.एस.डि.सि. लघुवित्त वित्तीय संस्था लिमिटेड	३५,५०८	२३,२२५,७८३
१२	ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,९३६	१२,१४५,५२२
१३	कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड	१३,३७९	१२,२६८,५४३
१४	नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड	१००,४९६	७७,१८०,९२८
१५	हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड	५०,४४१	४५,६४९,१०५
१६	सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड	३३,४१२	२९,०६८,४४०
१७	स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड	३४४	९८७,२८०
	होटेल तथा पर्यटन समूह		
१	चन्द्रागिरी हिल्स लिमिटेड	६८,२४२	५६,२९९,६५०
२	सोल्टी होटल लिमिटेड	३८४,०२२	१८८,७४६,८१३
३	तारागाउँ रिजेन्सी होटल लिमिटेड	१०८,२६५	८१,९५६,६०५
४	बन्दिपुर केबलकार एण्ड टुरिजम लिमिटेड	७,८७१	७,३५९,३८५
	उत्पादन तथा प्रशोधन समूह		
१	शिवम् सिमेन्ट्स लिमिटेड	४४३,०५९	२७१,१५२,१०८
२	हिमालयन डिष्टिलरी लिमिटेड	१६,६२९	१८,९१५,४८८
३	सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड	३१,६५२	१३,५७८,७०८
४	बोटलर्स नेपाल (तराई) लिमिटेड	३,०६०	३५,८०२,०००
५	सर्वोत्तम सिमेन्ट्स लिमिटेड	१८२,४९३	१५८,४०३,९२४
६	ओम मेगाश्री फार्मा लिमिटेड	२,९२६	३,९००,३५८
७	सागर डिष्टिलरी लिमिटेड	२,२८७	४,४९३,९५५
८	युनिलिभर नेपाल लिमिटेड	७११	३३,१३२,६००
९	श्रीनगर एग्रिटेक इन्डष्ट्रिज लिमिटेड	४,६०७	६,४६३,६२१
१०	एसवाई प्यानल नेपाल लिमिटेड	७,००२	१३,२४७,७८४
	सामुहिक लगानी कोष समूह		
१	एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड	४८९,०००	४,४७९,२४०
२	सानिमा ग्रोथ फण्ड	६००,०००	५,९२२,०००
३	सनराइज फोकस्ड ईक्वीटी फण्ड	१,२४३,६००	११,१८७,२८०
४	प्रभु स्मार्ट फण्ड	२००,०००	२,२५४,०००
५	आरबिबि म्युचुअल फण्ड - २	६३८,७००	६,५०१,९६६
६	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम ३	२३३,०००	२,४११,५५०
७	सिटिजन्स् सुपर ३० म्युचुअल फण्ड	७३१,०००	७,०९८,०१०
८	लक्ष्मी भ्यालु फण्ड २	४७९,०००	४,६१७,५६०
९	हिमालयन ८०-२०	८००,०००	९,१३६,०००
१०	एनआईसी एसिया ग्रोथ फण्ड - २	२,५००,०००	२२,९७५,०००
११	कुमारी सबल योजना	१,६५०,०००	१५,८०७,०००
१२	मुक्तिनाथ म्युचुअल फण्ड - १	२५०,०००	२,४२५,०००
१३	गरिमा समृद्धि योजना	१,०००,०००	९,६५०,०००
१४	एन एम बि हाईब्रिड एल फण्ड - २	६००,०००	५,६७०,०००
१५	एमबीएल ईक्वीटी फण्ड	३००,०००	३,०२७,०००
१६	रिलायबल समृद्धि योजना	३००,०००	२,९३४,०००
१७	ग्लोबल आईएमई समुन्नत योजना २	१,५००,०००	१४,२९५,०००
१८	एच एल आई लार्ज क्याप फण्ड	१,०००,०००	९,२५०,०००
	लगानी समूह		
१	नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड	२०२,७३५	५३,११६,५७०
२	नागरिक लगानी कोष	१००,०७६	१७५,७३३,४५६
३	हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (संस्थापक सेयर)	६९३,०१३	१३३,९५९,४१३
	अन्य		
१	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	१५६,४३५	१९५,८५६,६२०
२	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	३२३,१८४	२७२,५४१,०६७
३	झापा इनर्जी लिमिटेड	८४७	१,१०१,१००
	ट्रेडिङ		
१	साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड	४,५१४	२५,०५२,७००
	कुल		**७,५२८,२७४,९९२**

कोष प्रवर्द्धक:
NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाण्डौ ।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
Email: info@nimb.com.np, Website: www.nimb.com.np

योजना व्यवस्थापक
NIMB ACE CAPITAL LIMITED
एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ०१-५९७१२३३
Email: info@nimbacecapital.com, Website: www.nimbacecapital.com

चुनावमा विदेशबाट...

पृष्ठ १ बाट क्रमशः

'अहिले पर्यटकीय सिजन सुरु भएको छ । पर्यटकीय सिजनमा हवाई टिकटको माग बढी हुन्छ,' उनले भने, 'त्यसमाथि अहिले चुनावका कारण प्रवासमा रहेका नेपालीहरू स्वदेश आउने क्रम बढेकाले टिकटमा उच्च चाप देखिएको छ । दोहोरो चापले यतिवेला टिकट पाउनै मुस्किल छ ।'

नाट्टाकै पूर्वअध्यक्ष ध्रुव श्रेष्ठले नेपालीहरू स्वदेश फर्कने चाप र पर्यटकीय सिजनका कारण समयमा टिकट नपाउँदा मूल्य अकासिएको बताए । 'अन्य रुटको तुलनामा नेपाल आउने टिकटको भाउ अचाक्ली महँगो भएको छ, दोब्बरसम्म पुगिसक्यो भाउ,' उनले भने, 'यसलाई नियन्त्रण गर्न कसैले चासो दिएको छैन । भाउ नियन्त्रणमा चासो नदिए पर्यटक आगमनमा समेत असर पर्न सक्छ ।'

रोजगारीका लागि भारत गएकाहरू चुनावका लागि स्थलमार्ग हुँदै धमाधम फर्किरहँदा भोट हाल्नकै लागि भनेर तेस्रो मुलुकबाट फर्किएकाहरू पनि विमानस्थलमा भेटिन्छन् । पूर्वनिर्धारित योजनाअनुसार नै घर फर्किनेहरू स्वतः धेरै छन्, तर कतिपय भोट हाल्नकै लागि समय मिलाएर आएका छन् । फर्किनेहरू अधिकांशमा चुनावी उत्साह देखिन्छ । त्रिभुवन विमानस्थलमा विदेशबाट फर्किएकाहरूलाई भेट्दा यस्तै बुझिन्छ ।

मंगलबार दिउँसो मलेसियाबाट आएको 'बाटिक एयर'को विमान ल्यान्ड भएपछि केही समयमा यात्रुहरू बाहिरिन थाले । सुटकेट गुडाउँदै बाहिरिनेहरूको भिडमा भेटिए सुनसरीका मनोजकुमार यादव । आफ्ना दुवै सुटकेसमा उनले रास्वपा वरिष्ठ नेता बालेन साहको तस्बिर टाँसेका थिए । आफू ९ वर्षदेखि मलेसियामा रोजगारी गर्दै आएको र यसपटक भोट हाल्नकै लागि चुनावको छेको पारेर घर फर्किएको बताए ।

'अहिले घर फर्किने पूर्वनिर्धारित योजना थिएन । चुनाव हुने निश्चित भएपछि भोट हाल्नकै लागि फर्किएको हुँ,' उनले भने, 'यसपालि पुराना दल र नेतालाई भोट दिन मन छैन । तिनीहरूले टेन्सन दिइसके । अब नयाँलाई भोट हाल्ने हो ।'

रोजगारी खोज्दै बिदेसिनुपर्ने बाध्यता नयाँ दलले हटाउने र देशभित्रै काम पाउने वातावरण निर्माण गर्ने उनको आशा छ । 'नयाँ आएपछि नयाँ वातावरण भइहाल्छ । हामी काम खोज्दै परदेश जानुपर्दैन भन्ने अपेक्षा छ । स्वदेशमै काम भए दुःख गर्न विदेश जानुपर्दैन भन्ने हो,' उनले भने ।

११ वर्षदेखि मलेसियामै कार्यरत बुटवलका दिलबहादुर पुन पनि भोट हाल्ने उद्देश्यले स्वदेश आएका छन् । उनी पनि परिवर्तनको पक्षमा रहेको बताउँदै थिए । 'नयाँ दल सरकारमा आएर देशको विकास र समृद्धिका लागि केही गर्छ कि भन्ने हो । विदेशमा यत्रो दुःख गरेर बसिरहने दाजुभाइ हुनुहुन्छ, स्वदेशमै रोजगारी पाए हामीलाई पनि राम्रो हुन्थ्यो भन्ने हो,' उनले भने । तर, नयाँ दल र नेता कसलाई चुन्ने भन्नेमा पनि निर्णयमा पुगिसकेका छैनन् । 'देशको अवस्था यस्तो बिजोग भइसक्यो । नयाँ मान्छेले केही गर्छन् कि भन्ने आस हो,' उनले भने, 'भोटचाहिँ बुझेर दिन्छु । भर्खर आएको छु, सोचेर र बुझेर दिन्छु ।'

कुवेतबाट फर्किएका काठमाडौं सतुंगलका दुर्गाप्रसाद पाण्डे पनि विमानस्थलमै भेटिए । उनी रोजगारीका लागि कुवेत गएको ६ महिना मात्रै भएको रहेछ । भोट हाल्नकै लागि ६ महिनामै फर्किएको र नयाँ दल रोज्ने उनले सुनाए । 'चुनावमा भोट हाल्नकै लागि छुट्टी मिलाएर आएको हुँ । नयाँ दललाई नै भोट हाल्छु,' उनले भने, 'पहिलेका दलभन्दा अहिलेको नयाँले अलि राम्रो गर्छ कि भन्ने विचार हो ।'

कतारमा १८ वर्षदेखि रोजगारी गर्दै आएका बारा, कलैयाका विनोद चपर्नियालाई यसपटकको निर्वाचनमा प्रवासमा बसिरहन मन लागेन । उनी पनि मंगलबार घर फर्किसकेका छन् । 'भोट हाल्नकै लागि भनेर काम छाडेर आएको छु । देशको स्थिति खराब भइसक्यो,' उनले भने, 'त्यसैले पुरानालाई फालेर नयाँ दल ल्याउनुपर्छ, यसमा मेरो पनि योगदान हुन्छ भनेर आएको हुँ ।'

उनीसँगै कतार एयरवेजबाटै काठमाडौं ओर्लिएका उदयपुर गाईघाटका राम रायमाझी पनि भेट भए । उनी खासमा अस्ट्रियाबाट फर्किएका रहेछन् । सुरुमा क्रोएसिया पुगेको र पछि उतैबाट अस्ट्रिया गएर काम गरेको उनले बताए । 'म चुनावमा भोट हाल्नकै लागि आएको हुँ । बालेन र रविले देशका लागि केही गर्छन् कि भनेर मत दिन आएको हुँ,' उनले भने ।

उनले भोटका कुरा मात्रै गरेनन्, विदेशमा नेपालीको बिग्रिँदो छविबारे पनि सुनाए । नेपाली भएकै कारण विदेशमा रोजगारदाताले काम नै नदिने स्थिति निम्तिएको गम्भीर अवस्था दर्शाए । 'विदेशको कुनै ठाउँमा काम खोज्दै जाँदा नेपाली नागरिक हो भन्यो भने काममा राख्न मान्दैनन्, अब भन्नुस् नेपाललाई कुन हालतमा पुऱ्याइएको छ ?' उनले भने ।

क्रोएसियामा काम नपाएर धेरै नेपालीले दुःख पाइरहेको उनले जानकारी दिए । 'नेपालमा दलालले १५-२० लाख रुपैयाँ लुटेर पठाएको छ, सबै ऋण गरेर गएको रकम हो । उता काम पाएको छैन, जसकारण डिप्रेसनमा पुगेर धेरै मानिसको बेहाल छ,' उनले भने, 'त्यसैले यी सबै समस्या हल गर्ने गरी देश परिवर्तन गर्न चुनावमा भोट हाल्नुपर्छ भन्ने लाग्यो । अनि ११ सय युरोको महँगो टिकट काटेर आएँ ।'

उनले विदेशमा रहेका अन्य नेपालीलाई पनि चुनावमा स्वदेश आउन अनुरोध गरेका छन् । युवा जागेपछि देश बन्ने भन्दै मुलुकलाई लुट्न खोज्ने प्रवृत्तिविरुद्ध मत हालेर लड्नुपर्ने उनको बुझाइ छ । 'भोट हालेर देश परिवर्तन गर्ने हो, लुटेराहरूलाई देशबाट खेद्ने हो । विदेशमा हाम्रो त अस्तित्व नै छैन,' उनले भने, 'मेरो विचारमा विदेशमा रहेका सबै नेपाली अहिलेको चुनावमा भोट हाल्नका लागि फर्किनुपर्छ । कति पैसा कमाइयो, गुमाइयो, यो आफ्नो ठाउँमा छ । तर, अहिलेको चुनावमा देश फर्किनुस् । खाडी मुलुकबाट आउनेलाई त टिकट पनि सस्तो पर्छ ।'

नयाँ दलले देशभित्र रोजगारी गरेर बस्ने वातावरण मात्रै बनाइदिए पनि पुग्ने उनले बताए । 'हामीलाई देशमै काम गरेर खान पाउने वातावरण भए पुग्छ,' उनले भने । २१ वर्षको उमेरमा काम खोज्दै बिदेसिएको र अहिले ३६ वर्ष भइसक्दा पनि देश फर्कने वातावरण नभएकोमा उनको चित्त दुखाइ छ ।

चुनावका लागि विदेशबाट फर्किने युवाहरूको भिडमा बैतडीका धीरेन्द्रबहादुर चन्द पनि थिए । उनले भने सुटकेसमा पूर्वराजा ज्ञानेन्द्र शाहको तस्बिर टाँसेका थिए । राजतन्त्रप्रतिको श्रद्धाका कारण पूर्वराजाको फोटो टाँसेको उनले सुनाए ।

देउवाको नाममा...

पृष्ठ १ बाट क्रमशः

रहेको सन्देश दिएका छन् । यति मात्र होइन महरले सभापति थापाको तस्बिरसमेत कतै प्रयोग गरेका छैनन् । बरु महरले देशभर थापा नेतृत्वको कांग्रेस र धेरैजसो उम्मेदवारबाट 'ब्ल्याकआउट' गरिएका देउवालाई चुनावी पोस्टरमा राखेका छन् । महरको चुनावी प्रचार कांग्रेसभित्र मात्र होइन चुनावी राजनीतिमा नजर राख्ने सबैका लागि चासोको विषय बनेको छ ।

'जोडबल'ले सभापतिबाट अपदस्त गरिएको भन्दै देउवा वर्तमान नेतृत्वप्रति असन्तुष्ट छन्, सोहीकारण निर्वाचनमा निष्क्रिय र मौन छन् । निर्वाचनको सुरुवाती दिनमा थापा पक्षधर कांग्रेस नेताहरूले देउवाको 'फेसभ्यालु' प्रयोग गरेर पार्टीको पक्षमा नतिजा ल्याउन कोसिस गर्ने दाबी गरेका भए पनि यो सम्भव भएको छैन ।

बरु, २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनको मौन अवधि सुरु हुन एक साता मात्र बाँकी रहँदा कांग्रेस निवर्तमान सभापति देउवा पार्टीको चुनावी प्रचारमा देखिएका छैनन् । कांग्रेस विशेष महाधिवेशनले थापालाई सभापति चयन गरेपछि पदच्यूत देउवा मतदान गर्न गृहजिल्ला डडेल्धुरा जाने/नजाने पनि अहिलेसम्म यकिन छैन । तर, देउवाकै गृहजिल्लामा उनकै नाममा मत मागिएको छ ।

डडेल्धुरामा कांग्रेसका उम्मेदवार महर सामाजिक सञ्जालमा गरिने पोस्ट र चुनावी कार्यक्रमका ब्यानरमा देउवाको तस्बिर छुटाउँदैनन् । पोस्टर र ब्यानरमा उनले देउवाकै तस्बिरलाई 'ब्रान्डिङ' गरेर मत मागिरहेका छन् । चुनावी कार्यक्रममा पनि उनले देउवाको प्रतिनिधिका रूपमा आफूलाई उभ्याउने गरेका छन् ।

बहालवाला सभापतिको उपेक्षा गरेर देउवालाई 'ब्रान्डिङ' गर्दै किन मत माग्दै छन् महर ? जवाफमा भन्छन्, 'यो उहाँ (देउवा) प्रतिको आस्था र सम्मान हो । कसैको तस्बिर बलपूर्वक राखिँदैन, मायाले राखिने हो । उहाँले पठाएर, सल्लाह गरेर नै म चुनाव लड्न आएको हुँ ।'

महर पार्टीमा देउवा खेमाकै नेता हुन् । देउवाको अनुपस्थितिमा यसपालिको चुनावमा डडेल्धुरामा कांग्रेसलाई विरासत जोगाउने चुनौती छ । डडेल्धुराबाट ०४८ सालयताका सातवटै संसदीय चुनावमा अपराजित रहेर देउवाले इतिहास रचेका थिए । देउवा चुनावी प्रचारमा समेत नदेखिँदा प्रमुख दल कांग्रेसको विरासत भत्काउने दाउमा छन् ।

राजनीतिक मामलाका जानकारहरू देउवालाई आफ्नो राजनीतिक आदर्शका रूपमा उनकै तस्बिरसहित मत मागिरहेका महरले दुई सन्देश दिएका छन् । पहिलो-महरले देउवाप्रति आफ्नो निष्ठा प्रस्ट पारिरहेका छन् र दोस्रो-कांग्रेसभित्रको गुटगत समीकरण अझै जीवित रहेको संकेत दिइरहेका छन् । यसबाहेक देउवालाई अगाडि सारेर डडेल्धुरामा निर्वाचन जित्ने महरको मुख्य रणनीति हुन सक्छ ।

जिल्लामा मात्र होइन देउवा गृहप्रदेशमै चुनावी प्रचारमा नदेखिए पनि यहाँ कांग्रेसका उम्मेदवार चुनावी प्रचारका ब्यानरमा उनको तस्बिर राखेर मतदातासँग मत मागिरहेका छन् । कांग्रेसबाट कञ्चनपुर ३ का उम्मेदवार हरि बोहरा र बैतडीका उम्मेदवार चतुरबहादुर चन्द पनि देउवाको तस्बिरसहितका चुनावी ब्यानर, पोस्टरलगायत प्रचार सामग्री लिएर मतदाताको घरदैलो पुगिरहेका छन् । पार्टी र देशका लागि योगदान दिएको व्यक्ति भएकाले देउवाको सम्मानस्वरुप चुनावी प्रचार सामग्रीमा उनको तस्बिर राख्ने गरेको बोहराले बताए । 'उहाँ चुनावमा नआउँदा पार्टीलाई केही असर छ, पर्छ नै,' बोहराले भने, 'हामीलाई त आइदिए हुन्थ्यो भन्ने नै छ ।'

१६ निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिमभरि कांग्रेसमा देउवा पक्षको बलियो पकड छ । तर, विशेष महाधिवेशनमार्फत देउवा सभापतिबाट हटाइँदा यसपालि टिकट वितरणमा पनि यहाँ उनको पक्ष उपेक्षामा पऱ्यो । कञ्चनपुर २ बाट उम्मेदवार बनेका एनपी साउद, कैलाली ४ मा गोरखबहादुर विष्ट 'आनन्द' र अछाम २ बाट पुष्पबहादुर शाह देउवानिकट हुन् । डडेल्धुरामा देउवानिकट महर प्रतिस्पर्धामा छन् । अरू सबै क्षेत्रमा संस्थापन पक्षकालाई उम्मेदवार बनाइएको छ । देउवा मात्रै होइन, उनका विश्वास पात्र मानिने नेता रमेश लेखकले कञ्चनपुर ३ बाट टिकट पाएनन् । यहाँ हरि बोहरा उम्मेदवार बनेका छन् ।

चुनावमा देउवाको अनुपस्थिति खड्किए पनि आफ्नो उम्मेदवारीलाई लिएर जनतामा कुनै दुविधा नरहेको महरले बताए । 'उहाँ आइदिएको भए हुन्थ्यो भन्ने छ । त्यत्रो घटनाबाट बचेका नेतालाई जनता भेट्न, देख्न चाहन्छन्,' महरले भने, 'तर उहाँले नलड्ने भनिसकेपछि सहमतिमै म चुनाव लड्न आएको हुँ । डडेल्धुराका जनताको कांग्रेसप्रतिको विश्वास उस्तै छ ।'

कांग्रेस डडेल्धुराका सभापति भीमबहादुर साउद डडेल्धुरामा देउवाको विरासत जोगाउन कांग्रेस सक्षम रहेको दाबी गर्छन् । देउवा आउने/नआउनेबारे भने यकिन नरहेको उनले बताए ।

कैलाली ५ बाट उम्मेदवारसमेत रहेका कांग्रेस सुदूरपश्चिम प्रदेश समितिका महामन्त्री नरनारायण शाह 'मनु' निवर्तमान सभापति देउवालाई यहाँ ल्याउने प्रयास भइरहे पनि चुनावी प्रचारमा आउने तय भइनसकेको बताए । देउवा चुनावमा नआउँदा सुदूरपश्चिममा स्वाभाविक रूपमा कांग्रेसलाई असर पर्ने उनको बुझाइ छ ।

'यहाँका उम्मेदवारले उहाँलाई प्रदेशका सबै निर्वाचन क्षेत्रमा पुगिदिन आग्रह गरेका हौँ, तर उहाँ विभिन्न कारणले आउन सक्नुभएन,' शाहले भने, 'उहाँ नआउँदा असर त पर्छ नै । सबैभन्दा ठुलो असर डडेल्धुरामा पर्छ ।' सुदूरपश्चिममा चुनावमा कांग्रेस धेरै उत्साहित र धेरै निराश हुनुपर्ने स्थितिमा नरहेको उनले बताए । 'केन्द्रदेखि नै पार्टीमा सबै कुरा मिलाएर लगेको भए झनै राम्रो परिणाम आउन सक्थ्यो होला,' शाहले भने ।

विगतका निर्वाचनमा यहाँ कतिपय ठाउँमा चुनावी सभामा देउवा पुग्थे । देउवापत्नी आरजु राणा पनि निर्वाचनमा खटिएकी हुन्थिन् । निकट उम्मेदवारले ब्यानर र पोस्टरमा देउवाको पनि तस्बिर राखेर आन्तरिक एकता रहेको सन्देश दिन र कांग्रेसप्रति आस्था राख्नेहरूले मत जोगाउन खोजेको देखिन्छ । कतिपय उम्मेदवारले चुनावी सभा र घरदैलो कार्यक्रमका ब्यानरमा सभापति थापासँगै देउवाको पनि तस्बिर राख्ने गरेका छन् ।

०७९ को निर्वाचनमा तत्कालीन माओवादी र एकीकृत समाजवादीसँगको गठबन्धनमा कांग्रेसले सुदूरपश्चिमका १६ मध्ये आठ सिट जितेको थियो । यसपालि कांग्रेस प्रदेश सभापति वीरबहादुर बलायरले यो निर्वाचनमा देउवाको अभाव खड्किए पनि जनतामा कांग्रेसप्रतिको विश्वास कायमै रहेको बताए । हुन त बलायरले कैलाली ४ बाट टिकट पाएका थिए । तर, अन्तिम समयमा आएर उनले चुनाव नलड्ने घोषणा गरेका थिए ।

यो निर्वाचनमा सुदूरपश्चिममा कुल १७ लाख १६ हजार ६६० मतदाता छन् । ४२ हजार ३१ मतदाता यसपटक नयाँ थपिएका हुन् । गृहप्रदेशमै चुनावमा देउवाको निष्क्रियता र टिकट वितरणमा प्रदेशभरि नै उपेक्षामा पर्दा चुनावमा कांग्रेसलाई त्यसको असर कति पर्ला त्यो चुनावको नतिजापछि नै थाहा होला ।

अनलाइन...

पृष्ठ १ बाट क्रमशः

बाँकी छरिएको अवस्थामा छन् । परराष्ट्रका अनुसार उद्धारको पर्खाइमा रहेकामध्ये कम्बोडियाको अध्यागमन हिरासतमा ३० जना र म्यानमारको जेलमा १८ जना नेपाली छन् ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले कम्बोडियामा, म्यानमारमा र थाइल्यान्डलगायत ठाउँबाट गरी जम्मा ३०९ जना नेपाली उद्धारको पखाईमा रहेको बताए । आकर्षक रोजगारीको प्रलोभनमा थाइल्यान्ड, म्यानमार, लाओस, कम्बोडिया कम्बोडियाको सीमाक्षेत्रको दुर्गम जंगल क्षेत्र गोल्डेन ट्र्यांगलमा सञ्चालित गैरकानुनी अनलाइन ठगीधन्दामा पुऱ्याइएका नेपालीहरूको संख्या ठुलो रहेको प्रवक्ता क्षेत्रीले बताए । 'ठुलो संख्यामा नेपाली नागरिक म्यानमार, कम्बोडिया, लाओसको सीमाक्षेत्रमा सञ्चालित गैरकानुनी अनलाइन ठगीधन्दा रहेको क्षेत्रमा हुनुहुन्छ भन्ने छ । तर, संख्या यकिन हुन सकेको छैन किनभने त्यहाँका अनलाइन धन्दा पनि गैरकानुनी छ, मानिसहरू पनि गैरकानुनी रूपमा पुगेका छन्,' प्रवक्ता क्षेत्रीले भने ।

परराष्ट्र मन्त्रालयको दक्षिणपूर्वी महाशाखा प्रमुख सहसचिव प्रकाश अधिकारीले थाइल्यान्ड र म्यानमारस्थित नेपाली दूतावासको सम्पर्कमा आएका उनीहरूलाई उद्धार गर्न बजेट र कर्मचारी अभावका कारण कठिन भएको बताए । 'हामीसँग स्रोत (बजेट) र कर्मचारी उपलब्ध भए नेपालीहरूको शीघ्र उद्धार गर्न सकिन्छ । अहिले स्थानीय एनजिओमार्फत उद्धार गर्दा समय लागेको छ । अन्तरमन्त्रालय समन्वय पनि प्रतिफल आउने गरी हुन सकेको छैन,' सहसचिव अधिकारीले भने ।

उनका अनुसार भूगोलका कारण पनि डिजिटल धन्दामा लगिएकाहरूको उद्धारमा कठिनाइ रहेको सुनाए । 'सन् २०२२ देखि हामीले नेपालीहरूको उद्धार गरिरहेका छौँ । गैरकानुनी रूपमा त्यो ठाउँमा नजान पाँचपटक ट्राभल एड्भाइजरी जारी गरिसकेका छौँ, १२ पटक प्रेस विज्ञप्ति जारी गरिसकेका छौँ,' सहसचिव अधिकारीले भने, 'तर पनि नेपालीहरू गइरहेको अवस्था छ । थाइल्यान्ड, म्यानमार, लाओस, कम्बोडिया सीमाक्षेत्रको निर्जन जंगलमा गैरकानुनी अनलाइन डिजिटल धन्दामा लगिएका नेपालीहरूको उद्धार कठिन भएको छ ।'

थाइल्यान्ड र म्यानमारस्थित नेपाली राजदूतावासले सम्बन्धित देशका अधिकारीहरूसँग नेपालीहरूका बारेमा चासो राखेका छन् । तर, अनलाइन ठगी धन्दा भएका ठाउँमा सरकारी पहुँच नहुँदा पनि समस्या भएको अधिकारीले बताए । 'म्यानमारको म्याओडी भन्ने ठाउँमा एउटा ठगी धन्दामा नेपालीहरू रहेको अनुमान छ । तर, त्यहाँ म्यानमार सरकारकै पहुँच छैन, विद्रोही समूहको नियन्त्रण छ । म्यानमारको यांगुनबाट म्याओडी पुग्न १२ घण्टा कच्ची सडकमा जानुपर्छ । नेपालीहरू राखिएको जेल पनि यांगुनबाट ८ घण्टाको यातायात दूरीमा छ,' अधिकारीले भने ।

गोल्डेन ट्र्यांगलमा सञ्चालित गैरकानुनी अनलाइन स्क्यामिङ धन्दामा ३७ देशका ६० हजार कार्यरत रहेको अनुमान छ । उनका अनुसार भारत, युएई, मलेसिया, थाइल्यान्डबाट त्यहाँ नेपालीहरू पुगेका छन् ।

म्यानमारमा गैरकानुनी रूपमा प्रवेश गरेको अभियोगमा १८ नेपालीले अहिले १ वर्षको कैद सजाय भुक्तान गरिरहेको अधिकारीले बताए । 'गैरकानुनी रूपमा प्रवेश गरेको अभियोगमा नेपालसहित १७ देशका ४९५ जना नागरिकलाई एक वर्ष जेल सजाय दिइएको रहेछ, म्यानमारसँग कूटनीतिक प्रयास गरेपछि नेपालीहरूलाई माफी दिएर फर्काउन म्यानमार सरकारले सहमति जनाएको छ,' अधिकारीले भने ।

श्रम आप्रवासन तथा नेपाली डायस्पोरा समन्वय महाशाखा प्रमुख सहसचिव पुष्पराज भट्टराईका अनुसार वैदशिक रोजगारीमा गएका नेपालीहरूलाई उद्धार गर्न श्रम मन्त्रालयअन्तर्गतको कोषको रकम खर्च गर्न अप्ठेरो छ । 'श्रम स्वीकृति लिएकाहरूको हकमा कोसबाट खर्च गर्न पाइने नियम छ, श्रम स्वीकृत नलिएकाहरूको हकमा पाइँदैन,' भट्टराईले भने, 'कम्बोडियाबाट उद्धारका लागि नेपालीहरूले अनुरोध गरेका छन् । तर, कर्मचारी पठाउन समस्या छ । बैंककस्थित दूतावासमा बजेट छैन । कर्मचारी र बजेट भएको अवस्थामा पनि उद्धार प्रक्रिया लामो र जटिल छ ।'

ठगी धन्दामा पुगेकाहरूको फोन र राहदानी खोसिएको छ । 'उनीहरू अरूको फोनबाट सम्पर्क गर्छन्, यस्तो ठाउँमा छौँ, उद्धार गरिदिनुपऱ्यो भन्छन् । तर, त्यहाँ पुग्न कठिन छ । बाटो राम्रो छैन, कर्मचारीको पर्याप्त संख्या छैन, बजेट छैन,' भट्टराईले भने ।

वैदेशिक रोजगार विभागका अनुसार म्यानपावरमार्फत १०४ देशमा नेपालीहरू श्रमका लागि जान पाउँछन् भने व्यक्तिगत श्रम स्वीकृति लिएर १८४ देशमा जान पाउँछन् । व्यक्तिगत श्रम स्वीकृति लिएर म्यानमार गएको भेटिएको सहसचिव भट्टराईले बताए ।

नेपाल प्रहरीको मानव बेचबिखन ब्युरोले म्यानमारबाट बैंकक हुँदै नेपाल फर्केका नेपालीहरूलाई एयरपोर्टबाटै कार्यालय लैजाने सोधखोज गरेर घर पठाउने गरेको छ । हालसम्म गैरकानी रूपमा नेपालीहरूलाई लैजाने गिरोहविरुद्ध प्रहरीमा जाहेरी दर्ता भएको छैन ।

गुल्मीमा ठुला दलका नारा फेरिए, उम्मेदवार पुरानै

विगतमा धारो, पानी, बिजुली, मोटरबाटोका नारा लिएर जाने दलहरूले यसपटक सुशासन, युवा र रोजगारीलगायत मुद्दालाई बनाए चुनावी एजेन्डा

गुल्मीमा **भरत पाण्डेय**

इस्मा गाउँपालिका- ४ का पैयुँपाटावासीले मध्यरातमा उठेर खानेपानी भर्ने पालो पर्खन थालेको २७ वर्ष भयो। खानेपानी धारामा ल्याइदिने प्रतिबद्धतापछि आफ्नै छिमेकी वडाका उम्मेदवार गोकर्णराज विष्टलाई भोट हाल्न थालेको पनि २६ वर्ष पुग्यो। आफ्नो भोटले चारपटक चुनाव जितेर १४ वर्ष पाँच महिना सांसद र पटकपटक मन्त्री बनेका विष्टले आफ्नो जन्मेको गाउँको छिमेकी वडामा खानेपानीको समस्या समाधान भने गरेनन्। हरेकपटक खानेपानी, मोटरबाटो र बिजुली ल्याउने नारा लिएर चुनावमा भोट माग्ने विष्टको यसपालिको नारा पनि उही छ। पैयुँपाटा मात्र होइन, सोही वडाको अलि तल चैँया गाउँमा पनि खानेपानीको समस्या उस्तै छ।

गुल्मी १ अन्तर्गत कालीगण्डकी गाउँपालिका वडा नम्बर १ र २ को देउराली गाउँका जनताले खानेपानीका लागि दुःख भोगेको वर्षौं भयो। धेरै वर्षपहिला सात-आठ किलोमिटर टाढाको फोक्सिङबाट खानेपानी ल्याएर केही राहतको महसुस गरे पनि टाढाको मुहान, मर्मतका लागि जाने बाटोको असुविधा, मर्मतको रकम अभावलगायत समस्याका कारण योजना जीर्ण बनेपछि झन्डै काकाकुलको अवस्थामा पुगेका त्यहाँका जनतालाई हरेक चुनावमा भोट माग्ने नेताहरूले खानेपानी ल्याउने प्रतिबद्धता जनाएर चुनाव जिते पनि।

गाउँबाट तल कालीगण्डकी 'ए' जलविद्युत् परियोजना, परियोजना प्रभावित क्षेत्र भएकाले लिफ्टिङका लागि बिजुलीको पनि अभाव थिएन, गाउँभन्दा तल मुहानको समस्या पनि थिएन, तर एमालेका प्रदीप ज्ञवाली, कांग्रेसबाट चन्द्र भण्डारी, कृष्णबहादुर छन्तेल र तत्कालीन माओवादीबाट सुदर्शन बरालले चुनाव जिते पनि देउरालीको खानेपानीको समस्या हरेक चुनावमा भोट माग्ने एजेन्डा मात्र बनाए।

यी दुई खानेपानी समस्या उदाहरण मात्र होइन, गुल्मीका उम्मेदवारले लगातार चुनावी एजेन्डा बनाउँदै आएका खानेपानी, मोटरबाटो, बिजुली बत्तीका समस्या चुनावी नारामा मात्र सीमित भएका छन्। ०५६ देखि जनताका समस्या चुनावी विषय मात्र बनेको गुल्मीमा संघीय निर्वाचनका लागि 'पुरानै अनुहार, पुरानै नारा' बनेको छ।

'एक घर एक धारा भन्न थालेको वर्षौं भयो, पानीको समस्या उही छ, मोटरबाटो ल्याउँछु भनेर चुनाव जित्छन्, एउटा गाउँबाट अर्को गाउँमा पुग्न ६-७ घण्टा हिँड्नुपर्छ,' सत्यवती गाउँपालिकाका नेकपा नेता खोमा तरामू भन्छन्, 'कानुन बनाउनुपर्ने सांसदले पूर्वाधारका झुटा आश्वासन दिएर जनता झुक्याइरहेका छन्।'

कानुन बनाउनुपर्ने सांसदहरूले भौतिक पूर्वाधार विकास गर्ने आश्वासन बाँडेर भोट माग्ने, तर आफ्नो जिम्मेवारी पूरा नगर्ने गरेको उनको भनाइ छ। 'वन क्षेत्र उपयोगसम्बन्धी कानुन नभएर आफ्नै जिल्लाको पर्यटकीय क्षेत्र रेसुंगामा होटेल पौवा बन्द, छत्रकोटमा बनेको जिपलाइनलाइन बन्द हुने अवस्थामा छन्, उहाँहरूले ध्यान दिनुपर्ने यता हो,' तरामूले भने, 'तर, उहाँहरू चुनावमा पूर्वाधार निर्माणका आश्वासन बाँड्नुहुन्छ, चुनावपछि न विकासका काम गर्नुहुन्छ, न बनाउनुपर्ने कानुन बनाउनुहुन्छ।'

हरेक चुनावमा विभिन्न आश्वासन बाँड्ने नेताहरूले फरक निकायको सक्रियतामा भएको विकासलाई पनि आफ्नो पहल भन्दै झुटा कुरा गर्न थालेको भन्दै जनताले आलोचनासमेत गर्न थालेका छन्। गुल्मी २ मा एक घर एक धारा जनप्रतिनिधिले ल्याइदिएको भन्दै सामाजिक सञ्जालमा सेयर भएका समाचारमा टिप्पणी गर्दै गुल्मी धुर्कोटका श्यामलाल पाण्डे भन्छन्, 'खानेपानीका लागि प्रतिपरिवार १० हजार नगद र पाँच हजार धाराटुटीका लागि तिरेका छौं, कसले कहाँबाट बजेट ल्यायो र एक घर एक धारा हामीले बनाइदियौं भनेर प्रचार गर्छ ?'



■ गुल्मी १

मतदाता : १,२२,१८६
महिला : ६२,२७२
पुरुष : ५९,९१४
मतदानस्थल : ८३
मतदान केन्द्र : १५५
उम्मेदवार : २१

■ गुल्मी २

मतदाता : १,०७,३६३
महिला : ५२,९३८
पुरुष : ५४,४२३
अन्य : २
मतदानस्थल : ६२
मतदान केन्द्र : १२९
उम्मेदवार : २२

के भन्छन् प्रमुख दलहरू ?

● **खिलध्वज पन्थी**, सभापति, कांग्रेस गुल्मी



बदलिएको कांग्रेसले देश बनाउँछ भन्ने संकल्पका साथ अगाडि बढेका छौं। मिसन रोजगारी अभियान अगाडि बढाउने, जसअन्तर्गत कृषि, पशुपालनमार्फत किसानलाई व्यवसायीकरण गरी उद्यमशीलतामार्फत स्वरोजगार बनाउने अभियान नमुनाका रूपमा रेसुंगा नगरपालिकाबाट सुरु गरिसकेका छौं।

● **चक्रबन्धु भुसाल**, उपसचिव, एमाले गुल्मी



खासगरी पुराना विकासका पूर्वाधारलाई पूर्णता दिने, युवालाई लक्षित गरेर कार्यक्रम तय गरेका छौं। युवालाई सक्षम बनाउने र रोजगार दिने कार्यक्रमअन्तर्गत शिक्षित युवालाई आइटी तालिम दिने र नपढेकालाई कृषि उद्यमशीलतामार्फत रोजगारी दिने एजेन्डा छ।

● **भूपाल पोखरेल**, लुम्बिनी प्रदेश सचिवालय सदस्य, नेकपा



मुख्य गरी सुशासन, शिक्षा, स्वास्थ्य र अन्य पूर्वाधारका काम तथा रोजगारीका लागि नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारले जित्नुपर्छ भनेर चुनावी अभियानमा छौं।

● **निशेष श्रेष्ठ**, सचिव, रास्वपा गुल्मी



हाम्रो मुख्य एजेन्डा भनेकै सुशासन हो। बसाइँसराइलाई वैज्ञानिक तरिकाले समाधान, गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीमा जनतालाई अनुभूति हुने गरी रिजल्ट दिन्छौं। कृषि, पर्यटन, शिक्षा, रिसर्च एन्ड डेभलपमेन्ट, बसाइँसराइको दिगो समाधानलगायत मोडेल बनाएर जान्छौं।

शिक्षा, स्वास्थ्य र रोजगारी नागरिकको अपेक्षा

सडक, खानेपानीमा जिल्लामा अहिलेसम्म भएको प्रगतिलाई संघीय सांसदले आफ्नो पहलमा पूरा गरेको भन्दै प्रचार गरिरहँदा जनता भने गाउँमा जनताले बस्नुपर्ने गरी केही विकास नभएको भन्दै विरोध गरेका छन्। 'सामान्य उपचारका लागि जिल्लाको सीमापारि मिसन अस्पताल धाउनुपर्ने, आयआर्जनको सम्भावना बोकेको जिल्लाबाट हजारौं परिवार बसाइँ सर्नुपर्ने, १० कक्षा पास गरेपछि राम्रो विषय पढ्न बुटवल झर्नैपर्ने बाध्यता छ,' मुसिकोटका ध्रुवराज खराल भन्छन्, 'फेरि उही पुरानैलाई हात उठाएर जिताइदिनुपर्ने ?' खरालले भनेजस्तै शिक्षा, स्वास्थ्य र रोजगारीमा जिल्ला कमजोर छ। गुल्मीबाट आव ०८१/८२ मा एक हजार १७४ परिवारका चार हजार २५ जना आधिकारिक रूपमा बसाइँसराइ गरेको तथ्यांक छ। बसाइँसराइ गर्नेमध्ये धेरैले शिक्षा र स्वास्थ्यका लागि जन्मथलो छाड्नुपरेको बताएका छन्। सदरमुकामको ५० शय्याको जिल्ला अस्पतालबाहेक अन्य स्वास्थ्य संस्थाहरू प्रायः प्राथमिक उपचारका लागि मात्र सीमित छन्। जिल्ला अस्पतालमा पनि एकाध रोगबाहेक विशेषज्ञ सेवा नहुँदा उपचारका लागि पाल्पा, बुटवल, काठमाडौं पुग्नुपर्ने बाध्यता छ।

वितृष्णाले नयाँ खोजी

गुल्मीमा जनताको वास्तविक समस्यामा बेवास्ता र समयक्रमले भएका सडक पूर्वाधारमा झुटो प्रचार बढी हुँदा जनतामा निराशा बढेको धुर्कोटका राजेन्द्र पोखरेल बताउँछन्। 'मुख्य आवश्यकता गुणस्तरीय शिक्षा, भरपर्दो स्वास्थ्य सेवा र गाउँमै रोजगारी हुन्, त्यसमा खासै ध्यान छैन, तर विभिन्न स्रोतबाट आएको बजेटबाट भएका पूर्वाधार निर्माणमा जस लिने हानथाप भएपछि जनताले पुराना पार्टी, नेताको विश्वास नगरेको अवस्था देखिन्छ,' उनले भने, 'त्यही वितृष्णाले नयाँ दल र उम्मेदवारले भोट पाउने सम्भावना देखिन्छ।'

पुराना जनप्रतिनिधिप्रतिको अविश्वासकै बिचमा चर्चित युवा सागर ढकालको प्रवेशले गुल्मी १ मा फरक माहोल बनेको छ। यो क्षेत्रमा एमालेका प्रदीप ज्ञवाली र कांग्रेसका डा. चन्द्र भण्डारीले आलोपालो चुनाव जित्दै आएका छन्। राष्ट्रिय राजनीतिका प्रभावशाली नेताहरू भए पनि जिल्लाको विकासमा खास भूमिका खेल्न नसकेको भन्दै ज्ञवाली र भण्डारीको आलोचना भइरहेका वेला ०७९ को निर्वाचनमा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाविरुद्ध डडेल्धुरामा उम्मेदवारी दिएर चर्चामा आएका ढकालको प्रवेशले चुनावी परिणाम नै फेरबदल हुन सक्ने देखिएको छ। वैकल्पिक शक्तिप्रति जनताको आकर्षणका कारण गुल्मी १ मा विगतदेखिको आलोपालो मतपरिणाम नै परिवर्तन हुन सक्ने अनुमान गरिएको छ।

विगतमा एकपटक प्रतिनिधिसभा र एकपटक प्रदेश सभा सदस्य निर्वाचित भएका नेपाली कम्युनिस्ट पार्टीका नेता सुदर्शन बराल पनि यस क्षेत्रमा उम्मेदवार रहेको र उनले चुनाव जितेको पुरानो क्षेत्र नम्बर १ मा मगर बाहुल्यता रहेका कारण पुराना दलहरूको धेरै भोट काटेर यसपालिको मतपरिणाम प्रभावित गर्न सक्ने देखिन्छ।

पूर्वमन्त्री गोकर्ण विष्टले लगातार चुनाव जित्दै आएको क्षेत्र नम्बर २ मा कांग्रेसका भुवनप्रसाद श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका श्रीराम महत र राष्ट्रिय स्वतन्त्र पार्टीका गोविन्द पन्थी मुख्य उम्मेदवार छन्। लगातार चुनाव जितेका विष्ट र कांग्रेसका श्रेष्ठ अहिले पनि मुख्य प्रतिस्पर्धी हुन्। रास्वपाप्रति देखिएको जनलहर र नेकपाका युवा उम्मेदवार महतको जनतालाई प्रभावित पार्न सक्ने शैलीका कारण विष्टलाई विरासत जोगाउने चुनौती छ। विष्टको असन्तुष्टिको भोट नेकपा र रास्वपालाई जाँदा यस क्षेत्रमा कांग्रेसका श्रेष्ठले चुनाव जित्न सक्ने आकलन गर्न थालिएको छ। नेकपाका महतको सक्रियता राम्रो भए पनि यस क्षेत्रका पूर्वमाओवादीका केही नेताहरूले विगतदेखि आफ्ना उम्मेदवारसँग चुनाव प्रचार गर्ने, तर मत अर्केलाई माग्ने गरेको आरोप लाग्ने गरेको छ। रास्वपाको जनलहर राम्रो छ, तर उम्मेदवार पन्थी नयाँ र प्रचारमा कम प्रभाव देखिन्छ।

युवा र रोजगारी दलका एजेन्डा

अघिल्ला चुनावमा धारो, पानी, बिजुली, मोटरबाटोका कुरा मात्रै लिएर जनतामाझ जाने दलहरूले यसपटक सुशासन, युवा र रोजगारीका मुद्दासमेतलाई आफ्नो चुनावी एजेन्डा बनाएका छन्। विशेषगरी जेन-जी आन्दोलनले उठाएको सुशासन र रोजगारीका नारालाई समेत दलहरूले चुनाव प्रचारको हतियार बनाएका छन्।

कांग्रेसले सुशासन र रोजगारीलाई पहिलो एजेन्डा बनाएको जिल्ला सभापति खिलध्वज पन्थी बताउँछन्। 'कांग्रेसको पहिलो एजेन्डा सुशासन हो। जुन बदलिएको कांग्रेसले देश बनाउँछ भन्ने संकल्पका साथ लागेका छौं,' उनले भने, 'मिसन रोजगारी भन्ने अभियान अगाडि बढाउने, जसअन्तर्गत कृषि, पशुलालनमार्फत किसानलाई व्यवसायीकरण गरी उद्यमशीलतामार्फत स्वरोजगार बनाउने अभियान नमुनाका रूपमा रेसुंगा नगरपालिकाबाट सुरु पनि गरिसकेका छौं र जिल्लाभर यो कार्यक्रम अगाडि बढाउनेछौं।'

जेन-जी आन्दोलनको भावनाको कदर र प्रतिनिधित्व गर्दै नीति बदलेकाले कांग्रेसले देश बनाउनेछ भन्ने आशा जनतामा पलाएको भन्दै उनले त्यही आशाले जनताले आफूहरूलाई भोट दिने दाबी गरे। 'नयाँ भनेको पार्टी हाम्रो हो, उम्मेदवारका हिसाबले पनि दाग नलागेका उम्मेदवारहरू हुनुहुन्छ, त्यसैले हामी जित्छौं,' उनले भने।

एमाले भने पूर्वाधार र रोजगारीको कार्यक्रमलाई सँगसँगै लिएर चुनावमा होमिएको छ। एमाले गुल्मीका उपसचिव चक्रबन्धु भुसाल युवाहरूलाई उसको शैक्षिक योग्यता र सिपअनुसार रोजगारी दिने बताउँछन्। 'खासगरी पुराना विकासका पूर्वाधारलाई पूर्णता दिने, युवालाई लक्षित गरेर कार्यक्रम तय गरेका छौं,' उनले भने, 'युवालाई सक्षम बनाउने र रोजगार दिने कार्यक्रमअन्तर्गत शिक्षित युवालाई आइटी तालिम दिने र नपढेकालाई कृषि उद्यमशीलतामार्फत रोजगारी दिने हाम्रो एजेन्डा छ।'

नेपाली कम्युनिस्ट पार्टी सुशासन सँगसँगै पूर्वाधार र रोजगारीलाई प्रमुख मुद्दा बनाएर चुनावमा होमिएको छ। नेकपाका लुम्बिनी प्रदेश सचिवालय सदस्य भूपाल पोखरेल भ्रष्टाचारविरोधी अभियान, अस्थिरताबाट मुक्ति, जिल्लाको भौतिक पूर्वाधार र रोजगारीका लागि भनेर आफूहरू जनतामाझ भोट माग्न गएको बताउँछन्। 'मुख्य गरी सुशासन, शिक्षा, स्वास्थ्य र अन्य पूर्वाधारका काम तथा रोजगारीका लागि नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारले जित्नुपर्छ भनेर चुनावी अभियानमा छौं,' उनले भने।

रास्वपा अरू दलले भन्दा अलि फरक योजनाका साथ चुनावमा होमिएको छ। रास्वपाका सचिव निशेष श्रेष्ठ आफूहरूले ठुलो काम नगर्ने, तर जनताको जीवनस्तर परिवर्तन गर्ने गरी सानो-सानो सुधार गरेर जनताका समस्या समाधान गर्ने योजना बनाएको बताउँछन्। 'पाँच वर्षमा बाटो पनि, रोजगारी, शिक्षा, स्वास्थ्यलगायत सबै कुरा गर्छौं भनेर झुटा आश्वासन दिँदैनौं, दुई वर्षमा नीति बनाउने बाँकी तीन वर्षमा जनतलाई रिजल्ट दिन्छौं,' उनले भने, 'मुख्य एजेन्डा भनेकै सुशासन हो। दोस्रोमा बसाइँसराइलाई वैज्ञानिक तरिकाले समाधान, गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीमा जनतालाई अनुभूति हुने गरी रिजल्ट दिन्छौं।'

फेक रेस्क्युमा थप दुईजना पक्राउ

काठमाडौं/ नेपाल घुम्न आएका विदेशी पर्यटकको उद्धारपछि उपचार गरेको भन्दै नक्कली कागजात बनाई बिमा रकम दाबी गर्ने घटनामा संलग्न थप दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा धादिङ ज्वालामुखी गाउँपालिका- २ का २८ वर्षीय सन्दीप तिवारी र काठमाडौं महानगरपालिका- ३१ का ५६ वर्षीय राजेन्द्रबहादुर सिंह छन्।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनीहरूलाई पक्राउ गरेको हो। तिवारी रोयल होलिडे एडभेन्चर्स एन्ड ट्राभल कम्पनीसँग आबद्ध छन्। सिंह विमान सेवा सञ्चालक संघ नेपालका पूर्वउपाध्यक्ष हुन्। विदेशी पर्यटकको रेस्क्युका नाममा नक्कली कागजात बनाई बिमा रकम ठगी गर्ने धन्दामा उनीहरूको पनि संलग्नता रहेको खुलेपछि पक्राउ गरिएको सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले बताए। 'रेस्क्युका नाममा नक्कली कागजात बनाई ठगी गर्ने धन्दामा थप दुईजना पक्राउ गरेका छन्। बिमा रकम ठगी धन्दामा उनीहरूको पनि संलग्न रहेको विभिन्न कागजात, म्यासेज, भ्वाइस म्यासेजबाट खुल्छ। थप अनुसन्धान हुँदै छ। नयाँ तथ्य खुल्दै जालान्,' उनले भने।

प्रहरीले यसअघि नक्कली कागजात बनाई बिमा रकम दाबी गर्ने तीन कम्पनीका ६ जनालाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ पर्नेमा माउन्टेन रेस्क्यु सर्भिस प्रालिका मालिक जयराम रिमाल र म्यानेजर विवेक पाण्डे, नेपाल चार्टर सर्भिस प्रालिका मालिक रवीन्द्र अधिकारी र म्यानेजर विवेकराज थपलिया, एभरेस्ट इक्सपेरियन्स एन्ड असिस्टेन्स प्रालिका मालिकद्वय मुक्ति पाण्डे र सुभाष केसी छन्। त्यसबाहेक श्रीद्धि इन्टरनेसनल अस्पतालका सञ्चालक ४४ वर्षीय डा. गीर्वाणराज तिमिल्सिनालाई पनि प्रहरीले पक्राउ गरेको छ।

सिआइबी प्रवक्ता एसएसपी श्रेष्ठले भने, 'सिआइबीले फेक रेस्क्युमा संलग्न तीन कम्पनीका ६ जना सञ्चालकलाई यसअघि नै पक्राउ गरेको थियो। उनीहरूविरुद्ध अनुसन्धान जारी छ। नयाँ तथ्य खुल्दै गएका छन्।'

■ बालिका अपहरण प्रकरण

वडाध्यक्ष रामानन्द प्रसाद जेल चलान

नयाँ पत्रिका

बालिका अपहरण प्रकरणमा जिल्ला अदालत मकवानपुरले रौतहटको दुर्गाभगवती गाउँपालिका- ४ का वडाध्यक्ष रामानन्द प्रसादलाई पुर्पक्षका लागि जेल जलान गरेको छ। अदालतका न्यायाधीश पूर्णिमा कोइरालाको एकल इजलासले उनलाई जेल चलान गर्ने आदेश गरेको हो। उनीमाथि दुर्गाभगवती गाउँपालिका- ४ छतौनाकी १४ वर्षीया बालिका अपहरणको अभियोग छ। आफूविरुद्ध पक्राउ पुर्जी जारी भएपछि उनी ११ फागुनको बहसमा अदालत उपस्थित भएका थिए। अदालतले पुर्पक्षका लागि जेल चलान गर्ने आदेश गरेपछि उनलाई प्रहरीले पक्राउ गरेको थियो। उनलाई अहिले मकवानपुरस्थित भीमफेदी कारागारमा राखिएको छ।

'प्रतिवादी रामानन्द प्रसादलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका लागि कानुनबमोजिम सिधा खान पाउने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय भीमफेदी मकवानपुरमा थुनामा राख्न पठाइदिनू,' अदालतको आदेशमा भनिएको छ।



घटनामा जोडिएका शंकर राय यादवलाई भने अदालतले तीन लाख रुपैयाँ धरौटी माग गरेको छ। रामाज्ञा राय यादव र बुचानी भनिने राजेश यादवलाई भने हाजिर जमानीमा छाडिएको छ। घटनामा संलग्न रान्धिर यादव, अनितादेवी यादव, मनतजिर यादव, मेनुकाकुमारी यादव र काजलकुमारी यादव भने फरार छन्।

प्रहरीका अनुसार गत २ पुसदेखि बेपत्ता दुर्गाभगवती गाउँपालिका- ४ छतौनाकी १४ वर्षीया बालिकाको अवस्था अज्ञात छ। बालिकालाई छतौनाकै २० वर्षीय दिलीप यादवले भारतको बिहार लिएर गएको प्रहरीको भनाइ छ। बालिका फेला नपरेपछि प्रहरीले दिलीपका बुवा रामाज्ञा राय यादव र उनका साथी राजेश यादवलाई पक्राउ गरेको थियो। बालिकालाई छतौनाकै २० वर्षीय दिलीपले गत २ पुसको राति मकवानपुरको हेटौंडाबाट भगाएर लगेका थिए। त्यसयता बालिका र दिलीप सम्पर्कमा छैनन्। रामाज्ञा राय दिलीपका बाबु र राजेश उनका साथी हुन्। बालिका हेटौंडा उपमहानगरपालिका- ४ स्थित भुटनदेवी माविमा कक्षा १० मा अध्ययनरत थिइन्। प्रहरीका अनुसार एकाएक सम्पर्कविहीन भएलगत्तै बालिकाका बुवा नेमलाल राय यादवले जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय रौतहटमातहतको इलाका प्रहरी कार्यालय गंगापिपरामा जाहेरी दिएका थिए।

संक्षेप

मधेशमा रास्वपाको रणनीतिक सक्रियता, रविको 'घन्टी' अभियान

जनकपुरधाम/ निर्वाचन नजिकिँदै जाँदा रास्वपाले मधेशकेन्द्रित अभियानलाई रणनीतिक रूपमा तीव्र बनाएको छ। अभियानअन्तर्गत पार्टी सभापति रवि लामिछानेको मधेशको राजधानी जनकपुरधामसहित विभिन्न जिल्लाको भ्रमणलाई संगठन विस्तार, उम्मेदवार सुदृढीकरण तथा मतदातासँग प्रत्यक्ष संवाद बढाउने महत्त्वपूर्ण कडीका रूपमा हेरिएको छ। मंगलबार जनकपुरधाम आइपुगेका लामिछाने यसअघि इटहरीको कार्यक्रम सम्पन्न गरी लहान, मिर्चैया र ढल्केबर हुँदै मधेश प्रवेश गरेका थिए। 'रास्वपा कुनै एक क्षेत्र, समुदाय वा वर्गको मात्रै होइन, समग्र देशको विकासका लागि राजनीति गर्छ,' रविले भने, 'अब विभाजनको राजनीति गर्नेहरूको दोकान बन्द हुने समय आएको छ।' लामिछानेको छोटो बसाइलाई मधेशमा रास्वपाको संगठन मजबुत बनाउने दीर्घकालीन अभियानको संकेतका रूपमा विश्लेषण गरिएको छ। जनकपुरधामबाट फर्किएपछि उनी बुधबार नै बर्दिबास, सर्लाही, बारा र पर्सा पुगेका छन्। लामिछाने 'घन्टी' अभिवादन अभियानअन्तर्गत बुधबार मिर्चैया, ढल्केवर, जानकी मन्दिर दर्शन, बर्दिबास, लालबन्दी, बयलवास (ईश्वरपुर), हरिपुर्वा, मलंगवा, गौर, बलरा, सिसौट, धनकौल, बरहथवा, नयाँ रोड, चन्द्रपुर, निजगढ पुगेका छन्।

बागलुङ २ मा कांग्रेसलाई प्रलोपाले सघाउने

बागलुङ/ २१ फागुनमा हुने निर्वाचनमा बागलुङ २ मा प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)ले कांग्रेस उम्मेदवारलाई सघाउने भएको छ। प्रलोपा उम्मेदवार पदमबहादुर कुँवरले कांग्रेस उम्मेदवार टेकराज पौडेललाई सघाउने भएका हुन्। बुधबार घोषणापत्र सार्वजनिक कार्यक्रममा कांग्रेस उम्मेदवार पौडेलले यस्तो बताएका हुन्। उनले यस क्षेत्रमा प्रत्यक्ष उम्मेदवार पौडेल र समानुपातिक उम्मेदवार रेनुका काउचालाई समर्थन गरेको बताए। उनले अहिलेको निर्वाचन सामान्य नभएको भन्दै यसमा गम्भीर भएर लाग्नुपर्ने बताए। कुँवर तत्कालीन माओवादी अध्यक्ष हालका नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई झापड हानेर चर्चामा रहेका थिए। उनी माओवादी नेकपा भएपछि प्रलोपामा थिए। आफू उम्मेदवार बन्दा राम्रो उम्मेदवारको मत काटिएर पराजित हुनुपर्ने अवस्था आउन सक्ने भन्दै पौडेललाई सघाउने निर्णय गरेको कुँवरको भनाइ छ। निसीखोला गाउँपालिका- ७ का कुँवर आफ्नो उम्मेदवारी त्यागेर कांग्रेस उम्मेदवारलाई समर्थन गरेको हुँदा उनीसँगैका अन्य प्रलोपाका नेता-कार्यकर्ता पनि कांग्रेसमा समाहित भएका छन्।

जाली नोट पहिचानसम्बन्धी सचेतना कार्यक्रम

लहान/ आर्थिक कारोबार बढी हुने समयमा जाली तथा शंकास्पद नोट अर्थतन्त्रमा छिराउन सक्ने जोखिम न्यूनीकरण, ओसारपसार नियन्त्रणसहित सर्वसाधारणलाई जागरुक बनाउन उद्देश्यले जाली नोट पहिचानसम्बन्धी सचेतना कार्यक्रम गरिएको छ। नेपाल राष्ट्र बैंक जनकपुर कार्यालयको आयोजनामा बुधबार जिल्ला सदरमुकाम सिराहामा आयोजित कार्यक्रममा बैंकका निर्देशक डिलाराम सुवेदीले खुला सीमा भएकाले छिमेकी मुलुकसँग हुने अनौपचारिक कारोबारमा जाली नोट छिराउन सक्ने जोखिम रहेको औँल्याए। पछिल्लो समय सीमावर्ती क्षेत्र हुँदै जाली नोट भित्र्याउने प्रयास बढ्दै गएकाले सर्वसाधारणको जागरुकताका लागि जाली नोट पहिचानसम्बन्धी सचेतनामूलक कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिएको उनले बताए। 'नक्कली नोटको प्रयोग कानुनी अपराध भएकाले शंका लागेमा तत्काल नजिकको प्रहरी कार्यालयमा जानकारी गराउनुपर्छ,' उनले भने, 'विपन्न तथा न्यून साक्षरता भएका क्षेत्रमा जाली नोटको प्रयोग हुने जोखिम बढी हुने भएकाले सचेत रहनुपर्छ।'

विश्वका १६ हजार विश्वविद्यालयमध्ये १५०१ वरीयतामा त्रिवि

पटकपटकको तालाबन्दी र विद्यार्थी अराजकताका कारण वरीयताक्रम सुधारमा चुनौती


शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालय विश्वका १६ हजार तीन सय विश्वविद्यालयमध्ये १५०१औँ वरीयतामा परेको छ। विश्वभरका विश्वविद्यालयको वरीयता मापन गर्दै आइरहेको टाइम्स हाइअर एजुकेसन (टिएचई) ले त्रिविलाई सन् २०२६ मा १५०१ नम्बरमा राखेको हो।

विश्वविद्यालयको शैक्षिक नतिजा, जर्नल प्रकाशन, शैक्षिक वातावरण, गुणस्तरीयता, शैक्षिक क्षेत्रको लगानीलगायतलाई हेरेर वरीयता कायम गरिएको थियो। वरीयताक्रममा राख्न त्रिविको हरेक शैक्षिक गतिविधिलाई हेरिएको थियो। वरीयताक्रममा प्रस्तुत गर्न त्रिविले भौतिकशास्त्र विभागका विभागीय प्रमुख डा. नारायण अधिकारीको संयोजकत्वमा कमिटी बनाएको थियो। कमिटीले वरीयताका लागि आवश्यक पर्ने सूचकहरू प्रस्तुत गरेको थियो। 'वरीयतामा राख्न हामीले गरेका गतिविधि पेस गरेका थियौं, तर चाहेजति सुधारचाहिँ हुन सकेन, वरीयताक्रम जति राम्रो हुँदै गयो, त्यति नै त्रिविको शैक्षिकस्तर राम्रो भएको मानिन्छ, विद्यार्थीको आकर्षण पनि बढ्छ,' उपकुलपति प्राडा दीपक अर्यालले भने, 'अर्को वर्षका लागि अझ सुधारका शैक्षिक गतिविधि चुस्त बनाउँछौं, अहिले पनि विश्वमा हेर्दा त्रिविको प्रमाणपत्र बिक्दो छ, अझ वरीयताक्रम राम्रो हुने हो भने अन्य विश्वविद्यालयले हेर्ने नजर पनि राम्रो हुन्छ।'

अर्यालका अनुसार वरीयताक्रममा पर्न वर्षमा एक हजार प्रकाशन गरेको हुनुपर्छ। त्यस्तै, शैक्षिक अनुसन्धान, शैक्षिक वातावरण, विश्वविद्यालयको आम्दानी स्रोत, शैक्षिक लगानी, विद्यार्थीले प्राप्त गरेको शिक्षा र रोजगारीलगायत पक्षलाई वरीयतामा राख्दा हेर्ने गरिन्छ। उनका अनुसार नेपालले सन् २०१९ देखि वरीयताक्रमका लागि भाग लिँदै आइरहेको छ। प्राडा अर्यालका अनुसार यो वरीयता बढ्दा विश्वका अन्य विश्वविद्यालय र देशमा त्रिविको शैक्षिक प्रमाणपत्रको मान्यता पनि बढ्छ।

● **प्राडा दीपक अर्याल**, उपकुलपति, त्रिवि



वरीयतामा राख्न हामीले गरेका गतिविधि पेस गरेका थियौं, तर चाहेजति सुधारचाहिँ हुन सकेन, वरीयताक्रम जति राम्रो हुँदै गयो, त्यति नै त्रिविको शैक्षिकस्तर राम्रो भएको मानिन्छ, विद्यार्थीको आकर्षण पनि बढ्छ, अर्को वर्षका लागि अझ सुधारका शैक्षिक गतिविधि चुस्त बनाउँछौं, अहिले पनि विश्वमा हेर्दा त्रिविको प्रमाणपत्र बिक्दो छ, अझ वरीयताक्रम राम्रो हुने हो भने अन्य विश्वविद्यालयले हेर्ने नजर पनि राम्रो हुन्छ।



अमेरिकी संस्था युएस न्युज र विश्व रिपोर्टको विश्ववरीयतामा ९१९औँ स्थान प्राप्त गरेको छ। विश्व विश्वविद्यालय वरीयता केन्द्रको सूचीमा त्रिविले १६५७औँ स्थान हासिल गरेको छ। विश्व विश्वविद्यालय वरीयता केन्द्रका अनुसार त्रिवि विश्वका शीर्ष ७.८ प्रतिशत विश्वविद्यालयभित्र पर्न सफल भएको छ, जुन अघिल्लो वर्षको ८.३ प्रतिशतभन्दा सुधार भएको देखिएको छ। अझ त्रिविमा हुने तालाबन्दी र अराजकता रोक्ने हो भने त्रिविको वरीयता तथा अंक सुधार हुने उपकुलपति अर्यालको भनाइ छ।

अर्यालका अनुसार सेन्टर फर वर्ल्ड युनिभर्सिटी वरीयतामा त्रिविले १६५७औँ स्थान प्राप्त गरेको छ। सोअनुसार त्रिवि विश्वका शीर्ष राम्रा विश्वविद्यालयमा परेको छ। 'विश्वका प्रतिष्ठित वरीयता प्रणालीहरूजस्तै टाइम्स हायर एजुकेसन (टिएचई), युएसन्युज डटकम र सेन्टर फर वर्ल्ड युनिभर्सिटी र्‍याङकिङ (सिडब्ल्युआर)ले फरक-फरक मापदण्ड अपनाउने भएकाले एउटै विश्वविद्यालयको स्थान फरक पर्नु अस्वाभाविक होइन,' उनले भने, 'टाइम्स हायर एजुकेसनले शिक्षण वातावरण, अनुसन्धानको गुणस्तर, उद्योग सहकार्य र अन्तर्राष्ट्रियकरणलाई प्राथमिकता दिने गरेको छ भने युएसन्युज डटकमले अनुसन्धान प्रतिष्ठा, प्रकाशन, सम्मेलन र उद्धरण प्रभावलाई प्राथमिकता दिने गरेको पाइन्छ। सेन्टर फर वर्ल्ड युनिभर्सिटी र्‍याङकिङले पूर्वविद्यार्थीको सफलता, प्राध्यापकहरूको विशिष्टता र अनुसन्धानलाई आधार मानेको छ।' उनले त्रिविको शैक्षिक छवि र वरीयतामा उल्लेखनीय प्रगति हुँदै गएको दाबी गरे।

■ चिकित्सा तथा स्वास्थ्य शिक्षामा विश्वमै ६०१ स्थानमा

वरीयतामा विशेषतः चिकित्सा तथा स्वास्थ्य विषयमा त्रिवि ६०१औँ स्थानमा कायम भएको छ, जुन भारतका आधा दर्जनबाहेक अन्य विश्वविद्यालयभन्दा उत्कृष्ट ठहरिएको छ। यस उपलब्धिले स्वदेशमै गुणस्तरीय चिकित्सा शिक्षा सम्भव भएको प्रमाणित गरेको भौतिकशास्त्र विभागका विभागीय प्रमुख डा. नारायण अधिकारीले बताए। उनका अनुसार इन्जिनियरिङ (आइओई) मा करिब १००० वरपरको स्थान, शिक्षा अध्ययन, जीवन विज्ञान, भौतिक विज्ञान र सामाजिक विज्ञानहरूमा पनि त्रिवि भारतका थुप्रै विश्वविद्यालयसँग प्रतिस्पर्धी देखिएको छ। 'त्रिविले पर्याप्त लगानी, रणनीतिक योजना र अन्तर्राष्ट्रिय सहकार्यमा थप बढावा दिँदै जाने हो भने अझ सुधार हुँदै जान्छ, आगामी वर्षहरूमा विश्वका प्रतिष्ठित विश्वविद्यालयको सूचीमा गरिमामय स्थान हासिल गर्ने विश्वास लिएका छौं,' उनले भने, 'मानविकी, शिक्षाशास्त्र, कानुन, सामाजिकशास्त्रजस्ता संकायहरूको शैक्षिक प्रगति कमजोर देखिएको छ, हामीले यी विषयमा सुधार गर्न जरुरी छ।'

२१ फागुनको निर्वाचन र किसानको मत

आगामी निर्वाचनमा किसानले आफ्नो अमूल्य मतलाई आफ्नै माटो, आफ्नै बिउ र आफ्नै भविष्यको पक्षमा प्रयोग गर्न सक्नुपर्छ



● उद्धव अधिकारी

अग्रलेख

कृषि केवल पेसा होइन, यो सभ्यता हो, केवल उत्पादन होइन, अस्तित्व हो। मानव जीवनको प्रारम्भिक आधार खाद्य उत्पादन नै हो र खाद्य उत्पादनको मूल स्रोत किसान र माटो नै हुन्। त्यसैले, कुनै पनि राष्ट्रको स्थायित्व, स्वाधीनता र समृद्धि उसको कृषि प्रणालीको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुन्छ। उत्पादक किसान, प्रकृतिमैत्री उत्पादनका साधन र कृषि जैविक विविधताको संरक्षणमार्फत खाद्य सम्प्रभुताको जगेर्ना गर्दै अन्तरनिर्भरतामा आधारित स्वच्छ उत्पादन तथा आत्मनिर्भर खाद्य संस्कृतिले मात्र नागरिकको खान पाउने अधिकारको रक्षा गर्न सक्छ। जब नागरिकको पोषणसहितको खाद्य सुरक्षा असुरक्षित हुन्छ, तब राष्ट्रिय तथा सामरिक सुरक्षासमेत जोखिममा पर्न सक्छ। यो सत्य इतिहास र वर्तमान दुवैले प्रमाणित गरिरहेका छन्।

आजको विश्वमा खाद्य सुरक्षा केवल आर्थिक विषय होइन, यो राजनीतिक, पर्यावरणीय र सांस्कृतिक विषयसमेत हो। खाद्य आयातमा अत्यधिक निर्भर राष्ट्रहरू संकटका वेला सबैभन्दा कमजोर देखिएका उदाहरण प्रशस्तै पाइन्छन्। यस्तो अवस्थामा नेपालजस्तो प्रचुर कृषि सम्भावनाले भरिएको देशले आफ्नै कृषि आधार कमजोर पार्नु दूरदर्शी नीति होइन। युवालाई आम्दानी र रोजगारीसँग जोड्न राज्यको कृषिसम्बन्धी मौजुदा दृष्टिकोण नै परिवर्तन हुन जरुरी छ। औद्योगिक कृषिले छिमेकी देशमा केही क्षेत्रमा उत्पादन वृद्धि गरेको देखिए पनि त्यस्तो मोडेलले हाम्रो भौगोलिक, पारिस्थितिक र सांस्कृतिक विविधतालाई सधैं अनुकूल पार्दैन। त्यसैले, प्रकृति र संस्कृति दुवैले जोगाइराखेका तुलनात्मक लाभका क्षेत्रमा स्रोत, प्रविधि र जनशक्ति केन्द्रित गर्नु नै बुद्धिमानी हुनेछ।

हिजो जमिनको वर्गीकरण माटोको उर्वराशक्ति र उत्पादन क्षमताका आधारमा हुन्थ्यो। अब्बल, दोएम, सिम र चाहर गरी चार श्रेणीमा वर्गीकरण गरिन्थ्यो, जसले कृषि नीति, कर प्रणाली र उत्पादन योजनालाई वैज्ञानिक आधार दिन्थ्यो। तर, आज जमिनको वर्गीकरणमा माटो ओझेलमा परेको छ। कानुनी रूपमा भू-उपयोग नीतिले कृषि र गैरकृषि क्षेत्र छुट्याएको भए पनि व्यवहारमा उर्वर जमिन घडेरीमा परिणत हुने र बाँझो जमिन कृषियोग्य देखाइने प्रवृत्ति बढ्दो छ। कतिपय स्थानीय तहले त स्पष्ट रूपमा भूमिको वर्गीकरण गर्न नसकेको अवस्था पनि देखिन्छ। यसले दीर्घकालीन खाद्य सुरक्षा मात्र होइन, कृषि सभ्यताको आधारभूत संरचनामाथि नै प्रहार गरिरहेको छ।

पृथ्वी अरबौं वर्ष पुरानो छ, मानव सभ्यता हजारौं वर्ष पुरानो छ र नेपालले अपनाउँदै आएको कृषि प्रणाली कम्तीमा पाँच हजार वर्षको अनुभवले परिपक्व भएको मानिन्छ। तर, विगत पाँच ६ दशकयता अपनाइएको तथाकथित 'उन्नत' कृषि मोडेलले यही परम्परागत प्रणालीलाई संकटमा पुऱ्याएको छ। हरित क्रान्तिले उत्पादन बढायो भन्ने दाबी गरिए पनि त्यसका नकारात्मक प्रभाव अहिले आएर स्पष्ट देखिन थालेका छन्, माटोको उर्वराशक्ति घट्दै गएको छ, जलस्रोत प्रदूषित भएका छन्, जैविक विविधता नष्ट हुँदै गएको छ र जनस्वास्थ्यमा जटिल समस्या देखापरेका छन्। पुनः उत्पादन गर्न सकिने रैथाने बिउहरू लोपोन्मुख अवस्थामा पुगेका छन्। वातावरणीय सन्तुलनका लागि अत्यावश्यक जीव तथा वनस्पति हराउँदै गएका छन्। यस्तो अवस्थामा उत्पादन वृद्धि मात्र विकासको सूचक हो भन्ने सोचमाथि पुनर्विचार गर्नुपर्ने वेला आएको छ।

नीतिगत तहमा कृषि रूपान्तरणका नाममा अघि सारिएका कतिपय कार्यक्रमले किसानलाई सशक्त बनाउनुको सट्टा उनीहरूलाई बजार र कम्पनीमा निर्भर बनाउने खतरा बढाएका छन्। अप्राकृतिक तरिकाबाट अधिक उत्पादन गर्ने, उपभोक्ता बढाउने, गाउँ खाली गराउने र सहरमा भिड बढाउने प्रवृत्तिलाई प्रगतिको संकेत ठान्ने दृष्टिकोणले दीर्घकालीन रूपमा राष्ट्रिय हितलाई कमजोर पार्छ। यदि उत्पादनका साधन र प्रणाली विदेशी कम्पनीको नियन्त्रणमा पुगे भने खाद्य सुरक्षाको जिम्मा पनि उनीहरूलाई नै सुम्पिनुपर्ने अवस्था आउन सक्छ। यस्तो अवस्था कुनै पनि स्वाधीन राष्ट्रका लागि उपयुक्त होइन।



किसान मतदाता मात्र होइनन्, नीति-निर्माणका प्रमुख हिस्सेदार पनि हुन्। त्यसैले निर्वाचनका वेला किसानले आफ्नो पहिचान र सरोकारलाई बिर्सनुहुँदैन। जुन नीति किसान, माटो र प्रकृतिको हितमा छैन, त्यो राष्ट्रको हितमा पनि हुँदैन। यो सत्यलाई मतदाताले बुझ्नैपर्छ।

राज्यको दायित्व नागरिकका आधारभूत आवश्यकता गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारी सुनिश्चित गर्नु हो। तर, विगत दशकौंदेखि अपनाइएको नीतिले आयातित रासायनिक मल, वर्णशंकर तथा ठिमाहा बिउ, विषादी, प्लास्टिक र हर्मोनयुक्त उत्पादनलाई प्राथमिकता दिएको देखिन्छ। यसले नेपाली अर्थतन्त्रबाट ठुलो विदेशी मुद्रा बाहिरिने, माटोको उर्वराशक्ति घट्ने र नागरिकको स्वास्थ्यमा जोखिम बढ्ने समस्या सिर्जना गरेको छ।

> उम्मेदवारको भाषणभन्दा पनि उनीहरूको कृषि नीति, माटो संरक्षण योजना, जल व्यवस्थापन दृष्टिकोण, बिउ-प्रणाली, बजार संरचना र किसानको अधिकारप्रतिको प्रतिबद्धता मूल्यांकन गरेर मात्र आफ्नो मत जाहेर गर्नुपर्छ

नेपाली भान्सामा पाक्ने अन्न, तरकारी र फलफूलसम्म आयातमा निर्भर हुनु स्वाभिमानी अर्थतन्त्रको संकेत होइन। यस अवस्थाबाट बाहिर निस्कन निकै ढिला भइसकेकोजस्तो देखिए पनि नीति र व्यवहार दुवैमा परिवर्तन ल्याइयो भने सुधारको सम्भावना हुँदै नभएको होइन, अझै बाँकी नै छ।

जल, जंगल र जमिनको संरक्षण, रैथाने ज्ञान र प्रविधिको प्रवर्द्धन तथा किसानको स्वाभिमानको जगेर्ना नै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधार हो। यसले मात्र समृद्ध वातावरण र स्वस्थ नागरिक निर्माण गर्न सक्छ। कृषिप्रधान देशको वास्तविक रूपान्तरण त्यतिवेला सम्भव हुन्छ, जब किसानलाई उत्पादनको केन्द्रमा राखिन्छ, उपभोक्तालाई स्वस्थकर खाद्यवस्तु उपलब्ध हुन्छ र प्रकृतिलाई साझेदारका रूपमा सम्मान गरिन्छ। अन्यथा, जति निर्वाचन गरिए पनि या जति सरकार फेरिए पनि समस्या उस्तै रहन्छ। व्यवस्था जति उत्कृष्ट भए पनि यदि कृषि आधार कमजोर छ भने त्यो व्यवस्था लामो समय टिक्न सक्दैन, इतिहास साक्षी छ।

विश्व समुदायले दिगो विकासका लक्ष्य हासिल गर्ने प्रतिबद्धता जनाएको छ। ती लक्ष्यको सार पनि प्रकृतिमैत्री उत्पादन, जैविक विविधता संरक्षण, गरिबी न्यूनीकरण र खाद्य सुरक्षा नै हुन्। यी लक्ष्य पूरा गर्न प्रकृतिदेखि प्रकृतिसम्मको कृषि प्रणाली आवश्यक हुन्छ। जसले सूक्ष्म जीवाणुदेखि मानव सभ्यतासम्म सबैलाई सकारात्मक योगदान दिन सक्छ। यसको ठिकविपरीत बजारदेखि बजारसम्मको नाफा केन्द्रित कृषि प्रणालीले वातावरणीय सन्तुलनलाई बेवास्ता गर्छ र अन्ततः प्राकृतिक लयलाई नै ध्वस्त बनाउँछ।

यही सन्दर्भमा निर्वाचनको महत्त्व अझ बढ्छ। निर्वाचन केवल प्रतिनिधि छान्ने प्रक्रिया मात्र होइन, यो देशको विकास दिशा निर्धारण गर्ने अवसर पनि हो। किसान मतदाता मात्र होइनन्, नीति-निर्माणका प्रमुख हिस्सेदार पनि हुन्। त्यसैले निर्वाचनका वेला किसानले आफ्नो पहिचान र सरोकारलाई बिर्सनुहुँदैन। उम्मेदवारको भाषणभन्दा पनि उनीहरूको कृषि नीति, माटो संरक्षण योजना, जल व्यवस्थापन दृष्टिकोण, बिउ-प्रणाली, बजार संरचना र किसान अधिकारप्रतिको प्रतिबद्धता मूल्यांकन गर्नु जरुरी हुन्छ। जुन नीति किसान, माटो र प्रकृतिको हितमा छैन, त्यो राष्ट्रको हितमा पनि हुँदैन। यो सत्यलाई मतदाताले बुझ्नैपर्छ।

आजको चुनौती केवल उत्पादन बढाउने होइन, उत्पादनको गुणस्तर सुधार्ने हो। रासायनिक निर्भरता घटाउँदै जैविक तथा प्राकृतिक खेती प्रवर्द्धन गर्ने, स्थानीय भूमि, बिउ, कृषि रोजगार बैंकहरू स्थापना गर्ने, कृषि शिक्षालाई व्यावहारिक बनाउने, साना घरेलु तथा ग्रामीण उद्योगसँग कृषिलाई जोड्ने र किसानलाई उचित मूल्य सुनिश्चित गर्ने नीति अपनाउन सकियो भने मात्र ग्रामीण अर्थतन्त्र र कृषि क्षेत्र पुनर्जीवित हुन सक्छ। यसका लागि सरकार, समुदाय, सहकारी, अनुसन्धान संस्था र स्वयं किसानबिच सहकार्य अपरिहार्य छ।

अन्ततः कृषि केवल अन्न उत्पादन गर्ने माध्यम होइन। यो संस्कार, संस्कृति र सभ्यताको निरन्तरतासमेत हो। यदि किसान कमजोर भए भने राष्ट्र कमजोर हुन्छ। यदि माटो मऱ्यो भने भविष्य मर्छ। त्यसैले निर्वाचनमा किसान आफैंले किसानी नबिर्सिऊन्, आफ्नो मतलाई आफ्नै माटो, आफ्नै बिउ र आफ्नै भविष्यको पक्षमा प्रयोग गरून्। यही चेतना जागृत भयो भने मात्र आत्मनिर्भर, स्वाभिमानी र दिगो राष्ट्र निर्माणको मार्ग प्रशस्त हुन सक्नेछ।

(अधिकारी कृषिविज्ञ हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठ**लाई



दलहरूले एउटै मुद्दालाई हरेक निर्वाचनमा उठाउँछन्, तर सत्तामा पुगेपछि बिर्सन्छन्, किन ?

हाम्रा राजनीतिक दलका नेतृत्वको नैतिक धरातल निकै कमजोर छ। आफूले उठाएका मुद्दा पूरा गर्नुपर्छ, जनतासामु गरेका वाचाबाट पछि हट्नुहुन्न भन्ने सोच नै छैन। नेतृत्वमा जवाफदेहिता नभएपछि तिनका मुद्दा अलपत्र पर्नु अन्यथा होइन। जबसम्म दलका नेतृत्व आफूलाई जनप्रतिनिधिका रूपमा चुन्ने समुदायप्रति जवाफदेही हुँदैनन्, तबसम्म तिनले उठाएका मुद्दा यसैगरी बेवारिसे बनिरहन्छन्। निर्वाचनको समयमा हात जोड्दै मतदातासामु पुग्ने, ठुल्ठुला मुद्दा उठाउने तर पछि जितेर गइसकेपछि तिनै मतदाता र मुद्दा बिर्सने नेतृत्वको कमजोर नैतिक, सांस्कृतिक मूल्यका कारण तिनले उठाएका मुद्दा अलपत्र पर्दै आएका हुन्।

दलहरूले उठाएका मुद्दा पूरा हुनै नसक्ने हुन्छन् कि तिनले पूरा गर्ने नचाहने हुन् ?

यसमा दुइटै पक्ष हुन्छ। कतिपय मुद्दा पूरा हुन सक्ने खालका पनि हुन्छन् भने कतिपय मुद्दा पूरा हुनै नसक्ने, ठुलो स्रोतसाधन खर्च हुने र बढी समय लाग्ने खालका पनि हुन्छन्। तर, हाम्रा नेताले आफ्नो नैतिकता बिर्सिँदा ती मुद्दा पूरा हुन सक्ने या नसक्ने अवस्थाले खासै फरक पारेको देखिन्न। कतिपय मुद्दा त तिनले आगामी निर्वाचनमा फेरि उठाएर भोट बटुल्नुपर्छ भनेर पनि अलपत्रै छाडेजस्तो देखिन्छ।

पूरा हुन सक्ने मुद्दा मात्र उठाएर निर्वाचनमा मतदाताको मन जित्न सकिन्न ?

किन नसकिनु ? कतिपय उम्मेदवारले अहिले पनि पछि पूरा गर्न सक्ने मात्र मुद्दा उठाइरहेका छन् र तिनलाई जनताले विश्वास पनि गरिरहेका छन्। नेपाली जनताले धेरै र ठुला कुरा खोजेकै छैनन्। तिनले सानै कुरा भए पनि इमानदारीपूर्वक पूरा भएको देख्न चाहेका छन्। सानो काम गर्दा पनि असाध्यै खुसी हुनु नेपालीको बानी नै हो। तिनलाई ठुला कुरा गरेर झुक्याउनुभन्दा साना र पूरा हुन सकिने कुरा मात्र गरिदिए पुग्छ।

प्रेरक प्रसंग

बुद्ध र जीवनको मूल्य

एकपटक भगवान् बुद्ध एउटा गाउँमा पुग्दा एकजना गाउँलेले सोधे- भगवान् मानव जीवनको मूल्य कति हो ? जिज्ञासा सुनेर बुद्ध एकैछिन मौन भए र एउटा चम्किलो पत्थर उनको हातमा दिँदै भने- बजारमा जाऊ र दुई-चारजनालाई सोधेर यसको मूल्य पत्ता लगाएर आऊ। तर, बेच्नचाहिँ नबेच।



गाउँले सुन्तला व्यापारीकहाँ पुगे। उनले व्यापारीसित त्यसको मूल्य सोधे। व्यापारीले त्यो पत्थर हेरेर त्यसका लागि १२ वटा सुन्तला दिने बतायो। त्यसपछि उनले तरकारी व्यापारीलाई भेटे। उसले त्यसका लागि एकबोरा आलु दिने बतायो। उनी सुनारकहाँ पुगे। सुनारले चार हजार स्वर्ण मुद्रा दिन सक्ने बतायो। त्यसपछि उनी जौहरीकहाँ पुगे। जौहरीले त्यस रत्नलाई रातो सफा कपडामाथि राख्यो, तीनपटक परिक्रमा गऱ्यो र ढोग्यो। उसले भन्यो- तपाईंले यो रत्न कहाँबाट ल्याउनुभयो ? सिंगो दुनियाँ बेचेर पनि यसको मूल्य तिर्न सकिन्न। यो अमूल्य छ। व्यापारीको जवाफपछि उनी बुद्धकहाँ फर्किए। उनले सबै विवरण सुनाए र भने- भगवान्, अब त भन्नुहोस् मनुष्य जीवनको मूल्य कति हो ? हल्का मुस्कुराउँदै बुद्धले भने- सुन्तलावालाका लागि पत्थरको मूल्य १२ सुन्तला, तरकारीवालाका लागि एकबोरा आलु, सुनारका लागि चार हजार स्वर्णमुद्रा र जौहरीका लागि अमूल्य। अब यसैबाट तिमी आफ्नो जीवनको मूल्य पत्ता लगाऊ। तिमी निश्चय नै हिरा हौ। तर, तिम्रो मूल्य हरेक व्यक्तिले आ-आफ्नो सामर्थ्यअनुसार तोक्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मताधिकार किन नदिने ?

हरेक निर्वाचनअघि विदेशमा रहेका नेपालीलाई मताधिकार दिने विषयमा ठुलो बहस चल्छ। तर, अन्तिममा पुग्दानपुग्दै त्यो बहस त्यत्तिकै सेलाउँछ। र, अर्को निर्वाचन नआउन्जेल त्यो बहस ठप्पै हुन्छ। तर, जब अर्को निर्वाचन आउँछ, त्यसपछि फेरि दलहरू बडो जोस र उमंगसहित जुर्मुराउँछन् र विदेशमा बसोवास गर्ने नेपालीलाई जसरी पनि मतदानको अधिकार दिएरै छाड्ने गफ दिन्छन्। तर, फेरि पनि त्यो बहस निर्वाचन आउँदानआउँदै पूरापूर सेलाउँछ। के विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने विषय सार्वजनिक खपतका लागि मात्र उचालिन्छ हो ? नत्र, तिनैले पठाएको रेमिट्यान्स चल्ने तर मत नचल्ने भन्ने कसरी हुन्छ ?

● **शोभना गिरी**, स्युचाटार, काठमाडौं

चुनावी मुद्दा मात्र नबनाऊ

'चुनावी मुद्दा मात्र बन्छन् मुसहरका समस्या' शीर्षकको समाचार पढियो। समाचार पढेर सोचमग्न हुँदा दलहरूले मुसहरका समस्यालाई केवल भोटको मुद्दा बनाइरहेका त छैनन् भन्ने प्रश्न मनमा जाग्यो। हुन पनि हरेक निर्वाचनमा कुनै न कुनै मुद्दा बनेर अगाडि आउने भूमिहीन मुसहरको मुद्दा दल र तिनका सम्बन्धित क्षेत्रका उम्मेदवारले भुसक्कै बिर्सिने गरेका छन्। गरिब मुसहरको मुद्दालाई यसरी कहिलेसम्म उपहास गरिरहन्छौ ?

● **कृष्ण कलवार**, नक्खु, ललितपुर

बस्न्यातको लेख मन पऱ्यो

लेखक बिनोज बस्न्यातको 'निर्वाचनमा अनुहार नयाँ, सीमा पुरानै' शीर्षकको लेख मन पऱ्यो। बस्न्यातले भनेजस्तै यसपालिको निर्वाचन औपचारिकता मात्र साबित हुने सम्भावना देखिँदै छ। किनकि, निर्वाचनले नयाँ अनुहारलाई अगाडि ल्याए पनि पुरानै संरचना, पुरानै प्रशासन, पुरानै न्याय सेवालगायतले गर्दा खासै ठुलो परिवर्तन आउने अवस्था देखिन्न। त्यसैले, यो निर्वाचनलाई समस्या समाधानको अचुक अस्त्र ठानेर हौसिनु बेकार हुन पनि सक्छ।

● **वन्दना कायस्थ**, दधिकोट, भक्तपुर

निर्वाचनको कसीमा बालमनोविज्ञान

चुनाव केही दिनको राजनीतिक प्रक्रिया मात्र हो, तर यसले समाजमा छोड्ने छाप दीर्घकालीन हुन्छ। चुनावपछि पनि हामीले बस्ने समाज यही हो र हाम्रा बालबालिका हुर्कने वातावरण पनि यही हो। त्यसैले, यो समयमा निम्न पक्षमा ध्यान दिनु अपरिहार्य छ :

संयमित भाषा र व्यवहार : राजनीतिक दल र उम्मेदवारले आफ्नो अभिव्यक्तिमा संयम अपनाउनुपर्छ। गाली होइन, एजेन्डा र विचारको राजनीतिले मात्र बालबालिकालाई स्वस्थ लोकतान्त्रिक अभ्यास सिकाउँछ।

अभिभावकको सचेतना : घरमा राजनीतिक चर्चा गर्दा अभिभावकले सन्तुलित दृष्टिकोण राख्नुपर्छ। फरक मत राख्ने छिमेकी वा साथीप्रति सम्मान भाव राख्न सिकाउनु नै बालबालिकाका लागि सबैभन्दा ठुलो नागरिक शिक्षा हो।

विद्यालयको तटस्थता : शैक्षिक संस्थालाई राजनीतिक क्रीडास्थल बनाउनुहुँदैन। शिक्षकले विद्यार्थीलाई निर्वाचनको महत्त्व बुझाउँदा तटस्थ र मर्यादित बन्न प्रेरित गर्नुपर्छ।

सामाजिक सञ्जालको मर्यादित प्रयोग : बालबालिकाको हात-हातमा मोबाइल पुगेको आजको युगमा सामाजिक सञ्जालमा गरिने टिप्पणी शिष्ट हुनुपर्छ। बालबालिका समाज र राष्ट्रका गहना हुन्। उनीहरूको मनोविज्ञानमा नकारात्मक असर पर्नु भनेको राष्ट्रको भविष्य अन्धकारतर्फ धकेलिनु हो। निर्वाचनलाई केवल सत्ता प्राप्तिको दाउपेच नबनाई संस्कार र सभ्यता प्रदर्शन गर्ने उत्सवका रूपमा लिइनुपर्छ। हाम्रो आजको अनुशासित र मर्यादित व्यवहारले नै भोलिको पुस्तालाई जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने हो। तसर्थ, निर्वाचनका वेला सबै सरोकारवालाले जिम्मेवार व्यवहार प्रस्तुत गरौं, ताकि हाम्रा नानीबाबुले समाजबाट घृणा होइन, सद्भाव सिक्न पाऊन्।

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा

यौनअपराध मुद्दाका फैसलामा अदालत किन पूर्वाग्रही ?

एक असल महिला विवाहविना यौनसम्पर्कका लागि राजी हुँदैनन् भन्नु पितृसत्तात्मक धारणासिवाय केही होइन



देश/विदेश

● नमिता भण्डारे

सेप्टेम्बर २०२७ मा भारतको पहिलो महिला प्रधानन्यायाधीश बन्न लागेकी न्यायाधीश बिभी नागरत्नाले यसै साता विवाहसम्बन्धी केही सुझाव दिइन्। 'विवाहअघि केटा र केटी अपरिचित हुन्छन्। सम्बन्ध बाक्लो वा पातलो जस्तोसुकै भए पनि उनीहरू विवाहअघि कसरी शारीरिक सम्बन्धमा संलग्न हुन सक्छन् भन्नेबारे हामी बुझ्न सक्दैनौं।' सर्वोच्च अदालतका दुई न्यायाधीश नागरत्ना र उज्ज्वल भुयानको बेन्चले एक पुरुषको जमानतसम्बन्धी निवेदनको सुनुवाइ गरिरहेको थियो। ती पुरुषले एकजना महिलालाई वैवाहिक कारोबार गर्ने वेबसाइटमा भेटेका थिए। तिनले विवाह गर्ने वाचा गरेर उनीसँग यौनसम्पर्क गरेका थिए। तर, उनी पहिल्यै विवाहित भएको पत्ता लागेको थियो। उनले पछि अर्कैसँग विवाह गरे। उनले वैवाहिक साइटमा भेटेकी महिलाले 'विवाह गर्ने झुटो वाचा'का आधारमा बलात्कारको उजुरी दायर गरेकी थिइन्।

न्यायाधीश नागरत्नाले उनलाई सोधिन्, 'उनी किन ती व्यक्तिलाई भेट्न दुबई गएकी थिइन् त ?' पक्कै पनि यदि उनी विवाह गर्न चाहन्थिन् भने त्योभन्दा पहिले यात्रा गर्नु हुँदैनथ्यो। 'जब सहमतिमा सम्बन्ध राखिन्छ भने त्यो मुद्दा चलाउने र दोषी ठहऱ्याउनुपर्ने विषय होइन,' उनले उल्लेख गरिन्। विवाह गर्ने झुटो वाचाका आधारमा यौनसम्पर्कका लागि महिलाबाट सहमति लिनु १० वर्षसम्मको जेल सजाय हुने अपराध हो।

२०१३ मा दिल्लीका जिल्ला अदालतमा बलात्कार मुद्दाको अध्ययनले पत्ता लगायो कि चारमध्ये एकजनाले विवाह गर्ने झुटो वाचा गरेका थिए। 'विवाह गर्ने झुटो वाचा'लाई अपराधीकरण गर्न समस्या छ। एक असल महिला विवाहविना कहिल्यै यौनसम्पर्क गर्न राजी हुनेछैनन् भन्ने कुरा मेरा लागि भने पितृसत्तात्मक धारणा हो।

सन् २०२४ मा न्यायाधीश नागरत्नाले पनि सहमतिमा भएको यौनसम्बन्ध टुट्नुलाई आपराधिक रंग दिन नसकिने उल्लेख गरेकी थिइन्, जब 'त्यो सम्बन्ध वैवाहिक सम्बन्धमा परिणत हुँदैन।' लामो समयदेखि बलात्कारको फैसला उपहासले भरिएको छ र 'सर्वोच्च सम्मान', 'महिलाको सबैभन्दा प्रिय सम्पत्ति', र 'अविस्मरणीय लज्जा'जस्ता भव्य गद्यले भरिएको छ, जसले 'डरलाग्दो नैराश्य' निम्त्याउँछ।

यो उदाहरण सन् १९७४ मा प्रहरी चौकीभित्र १६ वर्षीया आदिवासी केटीलाई बलात्कार गरेको आरोपमा ट्रायल कोर्टले दुई प्रहरीलाई सफाइ दिएको फैसलातर्फ जान्छ। यो अदालतको लज्जास्पद र पूर्ण रूपमा विकृत तर्क थियो कि ती आदिवासी केटी 'यौनसम्पर्कका लागि अभ्यस्त' थिइन्, त्यसैले सो कार्य बलात्कार हुन सक्दैन। त्यसपछि त्यो फैसला सर्वोच्च अदालतसम्म पुग्यो, जहाँ १९७९ मा तीन न्यायाधीशको बेन्चले केटीको शरीरमा कुनै चोटपटक नभएको भन्दै उनीमाथि बलात्कार भएको हुन नसक्ने उल्लेख गरेको थियो। सन् २०२५ को नोभेम्बरमा तत्कालीन प्रधानन्यायाधीश बिआर गवईले सो फैसलालाई 'संस्थागत लज्जा' भने। तर, १९७९ मा सर्वोच्च अदालतको फैसला प्राकृतिक न्यायको सिद्धान्तविरुद्ध गएको भन्दै लोटिका सरकार र उपेन्द्र बक्सीलगायत सम्मानित विद्वान्को एउटा समूहले खुलापत्र लेख्यो। महिला समूह विरोध गर्न सडकमा उत्रिए। यसले १९८३ मा प्रमाणसम्बन्धी ऐनमा परिवर्तन ल्यायो- कुनै महिलाले अदालतमा आफूले सहमति नजनाएको बताउँछिन् भने अदालतले उनलाई विश्वास गर्नुपर्छ। तर, वरिष्ठ अधिवक्ता शोभा गुप्ताले औंल्याइन् कि अदालतले 'महिलामा गल्ती खोजिरहेका छन् र कम आरोप लगाउन वा पुरुषलाई पूर्ण रूपमा निर्दोष ठहऱ्याउन कारण खोजिरहेका छन्।'



यस साताको सुरुमा छत्तीसगढ उच्च अदालतले ट्रायल कोर्टले बलात्कारको सजाय दिएको फैसलाविरुद्ध भएको पुनरावेदनको सुनुवाइ गरिरहेको थियो। नाबालिग पीडित केटीको भित्री वस्त्रमा वीर्यको प्रमाण भए पनि उच्च अदालतले वीर्य छिरेको कुनै प्रमाण नभएको फैसला सुनायो। त्यसैले, त्यो बलात्कार थिएन, केवल बलात्कारको प्रयास थियो, बलात्कारको अपराधमा न्यूनतम सात वर्षको सट्टा तीन वर्षको जेल सजाय हुने अपराध।

तर, के बलात्कारको वास्तविक प्रयासलाई बलात्कारको तयारीमा मात्र सीमित गर्न सकिन्छ ? गत वर्ष मार्चमा इलाहाबाद उच्च अदालतले दुईजना पुरुषले एक नाबालिग केटीलाई कल्भर्टमुनि घिसारेर लगेको, उनको स्तन छोएको, पाइजामाको डोरी खुकुलो पारेको (बटुवाहरूले भाग्यवश हस्तक्षेप गरेर उनलाई उद्धार गरेका थिए) घटनालाई बलात्कारको प्रयास मानिएको थिएन भनेर देखाएको थियो। 'बलात्कार प्रयासको आरोप बाहिर ल्याउन, अभियोजन पक्षले यो तयारीको चरणभन्दा बाहिर गएको कुरा स्थापित गर्नुपर्छ,' न्यायाधीशले सो मुद्दाको फैसलामा भने। आदेश यति बेतुकको थियो कि वरिष्ठ अधिवक्ता शोभा गुप्ताले तुरुन्तै सर्वोच्च अदालतलाई पत्र लेखिन्। सर्वोच्च अदालतले हस्तक्षेप गऱ्यो र आदेश उल्ट्याइयो।

अर्को एक घटनामा पनि इलाहाबाद उच्च अदालतले त्यस्तै विरोधाभाषपूर्ण फैसला गरेको थियो। एक बलात्कारपीडित (जो स्नातकोत्तर अध्ययनरत विद्यार्थी थिइन्)ले बारमा गएर मदिरा पिएपछि अस्वस्थ महसुस गरिरहेकीले पीडकको घर जान सहमति जनाइन्, परिणामतः 'आफैं समस्या निम्त्याइन्'। हो, उनी बलात्कृत भएकी थिइन्। तर, उनले 'आफ्नो कार्यको नैतिकता र महत्त्व' बुझ्नुपर्थ्यो। अप्रिल २०२५ मा सर्वोच्च अदालतले पीडितलाई नै दोषी ठहऱ्याउँदा सावधान रहन न्यायाधीशलाई चेतावनी दिने टिप्पणीमा आपत्ति जनायो।

अदालतहरूले किन यस किसिमको विवादास्पद फैसला गर्छन् ? पुरुष अपराधीभन्दा महिला पीडितमाथि किन केन्द्रित हुन्छन् फैसलाहरू ? न्यायबाहेक अरू केही नखोज्ने महिलामा व्यक्तिगत नैतिकता लाद्ने कार्य कति न्यायोचित हो ? बलात्कारको फैसलालाई सर्वोच्च अदालतले बारम्बार चुनौती दिइरहेको छ र उल्ट्याइरहेको छ भने यसले कसलाई फाइदा हुन्छ ? यो निश्चित रूपमा ती पीडितले फाइदा पाउँदैनन्, जसले अदालतसम्म पुग्न कठिन संघर्षको सामना गर्नुपर्छ।

(भारतीय पत्रकार भण्डारे लैंगिक विषयमा कलम चलाउँछिन्)

इरानसँग निहुँ खोज्नु अमेरिकालाई नै प्रत्युत्पादक

पछिल्लो समय मध्यपूर्वमा अमेरिकी सेनाको उच्च उपस्थितिले आसन्न आक्रमणको चिन्ता बढाएको छ



● याङ सियाओटोङ
याङ होराइजन इनसाइट्स सेन्टरका अनुसन्धानकर्ता हुन् ।

गत साता अमेरिकी कूटनीतिज्ञ र उनीहरूका इरानी समकक्षी ओमानको मध्यस्थतामा जेनेभामा अर्को चरणको वार्ताका लागि बसे । परिणाम अस्पष्ट देखिन्थ्यो । इरानीले 'राम्रो प्रगति' भएको बताए पनि अमेरिकीले 'थोरै मात्र प्रगति' भएको दाबी गरे । यसैबिच, संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले फेरि एकपटक इरानमाथि आक्रमण गर्ने धम्की दिए । हालैका सातामा मध्यपूर्वमा भारी अमेरिकी सैन्यले अखडा जमाएको छ, जसलाई धेरै पर्यवेक्षकले आसन्न आक्रमणको रूपमा समेत हेरेका छन् । यस सन्दर्भमा, यो प्रश्न उठाउनु उपयुक्त हुन सक्छ कि के हालका वार्ता कतै युद्ध तयार गर्न समय बिताउने एक रणनीति मात्र त थिएन ?

अमेरिकी सैन्य शक्तिको सामनाको परिप्रेक्ष्यमा कतिपयले सुझाव दिएका छन् कि इरानको एक मात्र विकल्प भनेको अमेरिकासँग सम्झौताका लागि वार्ता गर्नु हो, चाहे त्यो जतिसुकै अनुचित किन नहोस् । विश्वको सबैभन्दा ठुलो बजेट भएको देशको सेनाविरुद्धमा इरानी सैन्य क्षमता फितलो साबित हुन सक्छ । तर, वासिंटनले तोड्न सक्ने कमजोर सम्झौतामार्फत आत्मसमर्पण स्वीकार गर्नु तेहरानको एक मात्र विकल्प नहुन सक्छ । इरान अमेरिकी धम्कीविरुद्ध सशक्त रूपमा खडा हुन र जित्न सक्ने अर्को तरिका पनि छ ।

■ विगतका वार्ताको नियति

अमेरिका-इरान वार्तालाई अलग गरेर हेर्न सकिँदैन । इरानका लागि अमेरिकासँगको कुनै पनि कूटनीतिक संलग्नता संयुक्त व्यापक कार्य योजना (जेसिपिओए) को विरासतले ओझेलमा परेको छ । सन् २०१५ मा अमेरिका, चीन, रुस, फ्रान्स, संयुक्त अधिराज्य, जर्मनी, युरोपेली संघ र इरानद्वारा हस्ताक्षर गरिएको सम्झौताले इरानी आणविक कार्यक्रमको पूर्ण पारदर्शिताको बदलामा उसमाथि लामो समयदेखि लाग्दै आएको प्रतिबन्धमा केही हदसम्म राहत प्रदान गऱ्यो । अर्थात्, उक्त सम्झौतापछि इरानमाथिको प्रतिबन्ध खुकुलो बन्यो । तेहरानले सम्झौता स्वीकार गऱ्यो, यद्यपि यसमा केही अनुचित प्रावधान थिए र केही अमेरिकी प्रतिबन्ध भने यथावत् नै थिए ।

जे भए पनि इरानले आफ्नो दायित्व पूरा गऱ्यो, जुन कुरालाई अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले बारम्बार पुष्टि गरेको थियो । तर, दुःखद पक्ष बदलामा हस्ताक्षरकर्ताको रूपमा अमेरिकाले आफ्नो तर्फबाट सम्झौताको पालना गरेन । सन् २०१८ मा राष्ट्रपति ट्रम्पले एकतर्फी रूपमा जेसिपिओएबाट फिर्ता भएको घोषणा गरे र इरानको अर्थतन्त्रलाई कमजोर पार्ने उद्देश्यले अधिकतम दबाब दिन अमेरिकाले पुनः प्रतिबन्ध लागू गऱ्यो । यो एक स्पष्ट सम्झना थियो कि अमेरिकी प्रतिज्ञा गैरबाध्यकारी छ । 'अमेरिका पहिलो' नीतिको अनुसरणमा अमेरिकी सहयोगीको हितका लागि खासै वास्ता नगर्ने नेताको रूपमा ट्रम्पले अमेरिकीविरोधीको हितको सम्मान गर्छन् भनेर आशा गर्न सकिँदैन ।



अत्यधिक सैन्य श्रेष्ठताको माध्यमबाट अमेरिकाले प्रारम्भिक सफलता हासिल गर्ला, तर अमेरिकी सेना इरानको अन्त्यन्त विकट पहाडी भूभागमा लामो प्रति-विद्रोहमा फस्न सक्छ ।

यद्यपि, यदि कुनै डेमोक्र्याटिक राष्ट्रपति ह्वाइट हाउसमा भएको भए पनि जेसिपिओए सम्झौता कायमै रहने कुनै निश्चित थिएन । अमेरिकाको ध्रुवीकृत राजनीतिक वातावरणमा अमेरिकी राष्ट्रपतिको हस्ताक्षर अर्को चुनावसम्म मात्र मान्य हुन्छ । अमेरिकाका लागि कुनै पनि वार्ताविरोधीलाई सुरक्षाको गलत भावनामा फसाउने उद्देश्यले गरिएको एउटा रणनीतिभन्दा बढी हुन सक्दैन । गत वर्ष अमेरिकी र इरानी प्रतिनिधि ओमानमा अर्को चरणको वार्ताका लागि भेट्ने तालिका तोकिइरहेका बेला अमेरिकी प्रमुख सहयोगी इजरायलले इरानविरुद्ध ठुलो सैन्य अभियान सुरु गऱ्यो ।

उक्त युद्धमा अमेरिकाले आफ्नो प्रत्यक्ष संलग्नता अस्वीकार गरे पनि उसले पहिले नै सूचना प्राप्त गरेको विषयलाई स्वीकार गऱ्यो । दुई देशबिचको घनिष्ठ सम्बन्धलाई ध्यानमा राख्दै यो पूर्वजानकारीले बलियो संकेत गर्छ कि तेहरानविरुद्ध इजरायलको हमलाका लागि अमेरिकाले मौन स्वीकृति दिएको थियो । आज, इरान फेरि अमेरिकासँग वार्तामा संलग्न छ र अझ अनुचित सम्झौता स्वीकार गर्न तेहरानमाथि दबाब दिइँदै छ । यदि तेहरान पछि हट्यो र अमेरिकी माग पूरा गऱ्यो भने ट्रम्प (जसले प्रस्ट ढंगले कमजोर पक्षको सिकार गर्छन्) केवल गोलपोस्ट सार्नेछ । अमेरिकी मागको शृंखला परिवर्तन भइरहन सक्छ । आज इरानको आणविक कार्यक्रमबाट भोलि उसको ब्यालिस्टिक मिसाइल र पर्सी शासन परिवर्तनसम्म बदलिँदै जानेछ ।

इजरायलसँगको विशेष अमेरिकी सम्बन्धको अर्थ हो कि इजरायली राज्यलाई शत्रुको रूपमा हेर्ने इरानी सरकारप्रति वासिंटनको मौलिक रूपमा शत्रुतापूर्ण छ । फलस्वरूप, ट्रम्पको लक्ष्य दिगो सम्झौतामा पुग्नु होइन, बरु इरानले कहिल्यै पनि आफ्ना माग पूर्ण रूपमा पालना गर्न नसकोस् भन्ने कुरा सुनिश्चित गर्नु हो, जसले गर्दा अधिकतम दबाब र शत्रुताको स्थायी अभियानलाई औचित्य प्रदान गर्छ । यस सन्दर्भमा र यसको हालैको अनुभवलाई मनन गर्दै इरानका लागि अमेरिकी वाचा र वार्तामा गरिएका सम्झौतामा भर पर्नु मूर्खतापूर्ण हुनेछ ।

■ बलियो क्षेत्रीय सम्बन्धमार्फत लाभ

हालको अमेरिका-इरान गतिरोध एक उच्च जोखिमको खेल हो, जसमा पूर्ण युद्धको सम्भावित परिणाम देखिन्छ । अमेरिकाले अत्यधिक सैन्य श्रेष्ठताको माध्यमबाट प्रारम्भिक विजय हासिल गर्न सक्छ, तर अमेरिकी सेना इरानको पहाडी भूभागमा लामो समयसम्म चल्ने प्रति-विद्रोहसँग लड्न पनि अल्झन सक्छ । यसको विपरीत, इरानले अन्ततः अमेरिकी आक्रमणलाई विफल पार्न सक्छ (जसरी यसका अफगान छिमेकीले गरे) । यस प्रक्रियामा देश भग्नावशेषमा परिणत हुनेछ ।

यसको अर्थ इरान पछि हट्नुपर्छ भन्ने होइन । ग्रिनल्यान्ड संकट र चीन-अमेरिका व्यापार युद्धले ट्रम्पको आक्रमण गर्ने प्रवृत्ति कम भएको देखाएको छ । युरोपेली संघ र चीन इरानभन्दा धेरै शक्तिशाली भए पनि दृढ संकल्पको स्पष्ट प्रदर्शनले ट्रम्पलाई पछि हट्न बाध्य पार्न सक्छ । र, अमेरिकाको अवज्ञा गर्दैमा तेहरान एक्लो हुनुपर्दैन । यसको छिमेकमा, अन्य ठुला खेलाडी छन्, जसले अमेरिकाको नेतृत्वमा अर्को विनाशकारी युद्ध उनीहरूको हितमा छैन भनेर स्वीकार गर्छन् । इरानले स्थिरताका लागि क्षेत्रीय चाहनालाई फाइदा उठाउन सक्छ र फाइदा लिनुपर्छ ।

वर्षौंसम्म, इरानले यस क्षेत्रमा टकरावको नीति अपनायो । यो मान्यताले अन्ततः २०२३ मा साउदी अरेबियासँगको सम्बन्धलाई ऐतिहासिक सामान्यीकरणमा पुऱ्यायो (चीन, ओमान र इराकद्वारा सहजीकरण गरिएको एक सफलता) जसले गर्दा अन्य अरब देशहरूसँग व्यापक बन्देजलाई गति दिइयो । तीन वर्षपछि त्यो निर्णयले लाभ दिइरहेको छ । उल्लेखनीय रूपमा साउदी अरेबिया, ओमान, टर्की र कतारले ट्रम्पलाई संयम अपनाउन पैरवी गरिरहेका छन् । यो छिमेकी कूटनीतिमा निर्माण र क्षेत्रीय स्थिरता र सुरक्षा संरचना विकासमा लगानी गर्नाले यस क्षेत्रमा अर्को ठुलो अमेरिकी युद्धलाई रोक्न मद्दत गर्न सक्छ ।

अलजजिराबाट

इतिहासमा आज फेब्रुअरी २६



● **सन् १९३२ : छिमेकी अस्ट्रियाबाट आप्रवासीका रूपमा जर्मनी पसेका हिटलरले यसै दिन जर्मन नागरिकता पाए । योसँगै उनको सात वर्ष लामो राज्यहीनता अन्त्य भयो र उनी जर्मनीको कार्यकारी पदका लागि उठ्न पाउने भए ।**

● **सन् १६०६** : डच अन्वेषक विलेम ज्यान्सजुन र उनको खोजी दल अस्ट्रेलिया महादेश ओर्लिने पहिलो युरोपेली समूह बन्यो ।

● **सन् १८१५** : ६ देशको गठबन्धनसँगको युद्धमा हार भोगेपछि एल्बामा निर्वासित नेपोलियन बोनापार्टले यसै दिन केही समर्थकसहित १०० दिने फ्रान्स फिर्ती अभियान सुरु गरे । यस चामात्कारिक यात्रापछि फ्रान्समा पुनः केही अवधि नेपोलिन शासन फर्किएको थियो ।

● **सन् १८६९** : अमेरिकी कंग्रेसले संविधानको १५औं संशोधन पारित गऱ्यो । यसले नागरिकलाई तिनका नश्ल, रूप वा विगतको दासत्वका आधारमा राज्यले मताधिकारबाट वञ्चित गर्न नपाउने व्यवस्था गऱ्यो ।

● **सन् १८८४** : बर्लिन सम्मेलनमा बेलायत र पोर्चुगलले कंगोमाथिको दाबी त्यागे सो क्षेत्र बेल्जियमका राजा लियोपोल्ड द्वितीयलाई दिन सहमति जनाए ।

● **सन् १९२१** : सोभियत संघ र इरानबिच एक-अर्काको सार्वभौमिकताको सम्मान गर्ने सम्झौतामा हस्ताक्षर भयो ।

● **सन् १९२४** : 'बियर हल कू' मुद्दामा एडोल्फ हिटलरविरुद्ध सुनुवाइ सुरु भयो । अप्रिल १ सम्म चलेको मुद्दामा हिटलरलाई पाँच वर्षको जेल सजाय भयो । तथापि, उनी नौ महिनामै रिहा भए ।

● **सन् १९५२** : ब्रिटिस प्रधानमन्त्री विस्टन चर्चिलले आफ्नो देशसँग आणविक बम भएको घोषणा गरेसँगै बेलायत अमेरिका र रुसपछि आणविक अस्त्र सम्पन्न तेस्रो देश बन्यो ।

● **सन् १९९३** : विश्व व्यापार केन्द्रको ग्यारेजमा ट्रक बम विस्फोट गरियो । आतंकवादी आक्रमण मानिएको विस्फोटमा ६ जनाको मृत्यु भयो भने कम्तीमा हजारजना घाइते भए ।

● **सन् २००१** : तत्कालीन तालिबान सरकारले देशको प्राचीन बौद्ध सम्पदा 'बामियानको बुद्ध सालिक' बमले विस्फोट गर्ने निर्णय गरे । निर्णय एक महिनाभित्रै कार्यान्वयन भयो ।

अमेरिकी सर्वोच्च अदालतको फैसलापछि ट्रम्पद्वारा जारी नयाँ कर लागू

वासिंटन डिसी/ संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले देश भित्रिने सामानमाथि घोषणा गरेको नयाँ कर कार्यान्वयनमा आएको छ । देशको सर्वोच्च अदालतले ट्रम्प प्रशासनको अघिल्लो कर व्यवस्थालाई खारेज गरेपछि यो नयाँ कारदर लागू गरिएको हो । अमेरिकी भन्सार तथा सीमा सुरक्षा विभागले जारी गरेको सूचनाअनुसार वासिंटनले मंगलबारदेखि नै छुटमा नपरेका सबै सामानमा १० प्रतिशतको अतिरिक्त कर लगायो ।



शुक्रबार अमेरिकाको सर्वोच्च अदालतले ट्रम्पले आफूखुसी भन्सार दर लगाउन नपाउने फैसला गरेको थियो । अदालतको फैसलाप्रति प्रतिक्रिया जनाउँदै, अमेरिकी राष्ट्रपतिले पहिले १० प्रतिशतको नयाँ अस्थायी विश्वव्यापी कर घोषणा गरेका थिए । शनिबार त्यस स्तरलाई १५ प्रतिशतमा बढाउने बताए । अहिले न्यून दर अर्थात् १० प्रतिशतको भन्सार लागू भएपछि केही अन्योल देखिएको छ । दुई दर चर्चामा आए पनि त्यसमाथि न्यून दर किन लागू गरियो भन्नेबारे कुनै स्पष्टीकरण दिइएको छैन । नयाँ भन्सार शुल्कको संकलन मंगलबार मध्यरातबाट सुरु भइसकेको छ । यसअघि सर्वोच्च अदालतको निर्णयपछि विगतमा १० प्रतिशतदेखि ५० प्रतिशतसम्मको भन्सार शुल्कको संकलन रोकिएको थियो ।

नौ न्यायाधीशमध्ये रुढिवादी विचार राख्ने न्यायाधीशको बहुमत भएको अमेरिकाको सर्वोच्च अदालतले ६-३ का आधारमा पछिल्लो फैसला सुनाएको थियो । ट्रम्पले सन् १९७७ को एक कानुन प्रयोग गरी मनलाग्दी भन्सार कर लगाउन नपाउने अदालतको मूल फैसलामा उल्लेख छ । तर, ट्रम्पले भने भन्सार शुल्क 'संयुक्त राज्य अमेरिकाको गम्भीर भुक्तानी सन्तुलन घाटालाई सम्बोधन गर्न' आवश्यक माध्यम भएको बताउँदै आएका छन् । ट्रम्प आफ्ना निर्णयमा १.२ ट्रिलियन डलरको वार्षिक व्यापार घाटा, कुल गार्हस्थ्य उत्पादनको चार प्रतिशत चालू खाता घाटालाई औंल्याउने गर्छन् ।

मंगलबारदेखि लागू हुने नयाँ भन्सार शुल्कलाई संसद् (कंग्रेस)ले पछि विस्तार गर्न मानेन भने जम्मा १५० दिन मात्र लागू रहन्छ ।

सोमबार नै राष्ट्रपति ट्रम्पले अमेरिकासँग पछिल्लो समय व्यापार सम्झौता गर्ने देशलाई सम्झौताबाट पछि नहट्न चेतावनी दिए । यदि सम्झौताबाट पछि हट्ने प्रयास भए आफूले ती देशमाथि विभिन्न व्यापार कानुनअन्तर्गत झन् बढी भन्सार लगाउने बताएका छन् । यसबिच, बेइजिङले अमेरिकालाई आफ्नो 'एकपक्षीय भन्सार' त्याग्न आग्रह गरेको छ । आफूहरू अमेरिकासँग व्यापार वार्ताको अर्को चरण सुरु गर्न इच्छुक रहेको चीनको वाणिज्य मन्त्रालयले मंगलबार एक विज्ञप्तिमा भनेको छ । चीनले पछिल्लो अमेरिकी भन्सार समायोजनबारे सही समयमा निर्णय गर्ने पनि मन्त्रालयले भनेको छ ।

फेरि युद्धको सँघारमा इथियोपिया र इरिट्रिया

टिग्रे युद्धको ठिक तीन वर्षपछि र सुडान युद्ध चौथो वर्षमा प्रवेश गर्न लाग्दा 'हर्न अफ अफ्रिका' क्षेत्रले थप युद्ध थेग्न सक्दैन



● योहानेस गेडामु
गेडामु जर्जिया पिनेट कलेजमा राजनीतिशास्त्रका सिनियर लेक्चरर हुन् ।

इरिट्रिया र इथियोपिया इतिहासमा लामो समय घनिष्ट थिए । कुनै समय इथियोपियाको हिस्सा रहेको इरिट्रियामा सन् १९६१ देखि स्वतन्त्रताको लागि सशस्त्र संघर्ष सुरु भयो । अन्ततः सन् १९९३ मा स्वतन्त्रता सम्बन्धमा भएको जनमत संग्रहमा बहुमतले छुट्टिने पक्षमा मत दिएपछि इरिट्रिया अलग भयो । तर, स्वतन्त्रतापछि, दुई देशबिचको सम्बन्धम धेरै उतारचढाव देखिए । सन् १९९८ देखि २००० बिच दुई देशले विनाशकारी युद्ध लडे । त्यसपछि दुई दशक दुई देश एक-अर्कासँग बोलचालसमेत गरेनन् ।

इरिट्रियाका राष्ट्रपति इसायास अफवेर्कीले सन् २०१८ मा इथियोपियाका नवनिर्वाचित प्रधानमन्त्री अबी अहमदको शान्तिको प्रस्ताव स्वीकार गरेपछि दुईदेशबिच छलफल सुरु भयो । तर, त्यसको आठ वर्षपछि २०२६ को सुरुबाटै फेरि तिनै देश युद्धको डिलमा आइपुगेका छन् ।

■ दुई देशबिचको द्वन्द्वको इतिहास

सन् १९९८ मा इथियोपिया र इरिट्रियाबिच सीमा विवादका कारण घातक युद्ध सुरु भएको थियो । दुई देशबिच एक हजार किलोमिटरभन्दा लामो सीमा क्षेत्र छ । आक्रमण इरिट्रियाले सुरु गरेको थियो । इरिट्रियाको सेनाले इथियोपियाको उत्तरी क्षेत्र टिग्रेको विवादित सहर बाडमेमा आक्रमण गरेपछि यो युद्ध सुरु भएको थियो । दुई वर्ष चलेको युद्ध समकालीन अफ्रिकाको सबैभन्दा घातकमध्ये एक बन्यो, जसमा दसौं हजारले आफ्नो ज्यान गुमाए ।

जुन २००० मा भएको 'अल्जियर्स सम्झौता'सँगै युद्ध समाप्त गर्दै युद्धविराम सुरु गऱ्यो । सम्झौताले संयुक्त राष्ट्र संघको शान्ति सेनाको तैनाथीलाई अनिवार्य गरेको थियो भने विवादित सीमा क्षेत्रको सीमांकन गर्न सीमा आयोग गठन पनि गरेको थियो । यद्यपि, यति लामो समयसम्म सीमांकन भएको छैन । यही तथ्यले पनि दुईबिचको तनाव पूर्णतः नसल्टिएको देखाउँछ । युद्धविराम हुँदा इथियोपियामा 'टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट' प्रभावशाली रहेको चारदलीय राजनीतिक गठबन्धनले सरकार चलाइरहेको थियो । 'इथियोपियन पिपुल्स रिभोलुसनरी डेमोक्रेटिक फ्रन्ट' नामको यो गठबन्धनले सन् १९९१ देखि २०१८ सम्म लगातार इथियोपियामा शासन गऱ्यो ।

इरिट्रिया अलग भएपछि सत्तामा आएको दल विगतमा दुई देश एक हुँदा 'टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट'कै सहयोगी दल थियो । तर, देश अलग भएपछि पहिलेका सहयोगी दल नै प्रतिद्वन्द्वी बनेका थिए । त्यसैले दुईबिचको शत्रुता कहिल्यै हटेन । बरु समय-समयमा तनाव झन् बढ्ने गर्छ । सीमा क्षेत्रको दुवैतर्फ अत्यन्त सैन्यीकृत छ । सिमानामा रहेको 'नो म्यान्स ल्यान्ड'ले सुरक्षा करिडोरको रूपमा काम गर्छ । सन् २०१८ मा इथियोपियाका प्रधानमन्त्री अबी अहमदको अग्रसरतामा इरिट्रियासँग भएको शान्ति सम्झौताको विश्वभर र क्षेत्रीयस्तरमा धेरैले प्रशंसा गरे । अहमद सन् २०१९ को नोबेल शान्ति पुरस्कारबाट सम्मानित गरिए । खासमा धेरै विश्लेषक यी दुई देशबिच भिन्नताभन्दा समानता बढी भएको औंल्याउँछन् । तर, सम्झौताले राजनीतिक र आर्थिक सहयोग वृद्धि गरेन, खालि छोटो समयको शान्ति मात्र स्थापना गऱ्यो ।

अबि अकदम अप्रिल २०१८ मा सत्तामा आएदेखि इथियोपियाको राजनीतिमा टिग्रे पिपुल्स लिबरेसन फ्रन्टको पकड समाप्त भयो । नोभेम्बर २०२० मा अहमदले टिग्रे फ्रन्टलाई थप कमजोर बनाउन सो पार्टीको क्षेत्रीय सरकार रहेको टिग्रे प्रदेशमा आक्रमण गरे । त्यस युद्धमा इरिट्रियाले टिग्रे पिपुल्स लिबरेसन फ्रन्टविरुद्ध अबीलाई समर्थन गऱ्यो । लाखौंको ज्यान गएको टिग्रे युद्धमा संलग्न सबै पक्षले युद्ध अपराध गरेको आरोप छ । तथापि, यसमा सबैभन्दा बढी अपराध इरिट्रियन सेनाले गरेको बताइँदै छ । सुडानमा चलिरहेको द्वन्द्वले पहिले नै तहसनहस पारेको अस्थिर 'हर्न अफ अफ्रिका'मा युद्धको नयाँ बादल मडारिँदा खतरा झन् बढ्नेछ ।

■ अहिले किन बढ्दै छ तनाव ?

सन् २०१८ मा इथियोपिया र इरिट्रियाबिच सन् २०१८ मा शान्ति सम्झौता भए पनि तनावका कारण सम्बोधन गरिन । सबैभन्दा ठुलो तनाव इथियोपियाको समुद्रसम्मको बन्दरगाहमाथि इथियोपियाको दाबीबाट चिडिएको छ ।

विवादको दोस्रो विषय पछिल्लो समय इथियोपियाभित्र लडिरहेका विभिन्न सशस्त्र समूहप्रति इरिट्रियाको खुला समर्थनले निम्त्याएको छ । उसो त यस्तो खालको समर्थन २०१८ मा भएको शान्ति सम्झौताअघि पनि स्पष्ट थियो । विशेषगरी, सन् २०२२ देखि अम्हारा र ओरोमिया प्रदेशमा टिग्रेयन र अन्य विद्रोहीलाई इरिट्रियाले सैन्य समर्थन गर्न थालेको नयाँ आरोप आएका छन् । यद्यपि, सबैभन्दा महत्त्वपूर्ण विवाद भने टिग्रे युद्धपछि विकसित भएको हो । युद्धको समयमा इरिट्रियाले इथियोपियाको केन्द्र सरकारको पक्षबाट टिग्रे प्रदेशको प्रादेशिक सरकारविरुद्ध लडेको थियो ।

तर युद्ध समाप्त गर्न भएको शान्ति सम्झौतामा इथियोपियाले आफूलाई परामर्श वा सम्झौताको पक्षका रुपमा आमन्त्रित नगरेको गुनासो गऱ्यो । गुनासोबिच इरिट्रियाले पहिले आफू लडेको टिग्रेको प्रादेशिक सरकारसँग गठबन्धन गरेको इथियोपियाको दावी छ । टिग्रे युद्ध समाप्त भएपछि टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट र इथियोपिया सरकारले आफ्ना मतभेदलाई सम्बोधन गर्न असफल भयो । र, इरिट्रियाले आफ्नो ऐतिहासिक शत्रु टिग्रे पिपुल्स लिबरेशन फ्रन्टसँग सहयोगको हात बढायो । यसले इथियोपियाको केन्द्र सरकारलाई आक्रोशित बनाएको छ र सीमापार शत्रुता बढाएको छ ।

■ के युद्ध रोक्न सकिँदैन ?

अक्टोबर २०२५ मा इथियोपियाका विदेशमन्त्री गेडियन टिमोथेवोसले संयुक्त राष्ट्र संघलाई पत्र लेख्दै इरिट्रियाले इथियोपियाभित्र घुसपैठ गरेको र टिग्रे प्रदेशमा सेनालाई घुमफिर गराएको आरोप लगाए । टिग्रे पिपुल्स लिबरेसन फ्रन्टसँग इरिट्रियाको सम्बन्ध बढेको र 'विगत केही महिनाको अवधिमा यो झन् स्पष्ट भएपछि' इरिट्रियन फौज इथियोपिया पसेको टिमोथेवोसले पत्रमा दाबी गरेका थिए । उनले इरिट्रियालाई इथियोपियाको अम्हारा क्षेत्रमा 'सशस्त्र समूहलाई आर्थिक सहयोग, परिचालनदेखि निर्देशनसम्म' दिएको पनि आरोप लगाए । त्यस भेगमा फानो भनेर चिनिने मिलिसियाले संघीय सरकारविरुद्ध सशस्त्र युद्ध लडिरहेका छन् ।

यसै महिना इथियोपियाले इरिट्रियालाई सीधै पत्र लेख्दै आफ्नो भूमिबाट सेना फिर्ता गर्न माग गऱ्यो । जवाफमा इरिट्रियाले इथियोपियाली भूमिमा आफ्नो सेना रहेको आरोप 'स्पष्टतः झुटो र बनावटी' भएको बतायो । दुवै पक्ष आफ्नो अडानमा अडिग रहँदा युद्ध अवश्यम्भावी देखिएको छ । युद्ध रोक्न अन्तिम समयको कूटनीतिक र राजनीतिक प्रयास तीव्र देखिन्छ । इरिट्रियालाई लेखेको आफ्नो पत्रमा इथियोपियाले वार्ताका लागि खुला रहेको बताएको छ । साथै इथियोपियाले समुद्री मुद्दा र असाब बन्दरगाहमार्फत समुद्रसम्मको सम्भावित पहुँचलगायतको विषयमा व्यापक वार्तामा संलग्न हुने इच्छा पनि संकेत गरेको छ ।

उसो त वार्ताले इथियोपियाको समुद्रसम्मको भरपर्दो पहुँचको चाहना र इरिट्रियाको आफूमाथि हुने आक्रमणको डर दुवैलाई एकैपटक सम्बोधन गर्न सक्छ । इमान्दार कूटनीतिले द्वन्द्वको सुरुलाई रोक्न सक्छ । टिग्रे युद्धको ठिक तीन वर्षपछि र सुडान युद्ध चौथो वर्षमा प्रवेश गर्न लाग्दा हर्न अफ अफ्रिका क्षेत्रले अर्को युद्ध थेग्न सक्दैन । यसैले इथियोपियामा मुख्यालय रहेको अफ्रिकी संघले समय घर्किनुअघि नै दुवै देशलाई वार्ताको टेबलमा आमन्त्रित गर्न आवश्यक छ ।



पहुँचलाई लिएर देखिन्छ । इरिट्रिया स्वतन्त्र भएदेखि विशाल जनसंख्या भएको इथियोपियाको लाल सागरमाथिको पहुँच काटिँदै सो मुलुक भूपरिवेष्ठित राष्ट्र बन्यो । क्षेत्रीय आर्थिक शक्ति भएकाले इथियोपिया जसरी पनि आफ्नो व्यापार बढाउन बन्दरगाहसम्मको पहुँच चाहन्छ । हालसम्म यसको समुद्रमा पहुँचजस्ता छिमेकीको सद्भावमा निर्भर छ ।

तर, पछिल्ला वर्षमा, विशेषगरी सन् २०२२ मा टिग्रे युद्ध अन्त्य भएदेखि, अबीले समुद्रमा पहुँचको विषयलाई निकै महत्त्व दिइरहेका छन् । उनले इरिट्रिया र सोमालील्यान्डमार्फत सम्भावित समुद्रसम्म पुग्ने प्रयासलाई तीव्रता दिएका छन् । अबीले इरिट्रियाको 'असाब बन्दरगाह'माथि इथियोपियाको ऐतिहासिक दाबी रहेको बताइरहेका छन् । यो बन्दरगाह इथियोपियाको सीमाबाट केवल ६० किलोमिटर मात्रै टाढा छ । वास्तवमा इरिट्रिया स्वतन्त्र भएदेखि नै धेरै इथियोपियालीहरूले समुद्रको पहुँच गुमाउनुलाई राष्ट्रिय त्रासदी मान्ने गरेका छन् । इथियोपियालाई समुद्रमा पहुँच दिने कूटनीतिक समाधानका लागि अबीको प्रयासले देशभित्र उनको समर्थन बढाएको छ । तर, इरिट्रिया भने असाब

■ खर्बौंका ठुला परियोजना निर्माणको घोषणा

छैन सार्वजनिक ऋण परिचालनमा प्रमुख दलहरूको स्पष्ट खाका

राजस्वले चालू खर्च धान्न धौ-धौ परिरहेको नेपाललाई बाह्य स्रोत परिचालन अनिवार्य छ तर बैदेशिक ऋण तथा सहायता परिचालनमा अधिकांश दलहरूको न स्पष्ट नीति न योजना

कृष्ण रिजाल/नयाँ पत्रिका

२१ फागुनमा हुने निर्वाचनमा भाग लिएका मुख्य दलले रेलवे, एयरपोर्ट, जलविद्युत्, ठुला सडक, सुरुङ, सिँचाइलगायत क्षेत्रमा खर्बौंका आयोजना निर्माण गर्ने घोषणा गरेका छन् । राजस्वले चालू खर्च धान्न समस्या परिरहेको नेपाललाई ठुला पूर्वाधार विकासका लागि सार्वजनिक ऋण परिचालन अनिवार्य छ । तर, अधिकांश मुख्य दलले आफ्ना चुनावी घोषणापत्रमा 'सार्वजनिक ऋण परिचालन'को स्पष्ट खाका देखाएका छैनन् ।

मुख्य दलले बजेट अनुशासन कायम गर्ने, अर्थतन्त्र तथा पूर्वाधार विकासका लागि वैकल्पिक वित्तको प्रयोग गर्ने, निजी पुँजी परिचालन गर्नेलगायत उद्घोष गरेका छन् । तर, सार्वजनिक ऋण परिचालनलाई दलहरूले प्राथमिकता दिएको देखिँदैन । दलहरूले वैकल्पिक वित्त परिचालनलाई बढी फोकस गरेको देखिएको अर्थशास्त्री डिल्लीराज खनाल बताउँछन् । 'विगतमा झैँ यसपटक पनि दलहरूको घोषणा महत्त्वाकांक्षी देखिन्छन्, तर त्यो प्राप्तिका लागि विश्वसनीय आधार र स्रोत देखाएका छैनन्,' उनले भने, 'यति राजस्व उठाउँछु, यति ऋण लिन्छु, यति वैकल्पिक वित्त परिचालन गर्छु भन्ने खाका सार्वजनिक गरेका छैनन् ।' धेरै वैकल्पिक स्रोत जुटाउने आधार र अवसर भए पनि दलहरूले विश्वसनीय योजना देखाउन नसकेको उनको भनाइ छ ।

आगामी चुनावका लागि सार्वजनिक गरिएको घोषणापत्रमा मुख्य दलमध्ये कांग्रेस र एमालेले सार्वजनकि ऋण गर्ने विषय उल्लेख गरेका छन् । नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लगायत दलले वित्तीय अनुशासन पालना गर्ने, वैकल्पिक वित्त प्रयोग गर्ने, ऋणपत्र, डिबेन्चारलगायत मार्फ विकासका कार्य अघि बढाउने घोषणा गरेको भए पनि सार्वजनिक ऋण परिचालनको विषय उल्लेख गरेको देखिँदैन ।

चालू सोह्रौं आवधिक योजना (२०८१/८१-२०८५/८६) सम्ममा कुल ९४ खर्ब ८२ अर्ब ६६ करोड रुपैयाँ लगानी गर्ने योजना आयोगको छ । यस अवधिभर ३२ खर्ब २२ अर्ब २४ करोड रुपैयाँबराबर सार्वजनिक ऋण परिचालन हुने सोह्रौं योजनामा उल्लेख छ । यसमध्ये वैदेशिकतर्फ १३ खर्ब ८० अर्ब २२ करोड र आन्तरिकतर्फ १८ खर्ब ४२ अर्ब दुई करोड ऋण परिचालन हुने आयोगको अनुमान छ ।

कांग्रेसले राज्यको वित्तीय दायित्वलाई समग्र अर्थतन्त्रको विस्तार र राष्ट्रिय रणनीतिक प्राथमिकताका आधारमा मात्र निर्धारण गर्ने उल्लेख गरेको छ । 'सहुलितपूर्ण वैदेशिक ऋण र सहायता आकर्षित गर्ने सबल कूटनीतिक परिचालन गरिनेछ । आन्तरिक ऋण र पुँजी बजारको सदुपयोग हुनेछ,' कांग्रेसको घोषणापत्रमा उल्लेख छ । त्यस्तै, एमालेले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न मात्रै सार्वजनिक ऋण लिने भनेको छ । 'सार्वजनिक ऋणलाई राष्ट्रिय सामर्थ्यको सुरक्षित अनुपातभन्दा बढ्न दिनेछैनौँ' उसको घोषणामा उल्लेख छ ।

सार्वजनिक ऋण साढे २८ खर्ब पुग्यो



नेपालले भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण साढे २८ खर्ब पुगेको छ । माघ मसान्तसम्ममा सरकारले तिर्न बाँकी ऋण २८ खर्ब ५८ अर्ब ९७ करोड ८४ लाख रुपैयाँ पुगेको हो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार माघ मसान्तसम्ममा आन्तरिकतर्फ १३ खर्ब ४९ अर्ब १३ करोड र बाह्यतर्फ १५ खर्ब नौ अर्ब ८४ करोड रुपैयाँ ऋण तिर्न बाँकी रहेको छ । नेपालले तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादन (जिडिपी)को तुलनामा ४६.८१ प्रतिशतबराबर हो ।

गत असार मसान्तसम्म नेपालले भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड रुपैयाँ रहेको थियो । यो सात महिनामा नेपालले दुई खर्ब ५५ अर्ब ४८ करोड रुपैयाँ ऋण परिचालन गरेको र एक खर्ब ६३ अर्ब ५२ करोड ऋण भुक्तानी गरेको छ । विदेशी विनिमयदरमा आएको परिवर्तनले नेपालाई यस अवधिमा ९२ अर्ब ९६ करोड नोक्सान भएको देखिन्छ । सामग्रमा असार मसान्तयता नेपालको कुल ऋण एक खर्ब ८४ अर्ब ९३ करोड रुपैयाँले बढेको देखिन्छ ।

तीव्र विकास निर्माणका लागि आन्तरिक पुँजी मात्रै पर्याप्त नभएका कारण वैदेशिक सहायता (ऋण र अनुदान) अनिवार्य हुने अर्थशास्त्री खनाल बताउँछन् । तर, अधिकांश दलका घोषणापत्रमा वैदेशिक सहायता परिचालनको स्पष्ट नीति तथा योजना नदेखिएको उनको भनाइ छ । 'ऋण लिन्छु भन्न र ऋण लिन डराउनुपर्दैन, विकासका लागि ऋण परिचालन स्वाभाविक हो,' उनले भने, 'तर, ऋण लिएर अनुत्पादक क्षेत्रमा खर्च भइरहेको वर्तमान परिपाटीको अन्त्य अनिवार्य छ ।'

ठुल्ठुला पूर्वाधार निर्माणको सपना देखाएका अधिकांश दलले त्यसका लागि आवश्यक वित्तीय स्रोत कसरी जुटाउने स्पष्ट खाका सार्वजनिक गरेका छैनन् । जतिले स्रोतको योजना अघि सारेका छन्, ती पर्याप्त र विश्वसनीय नदेखिएको जानकारहरू बताउँछन् । अधिकांश दलले गरेको नीतिगत तथा संस्थागत सुधारको प्रतिबद्धता जायज देखिए पनि विकास र वृद्धिको लक्ष्य महत्त्वाकांक्षी देखिएको खनाल बताउँछन् । 'गौरवका आयोजना, प्राथमिकता आयोजना अघि बढाउन साधनस्रोत के कति चाहिन्छ ? कसरी जुटाउने ? भन्ने प्रश्नमा दलका घोषणापत्र स्पष्ट देखिँदैनन्,' उनले भने ।

चक्रपथको दोस्रो खण्ड विस्तार कार्यान्वयनको खुल्यो बाटो

चीनलाई सबै प्रकृतिको करमा छुट दिने सरकारको निर्णयसँगै रोकिएको चक्रपथको निर्माण अघि बढ्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चक्रपथ दोस्रो खण्ड विस्तार प्रक्रिया अघि बढाउने बाटो खुलेको छ । सरकारले काठमाडौं चक्रपथको दोस्रो खण्ड अर्थात् कलंकी-वसुन्धराको निर्माणमा चीनलाई सबै प्रकृतिको करमा छुट दिने निर्णय भएसँगै विस्तार प्रक्रिया अघि बढ्ने बाटो खुलेको हो । मंगलबारको मन्त्रिपरिषद्को बैठकले कर छुट दिने निर्णय गरेको हो । अर्थ मन्त्रालयको सहमति र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रस्तावमा सरकारले यस्तो निर्णय गरेको हो । 'चीनको अनुदान सहयोगमा निर्माण तथा स्तरोन्नति हुने कलंकीदेखि वसुन्धरासम्मको काठमाडौं चक्रपथ सुधार आयोजना कार्यान्वयन सम्झौतामा उल्लिखित विषयमा कर छुट दिने' मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ ।

दोस्रो खण्डको निर्माणका लागि छनोट हुने ठेकेदार कम्पनीले यो सुविधा पाउनेछ । निर्माणका क्रममा आवश्यक पर्ने सामानको आयात र आन्तरिक खरिदमा कर छुट दिइनेछ ।

चिनियाँ अनुदानमै बनेको चक्रपथको विस्तार पनि चीनकै आर्थिक तथा प्राविधिक सहयोगमा हुँदै छ । त्यसमा सरकारले पहिलो खण्ड कोटेश्वर-एकान्तकुना-कलंकीमा जस्तै दोस्रो खण्डको विस्तारमा पनि सबै प्रकृतिको कर छुट दिइने भएको छ ।

योसँगै अब चक्रपथ निर्माणको थप प्रक्रिया अघि बढ्नेछ । अब नेपाल र चीनबिच 'कार्यान्वयन सम्झौता' हुनेछ । नेपालको तर्फबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिवले हस्ताक्षर गर्नेछन् ।

त्यसपछि चीनले परियोजनाको डिपिआर र बिड डकुमेन्ट सडक विभागमा पेस गर्नेछ । विभागले त्यो स्वीकृत गरेपछि चीन आफैँले ठेकेदार कम्पनी छनोट गरेर पठाउनेछ । त्यसपछि नेपालले चीनलाई साइट पनि हस्तान्तरण गर्नुपर्नेछ । त्यसपछि निर्माण कम्पनीले भौतिक निर्माणकै काम सुरु गर्नेछ ।

चीनसँग 'कार्यान्वयन सम्झौता' गर्नुपर्ने प्रक्रिया पूरा नगर्दा चक्रपथ दोस्रो खण्डको काम रोकिएको थियो । यो प्रक्रिया पूरा नहुँदा चिनियाँ पक्ष काममा आउन सकेको छैन । चीनले तयार गरिसकेको यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पनि बुझाएको छैन । अब सम्झौता भएपछि चीनले डिपिआर र बिड डकुमेन्ट बुझाउनेछ ।

चीनको आर्थिक तथा प्राविधिक सहयोगमा बन्ने यो परियोजना सात वर्षदेखि अलपत्र थियो । सोही क्रममा पछिल्लोपटक ६ भदौ ०८१ मा ८.२ किलोमिटर लामो उक्त सडक खण्ड विस्तार गर्न चीन र नेपालबिच सम्झौता भएको थियो । त्यसपछि चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले परियोजनाको डिपिआर बनाउने प्रक्रिया अघि बढाएको थियो । यसका लागि उक्त कम्पनी गत वैशाखदेखि फिल्डमा थियो । उक्त कम्पनीले परियोजनाको डिपिआर तयार गरिसकेको छ । कार्यान्वयन सम्झौता गरेपछि डिपिआर बुझाउने चीनको तयारी छ । डिपिआर सडक विभागबाट स्वीकृति भएपछि काम सुरु गर्ने चीनको योजना छ । त्यसका लागि चीन आफैँले छिटो कार्यान्वयन सम्झौता गर्न दबाब दिइरहेको छ ।

चीनकै अनुदानमा सन् १९७७ मा २७ किलोमिटर लामो चक्रपथ निर्माण गरिएको थियो । त्यसलाई चीनकै अनुदानमा विस्तार गर्ने गरी पहिले नै द्विपक्षीय सम्झौता भएको थियो । सोहीअनुसार चीनले पहिलो चरणमा चक्रपथको कोटेश्वर-सातदोबाटो-एकान्तकुना-कलंकी खण्डको विस्तार गर्ने काम ०७५ मै सम्पन्न गरिसकेको छ । त्यसलगत्तै दोस्रो खण्ड विस्तार गर्ने गरी २०७५ मै नेपाल र चीनबिच सम्झौता भएको थियो ।

दोस्रो चरणमा कलंकी-धोबीखोला खण्ड (११.६ किलोमिटर) विस्तार गर्ने भनिएको थियो । तर, नारायण गोपाल चोकदेखि धोबीखोलासम्म साइट क्लियरेन्स हुन नसकेपछि चीनले कलंकी-वसुन्धरा खण्ड (८.२ किलोमिटर) मात्रै विस्तार गर्दै छ ।





■ के-के बन्दै छन् दोस्रो खण्डमा ?

सडक विभागका अनुसार दोस्रो खण्डमा चारवटा यात्रु हिँड्ने आकाशे पुल बन्नेछन् । १३ वटा कल्भर्ट, एउटा सानो पुल, एउटा रुट परिवर्तन (चोक), ११ वटा बस स्टप हुनेछन् ।

■ परियोजनामा चीन खर्च गर्दै छ १२ अर्ब

परियोजना निर्माणमा चीनले झन्डै १२ अर्ब खर्च गर्नेछ । यद्यपि, यो डिपिआर स्वीकृति भएपछि टुंगो लाग्नेछ । चीनले यसअघि बुझाएको टेक्निकल कन्फर्मेसन' परियोजनाको लागत ५६ करोड ७१ लाख चिनियाँ युयान (आरएमबी) लागत छ । बुधबारको विनिमय दर (प्रति युयान २१.११ रुपैयाँ) अनुसार यो ११ अर्ब ९७ करोड २१ लाख रुपैयाँ हो ।

■ प्रतिघन्टा ५० किमिको स्पिड

परियोजनाको डिजाइन स्पिड भने प्रतिघण्टा ५० किमि रहेको छ । पहिलो खण्डको डिजाइन पनि यहीअनुसार रहेको छ ।

■ विष्णुमतीमा ओभरपास र एक भ्यायडक्ट

नयाँ बसपार्कसँग जोडिएको विष्णुमती नदीमा पाँच सय ६० मिटर लामो भ्यायडक्ट बनाउने प्रस्ताव गरिएको छ । सम्भवतः नेपालको सडकमा यो नै पहिलो भ्यायडक्ट हुनेछ । यसैगरी, सोही ठाउँमा दायाँबायाँ ओभरपास बनाइनेछ । चक्रपथबाट सीधै बसपार्क छिर्नसमेत प्रयोग गर्ने गरी यी संरचना बनाउने प्रस्ताव छ ।

विष्णुमती खण्डमा बन्दै छ दुई ओभरपास र भ्यायडक्ट

चीनले १२ अर्ब रुपैयाँ खर्च गर्ने प्रारम्भिक अनुमान

अबको ६ देखि एक वर्षमा निर्माण सुरु हुने र निर्माण सुरु भएको चार वर्षमा काम सम्पन्न हुने बताइएको छ । सडक विभागका उपमहानिर्देशक अर्जुनप्रसाद अर्यालले अब चीनसँग एक महिनामा कार्यान्वयन सम्झौता हुने बताए । 'मन्त्रिपरिषद्को निर्णयसँगै अब चीनसँग कार्यान्वयन सम्झौता गर्नेछौँ । त्यसपछि चीनले डिपिआर र बिड डकुमेन्ट बुझाउनेछ । विभागबाट त्यो स्वीकृति भएपछि चीनले ठेकेदार कम्पनी छनोट गरेर पठाउनेछ,' उनले भने, 'त्यसपछि हामीले साइट हस्तान्तरण गर्नेछौँ । अनि काम सुरु हुनेछ ।'

चीनको सहरी सडक स्ट्यान्डर्डमा कस्तो बन्दै छ दोस्रो खण्ड ?

चीनले डिजाइनको प्रारम्भिक अवधारणा अर्थात् 'टेक्निकल कन्फर्मेसन' यसअघि नै पठाएको थियो । त्योअनुसार पहिलो खण्डको भन्दा फरक डिजाइनमा दोस्रो खण्डको विस्तार गरिँदै छ । चक्रपथ विस्तारको पहिलो (कलंकी-एकान्तकुना-कलंकी) खण्डमा कुल आठ लेनको सडक छ । त्यसमा बिचमा दुई-दुई लेनको मुख्य सडक र दायाँ-बायाँ दुई-दुई लेनको सर्भिस लेन छ । साथै, मेन लेन र सर्भिस लेनको बिचमा फुटपाथ छ ।

दोस्रो खण्ड त्योभन्दा फरक बनाउने गरी यसअघि नै डिजाइनको प्रारम्भिक अवधारणा आएको थियो । चीनको सहरी सडकको स्ट्यान्डर्डमा यो परियोजना बनाउने भनिएको छ । दोस्रो खण्डको चौडाइ ६२ मिटर हुनेछ । त्यसमा बिचका ३७.५ मिटरमा मुख्य संरचना बन्नेछन् ।

बिचमा तीन मिटरको सेन्टर मिडियन (बिचमा खाली ठाउँ) राखिनेछ । सोही मिडियनको दायाँबायाँ चार-चार लेनको मुख्य सडक बनाइनेछ । एउटा लेनको चौडाइ ३.५ मिटरको दरमा दुवैतर्फ १४-१४ मिटरको सडक हुनेछ । लेन र डिभाइडर छुट्याउँदा दुवैतर्फ थप ०.५-०.५ मिटर खण्ड प्रयोग हुनेछ । यसैगरी, दुवैतर्फ २.७५-२.७५ मिटरको फुटपाथ बनाइनेछ । फुटपाथको दायाँबायाँ १.१५-१.१५ मिटरको ग्रिन बेल्ट (हरियाली क्षेत्र) बनाइनेछ । हरियाली क्षेत्रपछि दुवै साइटमा ६-६ मिटरको सर्भिस लेन बनाइनेछ । सर्भिस लेनपछि दुवै साइटमा थप पाँच-पाँच फिटको फुटपाथ बनाइनेछ । मेन लेनसँग जोडिएको फुटपाथबाहिरको संरचना कसले बनाउने भन्ने विषयमा सम्झौता हुन बाँकी छ ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७९/०१/२९ मा योजना संचालन अनुमति प्राप्त २०७९/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८२ माघ मसान्तको खूद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	७६०,२३३,१४८	७७०,९०५,५२६
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	२३,८३५,३५२	१४,५८३,९२६
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	-	-
	कुल लगानी (क)	**७९९,०६८,५००**	**८००,४८९,४५२**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	२०६,१७१,०१३	२११,३८०,८१८
२	अन्य सम्पत्ति	२६,९६०,४१४	१४,६८९,४४४
	जम्मा (ख)	**२३३,१३१,४२७**	**२२६,०७०,२६२**
	चालु दायित्व		
१	चालू दायित्व	१,८०१,५५३	१०९,१०६
२	भुक्तानी दिनुपर्ने शुल्क	-	२,८९८,५५९
	जम्मा (ग)	**१,८०१,५५३**	**३,००७,६६५**
	कूल सम्पत्ति (क+ख-ग)	**१,०३०,३९८,३७३**	**१,०२३,५५२,०४९**
१	योजना व्यवस्थापक शुल्क	१,२२८,००९	१,२६१,९१३
२	डिपोजीटरी शुल्क	१६३,७३५	१६८,२५५
३	कोष सुपरीवेक्षक शुल्क	८१,८६७	८४,१२८
	खुद सम्पत्ति	**१,०२८,९२४,७६२**	**१,०२२,०३७,७५३**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.०९**	**१०.०२**

२०८२ माघ मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	४२,९७९,११३	२९,८९८,१०३
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(२१,२२३,०६३)	(१६,९७६,६४३)
	जम्मा आम्दानी	**२१,७५६,०५०**	**१२,९२१,४६०**
	खर्च		
१	सूचना तथा प्रकाशन स्वर्च	१३६,३००	११८,२२०
२	बैंक शुल्क	१,५४५	१,३७०
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	२७,६८२	२३,४७९
४	योजना व्यवस्थापन शुल्क	९,०३२,२९५	७,८१३,९९६
५	डिपोजीटरी शुल्क	१,२०४,३०६	१,०४१,८६६
६	कोष सुपरीवेक्षक शुल्क	६०२,१५३	५२०,९३३
७	योजना लेखा परीक्षण शुल्क	६५,९१७	५६,५००
८	सिडिएससि वार्षिक शुल्क	९४,११५	७९,८२६
९	बुक बिल्डिङ शुल्क	५,०००	५,०००
१०	अन्य स्वर्च	१,७७३,३१६	१,३३३,८५९
	जम्मा खर्च	**१२,९४२,६२९**	**१०,९९५,०४८**
	कुल नाफा/(नोक्सान)	**८,८१३,४२१**	**१,९२६,४११**

नोट: १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८२ माघ मसान्तसम्म गरेको लगानीको परल मूल्य रु. ८२०,५४०,५४९.९७९ रहेको छ ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ ।
३. योजनाको प्रति इकाई खूद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मुल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	१०९,०००	२५,५०६,०००
२	सानिमा बैंक लिमिटेड	४८,०००	१५,९३१,२००
३	नेपाल बैंक लिमिटेड	८५,२३१	२०,७८७,८४१
४	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१८,०००	११,४७६,८००
५	प्रभु बैंक लिमिटेड	१००,०००	१८,२९०,०००
६	एभरेष्ट बैंक लिमिटेड	२३,०००	१५,३२७,२००
७	प्राइम कमर्सियल बैंक लिमिटेड	६२,४८०	१४,७४५,२८०
८	माछापुच्छ्रे बैंक लिमिटेड	७८,००४	१७,८६२,९१६
९	नबिल बैंक लिमिटेड	१२०,९३०	५९,८६०,३५०
१०	लक्ष्मी सनराइज बैंक लिमिटेड	१६,५००	३,४१५,५००
११	कृषि विकास बैंक लिमिटेड	९६,८८१	२८,७७३,६५७
	ख) विकास बैंक		
१	महालक्ष्मी विकास बैंक लिमिटेड	६९,३७६	२५,६७६,०५८
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	११४,४००	४१,७३३,१२०
३	कामना सेवा विकास बैंक लिमिटेड	३९,९९९	१८,२७५,५४३
४	गरिमा विकास बैंक लिमिटेड	५२,०००	२०,७३२,४००
५	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	६१,०७२	२४,९१७,३७६
	ग) जीवन बिमा कम्पनी		
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६९,९९९	३१,२१२,५५४
२	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३५,१७९	२०,५७९,७१५
३	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१६,०००	६,९७६,०००
	घ) निर्जीवन बिमा कम्पनी		
१	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	४१,१७६	२०,४२३,२९६
२	प्रभु इन्स्योरेन्स लिमिटेड	५३,८४९	३८,९३२,८२७
३	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	४९,९९३	२५,०९६,४८६
४	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	४७,३६६	२०,१५८,९७०
५	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	४५,०००	२६,६९८,५००
	ङ) हाइड्रोपावर कम्पनी		
१	अपि पावर कम्पनी लिमिटेड	३६,०००	१०,९०८,०००
२	पिपुल्स पावर लिमिटेड	२	७८५
३	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	२३,०००	७,३५७,७००
४	अरुण काबेली पावर लिमिटेड	७,०००	१,९३९,०००
५	रिडी पावर कम्पनी लिमिटेड	१८,०००	५,८१२,२००
६	माबिलुङ्ग इनर्जी लिमिटेड	७०७	५३३,७८५
७	दरमखोला हाइड्रो इनर्जी लिमिटेड	१,३७७	९९२,८१७
८	बुङ्गल हाइड्रो लिमिटेड	९६९	६२६,९४३
९	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१५,०००	८,६७४,५००
१०	साहस उर्जा लिमिटेड	१०,०००	५,५१०,०००
११	नेपाल हाइड्रो डेभलोपर्स लिमिटेड	५,०००	३,२५०,०००
	च) म्युचुअल फण्ड		
१	गरिमा समृद्धि योजना	३५०,०००	३,३७७,५००
२	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१९,०४०,०००
३	एनएमबि हाइब्रिड फण्ड २	५००,०००	४,७२५,०००
४	एचएलआई लार्ज क्याप फण्ड	५००,०००	४,६२५,०००
५	सिटिजन्स सन्तुलित योजना	४००,०००	४,०००,०००
	छ) लघुवित्त वित्तीय संस्था		
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	६,०८८	४,६४८,१८८
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	४५,६७२	३१,९२४,७२८
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	११८	१०८,४६६
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२६,१००	१७,०७२,०१०
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	७,०००	५,५२३,०००
६	स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड	१०९	३१२,८३०
	ज) उत्पादन तथा प्रशोधन		
१	शिवम् सिमेन्ट्स लिमिटेड	२०,०००	१२,२४०,०००
२	सर्वोत्तम सिमेन्ट लिमिटेड	१५,०००	१३,०२०,०००
३	सागर डिष्टिलरी लिमिटेड	७१४	१,४०३,०१०
४	एसवाई प्यानल नेपाल लिमिटेड	१,७४७	३,३०५,३२४
५	श्रीनगर एग्रीटेक इन्डष्ट्रीज लिमिटेड	१,१७६	१,६४९,९२८
	झ) अन्य		
१	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	१२,०००	१५,०२४,०००
२	झापा इनर्जी लिमिटेड	२६६	३४५,८००
	ञ) होटल एण्ड टुरिजम		
१	बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड	३,९७८	३,७१९,४३०
२	चन्द्रागिरी हिल्स लमिटेड	९,७४०	८,०३५,५००
३	ओरियन्टल होटल्स लिमिटेड	३,०२७	२,१४३,११६
४	सोल्टी होटल लिमिटेड	१०,०००	४,९१५,०००
	जम्मा	**५,४८३,२२५**	**७६०,२३३,१४८**

कोष प्रवर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

तीन दशकदेखि चुनावी एजेन्डामै सीमित विराटनगर विमानस्थलको स्तरोन्नति

विमानस्थलआसपासका तीन सय ५० घरपरिवारसहित एक सय २६ बिघा अधिग्रहण गर्ने योजना बनाइएको थियो, तर स्थानीयको जग्गा रोक्का भएर सर्भे मात्र भयो, स्तरोन्नतिको कार्य अगाडि बढेन

विराटनगरमा **गणेश लम्साल**

२०४८ सालपछि भएका सबै निर्वाचनका उम्मेदवारको प्रमुख एजेन्डा बन्दै आएको छ, विराटनगर ४ कञ्चनबारीमा रहेको विराटनगर विमानस्थलको स्तरोन्नति । तीन दशकदेखि चुनावी घोषणामा मात्रै पर्ने गरेको विराटनगर प्रादेशिक विमानस्थलको स्तरोन्नति यसपटक पनि सबैको प्राथमिकतामा परेको छ । यही विषयलाई चुनावी एजेन्डा बनाउँदै गणतन्त्रपछि २०६४ देखि विजय गच्छदार, लालबाबु पण्डित र शेखर कोइरालालगायतले चुनाव जितिसकेका छन् । यसपटक पनि ६ नम्बर क्षेत्रका उम्मेदवार कांग्रेसका शेखर कोइराला, एमालेका विनोद ढकाल, नेकपाका ओपेन्द्र राय र रास्वपाकी रुविना आचार्यलगायतले विराटनगर विमानस्थललाई प्रादेशिक रूपमा स्तरोन्नति गराउने प्रतिबद्धता जनाएका छन् । पटक-पटक चुनावी मुद्दा मात्रै बनिरहेकाले मतदाता भने उम्मेदवारको प्रतिबद्धतासँग आश्वस्त भइरहेका छैनन् ।

विराटनगरवासीको लामो संघर्षपछि संघीय सरकारले विमानस्थलको स्तरोन्नति गर्न जग्गा अधिग्रहण गर्ने योजना बनाएको थियो । तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईको कार्यकालमा विमानस्थलआसपासका तीन सय ५० घरपरिवारसहित एक सय २६ बिगाहा अधिग्रहण गर्ने योजना बनाइएको थियो । तर, स्थानीयको जग्गा रोक्का भएर सर्वे मात्र भयो, स्तरोन्नतिको कार्य अगाडि बढेन । सोही कारण सम्पत्ति बिक्री गर्न फुकुवा पनि नगरेको तथा मुआब्जाविनै घरजग्गा रोक्का गरेको भन्दै विराटनगर ४ कञ्चनबारीस्थित स्थानीय अझै आन्दोलित छन् । हाल जग्गा बेचबिखन गर्न र बैंकमा धितो राख्न पाए पनि घरनक्सा पास रोक्का हुँदा धनीहरूले नयाँ संरचना निर्माण गर्न पाइरहेका छैनन् । मुआब्जा संघर्ष समितिका संयोजक वेदराज पौडल भन्छन्, 'विराटनगर विमानस्थलाई प्रादेशिक स्तरोन्नति गर्न आवश्यक छ । तर, आसपास बस्दै आएकालाई उचित मुआब्जा वितरण गर्नुपर्छ ।'



कोशी प्रदेशको राजधानी विराटनगर विमानस्थल अझै घरेलुस्तरकै हुनु दुर्भाग्यपूर्ण भएको विराटनगरका पर्यटन व्यवसायी बताउँछन् । उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका हवाई विभाग तथा पर्यटन समिति संयोजक भवेश श्रेष्ठ कोशीका लागि मात्र नभएर देशकै पर्यटन विकासका लागि विराटनगर विमानस्थलको स्तरोन्नति आवश्यक भएको बताउँछन् । तर, यस्तो महत्त्वपूर्ण विषय चुनावी एजेन्डाभन्दा माथि उठ्न नसकेको भन्दै उनले चिन्ता व्यक्त गरे । उनले भने, 'पटक-पटक चुनावका वेला मात्रै प्रादेशिक विमानस्थलको मुद्दा उठाएर चुनाव जित्ने हतियार बनाइरहनुहुँदैन, जितेर गएकाहरूले मास्टर प्लानका लागि साँच्चै पहल गरिदिए विराटनगर विमानस्थलबाट अन्तरप्रदेश उडान सञ्चालन हुन सके देशकै पर्यटनको विकासमा सहयोग पुग्ने थियो ।'

यसैले विराटनगरमा बन्नुपर्छ प्रादेशिक विमानस्थल

कोशी देशको सबैभन्दा ठुलो आर्थिक मात्र नभएर चर्चित पर्यटकीय गन्तव्य स्थल हो, विराटनगर । उद्योग, कृषि, शिक्षा, स्वास्थ्य र व्यापारका हिसाबले मात्र नभएर धार्मिक, ऐतिहासिक र प्राकृतिक पर्यटन क्षेत्र पनि हो कोशी । तर, प्रादेशिक र अन्तरप्रदेश हवाई उडान नहुँदा कोशीको पर्यटन प्रवर्द्धनमा प्रत्यक्ष असर पुर्‍याएको पर्यटन व्यवसायीको गुनासो छ । कोशीमा विराटनगर, इटहरी, धरान, भद्रपुरजस्ता देशकै महत्त्वपूर्ण ठुला सहर छन् । तर, यहाँबाट अन्य प्रदेशका पर्यटकिय गन्तव्यमा जाने हवाई पर्यटकका लागि काठमाडौं नै पुग्नुपर्ने बाध्यता छ । प्रादेशिक हवाई सेवा सञ्चालनमा आए भारतको पश्चिम बंगाल र बिहारबाट पोखरा, बुटवल, भैरहवा, नेपालगन्ज, धनगढी, विराटनगरलगायत सहर जाने पर्यटक बढ्ने व्यवसायीहरू बताउँछन् । पर्यटन विकासका लागि विराटनगरलाई पूर्वी नेपालको 'हवाई हब' घोषणा गरेर 'होम-अवे' हवाई सेवा सञ्चालन गराउनुपर्ने पर्यटन व्यवसायी राजन श्रेष्ठ बताउँछन् ।

संघीयता आए पनि प्रदेश सरकार अझै सडक, भवन र भौतिक संरचनामा मात्र केन्द्रित भइरहेको तर हवाई पहुँचजस्तो रणनीतिक विषय उपेक्षामा परिरहेका छन् । पर्यटन विज्ञका अनुसार विराटनगर-पोखरा विराटनगर-भैरहवा (लुम्बिनी) विराटनगर-नेपालगन्जजस्ता रुट केवल व्यावसायिक मात्र होइनन्, राष्ट्रिय एकीकरणका लागि पनि महत्त्वपूर्ण हुन सक्छन् । 'यी रुट सञ्चालन भए काठमाडौंको हवाई चाप पनि घट्नेछ । यात्रुको समय र खर्च दुवै बच्नेछ, र प्रदेशबिचको आर्थिक सम्पर्क पनि बलियो हुनेछ ।

सूर्यज्योति लाइफले गऱ्यो 'ब्रान्च अपरेसन मिट' कार्यक्रम



काठमाडौं/ सूर्यज्योति लाइफले 'ब्रान्च अपरेसन मिट' कार्यक्रम सम्पन्न गरेको छ। कम्पनीले देशभरका आफ्ना शाखामा कार्यरत ब्रान्च अपरेसनका कर्मचारीलाई एउटै छानामुनि भेला गरी बृहत् तालिमको आयोजना गरेको हो।

कार्यक्रममा देशभरबाट ब्रान्च अपरेसनअन्तर्गत कार्यरत कर्मचारीहरू, विभागीय प्रमुखहरू, एक्जुकेटिभहरू, कार्यकारी उपप्रमुख अधिकृत, प्रमुख कार्यकारी अधिकृत, सञ्चालक समिति सदस्यसहित दुई सयजनाको उपस्थिति थियो। कार्यक्रममा नेपाल बिमा प्राधिकरणका उपनिर्देशक पदमप्रसाद सोडारीले सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रशिक्षण दिएका थिए भने सर्भिस एक्सिलेन्ससम्बन्धी प्रशिक्षण बैंकिङ तथा बिमाविज्ञ मनोजकुमार भट्टराईले प्रशिक्षण दिएका थिए। सोही अवसरमा विभागीय प्रमुखहरूसँगको प्यानल अन्तर्क्रियाअन्तर्गत विभिन्न सत्र सञ्चालन गरिएका थियो। जसमा ब्रान्च अपरेसनसम्बन्धी विषय समेटिएका थिए।

सहभागीले आफ्नो दैनिक कार्यसम्पादनका क्रममा भोगेका कठिनाइ तथा उठेका जिज्ञासा सम्बन्धित प्यानलमार्फत विभागीय प्रमुखहरूले सम्बोधन गरेका थिए। सम्पूर्ण सत्रहरूलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्दै कार्यक्रम सफल बनाउन कम्पनीका चिफ सपोर्ट सर्भिसेज उमेशप्रसाद मैनालीले सहजीकरणको भूमिका निर्वाह गरेका थिए।

कम्पनीका सिइओ प्रकाशविक्रम खत्रीले अहोरात्र खटिने ब्रान्च अपरेसन कर्मचारीहरू नै कम्पनीका वास्तविक सर्भिस एम्बेसडर्स भएको बताउँदै ब्रान्च अपरेसनको कार्यसम्पादनले नै कम्पनीको ब्रान्ड भ्यालु र व्यवसाय विस्तारमा अहं भूमिका खेल्ने प्रस्ट पारे। कम्पनीका सञ्चालक हेमन्त नाहाटाले कम्पनीले डिजिटलाइजेसनमा फड्को मारेको भन्दै अब एआईतर्फ जाने तयारी गरिएको जानकारी गराए।

फुटबल खेलाडी साम्बालाई पाँच लाख सहयोग गर्ने भायानेटको घोषणा

काठमाडौं/ नेपाली फुटबल टिमकी सावित्रा भण्डारी 'साम्बा'लाई इन्टरनेट सेवाप्रदायक कम्पनी भायानेट कम्युनिकेसनले पाँच लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ। साम्बा यतिवेला घुँडाको गम्भीर चोटका कारण मैदानबाहिर छिन्। यस चुनौतीपूर्ण समयमा भायानेटले आफ्नो ब्रान्ड एम्बेसडरको उपचार र पुनरागमनका लागि पाँच लाख सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

'साम्बाको शल्यक्रिया र त्यसपछिको करिब आठ महिना लामो रिह्याब प्रक्रियाका लागि ठुलो स्रोतको आवश्यकता छ। उनको अदम्य आँटलाई सम्मान गर्दै भायानेटले उनलाई पुनः खेल जीवनमा फर्काउन यो सानो प्रयत्न गरेको हो,' कम्पनीले भनेको छ।



भायानेटले आफ्नो ब्रान्ड एम्बेसडरप्रति देखाएको यो तत्परताले जस्तोसुकै कठिन परिस्थितिमा पनि प्रयोगकर्ता र सरोकारवालासँग अटुट सम्बन्ध र भरपर्दो कनेक्सन कायम राख्ने कम्पनीको मूल मन्त्रलाई थप चरितार्थ गरेको जनाएको छ। साम्बाको स्वास्थ्य लाभको कामना गर्दै भायानेटले भनेको छ, 'देशको गहना साम्बाको रिकभरीको हरेक पाइलामा हामी साथै रहनेछौँ। उहाँ चाँडै निको भएर मैदान फर्कने र देशलाई पुनः गौरवान्वित बनाउने कुरामा हामी विश्वस्त छौँ।'

नेप्से १० अंकले बढ्दा साढे चार अर्बको कारोबार

काठमाडौं/ बुधबार नेप्से परिसूचक १०.३० अंकले बढ्यो। नेप्से ०.३९ प्रतिशतले बढेर दुई हजार ६४८.९० विन्दुमा कायम भएको हो। 'क' वर्गका कम्पनीको कारोबार मापक सेन्सेटिभ इन्डेक्स ०.२६ प्रतिशतले वृद्धि भयो। सो दिन ३३३ कम्पनीका एक करोड चार लाख ५६ हजार कित्ता सेयर चार अर्ब ४५ करोड ११ लाख ४९ हजार रुपैयाँबराबरमा खरिद-बिक्री भएको छ। मंगलबार चार अर्ब सात करोड रुपैयाँबराबरको सेयर कारोबार भएको थियो।



नेप्सेका १३ मध्ये वित्त, म्युचल फन्ड र व्यापार समूह ओरालो लागे। यी तीन समूह एक प्रतिशतभन्दा कमले घटे। बाँकी समूह उकालो लाग्दा सर्वाधिक वृद्धि जीवन बिमा समूहमा (१.७९ प्रतिशत) देखिएको छ।


बजार बढेसँगै दुई कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्यो। सालपा विकास बैंक र रिलायन्स स्पिनिङ मिल्स १० प्रतिशतले बढे। यसैगरी, विन नेपाल लघुवित्त र सुपर माई हाइड्रो नौ प्रतिशतभन्दा धेरैले बढेका छन्। सर्वाधिक गुमाउनेमा हिमालयन पावर पार्टनरका लगानीकर्ता छन्। सो कम्पनीको सेयर मूल्य ५.९८ प्रतिशतले घटेको छ। त्यसैगरी, कारोबार रकमका आधारमा सबैभन्दा सेयर कारोबार हुनेमा आँखुखोला जलविद्युत् रह्यो। उक्त कम्पनीको २८ करोड ६९ लाख रुपैयाँको सेयर खरिद-बिक्री भयो।

रवि किशोर अर्याललाई सम्पर्क राख्न आउने बारेको सूचना

तपाईं भोज बहादुर अर्यालको नाती भैरव बहादुर अर्यालको छोरा नुवाकोट जिल्ला दुप्चेश्वर गा.वि.स. वडा नं. २ बालकुमारीटोल घर भई हाल बागमती प्रदेश काठमाडौं जिल्ला टोखा नगरपालीका वडा नं. ८ बानियाटार बस्ने वर्ष ३८ को रवि किशोर अर्यालले यस बैंकको सेवाबाट राजिनामा दिई जानु भएकोमा तपाईं र बैंक बीच हिसाब मिलान गर्ने सम्बन्धमा यहाँलाई पटक पटक फोन सम्पर्क राख्न खोज्दा यहाले बैंकलाई उपलब्ध गराउनु भएको फोनमा सम्पर्क हुन नसकेको, बैंकबाट पटक पटक पठाएको पत्रहरु घर ठेगानामा पत्र बुझ्न नमानेको भनि पत्र फिर्ता भई आएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकको मानव संशाधन विभागमा सम्पर्क राखि हिसाब फरफारक गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

सिद्धार्थ बैंकका ग्राहकलाई पेट मामा नेपालमा १०% सम्म छुट



काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेड र पेट मामा नेपाल प्रालिबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ।

सम्झौताअनुसार काठमाडौं बालुवाटारस्थित पेट मामा नेपालमा बैंकका ग्राहकले बैंकको कुनै पनि कार्ड प्रयोग गरी भुक्तानी गर्दा घरपालुवा जनावरको ग्रुमिङ, स्पा, भेट परामर्श तथा खोप सेवामा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। यो सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

सार्वजनिक सूचना

टु डर्मा एस.ए. प्रा. लि. एक प्रतिष्ठित डर्माकस्मेटिक (Derma-Cosmetic) **कम्पनी हो, जसले बजारमा उच्च गुणस्तरका विभिन्न छाला तथा कपाल सम्बन्धीका उत्पादन** (Skin and Hair Care Products) **र हेल्थ सप्लिमेन्ट्स** (Health Supplements) **उपलब्ध गराउँदै आएको छ। अनवरत मेहेनत, गुणस्तरीय उत्पादन तथा सकारात्मक नतिजाका कारण हाम्रो ब्रान्डले बजारमा निकै लोकप्रियता कमाएको छ।**

यसै सम्दर्भमा, सर्वसाधारण उपभोक्ता, वितरक, बिक्रेता तथा सरोकारवाला सबैमा, टु डर्मा एस. ए. प्रा. लि. को नाम, लोगो, ब्रान्ड र अन्य चिन्हहरुको प्रयोग गरी टु डर्माको उत्पादनसँग मेल खाने तथा हुबहु उस्तै देखीने नक्कली उत्पादनहरू (Counterfeit Products) **हाल बजारमा अवैध रूपमा उत्पादन, बिक्री तथा वितरण भइरहेको खबर कम्पनीलाई प्राप्त भएको जानकारी गराउन चाहन्छौं।**

केही नक्कली उत्पादनहरू हाम्रो आधिकारिक उत्पादनको विक्री मूल्य (Maximum Retail Price 'MRP') **भन्दा निकै कम मूल्यमा बिक्री भइरहेको पाइएको छ भने केहीमा कम्पनीको वास्तविक उत्पादनहरू सरह समान ब्याच नम्बर** (Batch Number) **प्रयोग गरिएको समेत पाइएको छ। यस्ता गैरकानूनी क्रियाकलापले उपभोक्तालाई झुक्याउने, भ्रम सिर्जना गर्ने तथा कम्पनीको बौद्धिक सम्पत्रि सम्बन्धि अधिकार** (Intellectual Property Rights) **को प्रत्यक्ष हनन गर्ने कार्य भएको स्पष्ट हुन्छ। यस्ता कार्यहरू प्रचलित कानून बमोजिम दण्डनीय अपराध हुन्।**

हामी सबै उपभोक्ता तथा ग्राहकहवर्गलाई टु डर्माको उत्पादन खरिद गर्दा उच्च सतर्कता अपनाउन अनुरोध गर्दछौं। हाम्रो ब्रान्डको सम्पूर्ण उत्पादनहरू कम्पनीको आधिकारिक वितरक, विक्रेता वा प्रमाणित विक्री माध्यम जस्तै वेबसाइटबाट मात्र खरिद गर्नका लागि पनि आग्रह गर्न चाहन्छौं। हाम्रो उत्पादनहरुको वास्तविक मूल्य, लेबलिङ तथा अन्य विवरणहरु हाम्रो कम्पनीको वेबसाइटबाट सजिलै हेर्न सकिन्छ। कम मूल्यको प्रलोभनमा परी उत्पादन खरिद गर्दा झुक्किन सक्ने सम्भावना रहेको हुँदा कुनै पनि उत्पादन खरिद गर्नु अघि सो उत्पादनको प्रामाणिकता (Authenticity) **सम्बन्धमा आवश्यक जाँच तथा पुष्टि गर्न समेत विनम्र अनुरोध गर्दछौं। कम्पनीको आधिकारिक स्रोतबाट खरिद नगरिएका र नक्कली उत्पादनहरूको प्रयोगबाट उत्पन्न हुने कुनै पनि प्रकारको साइड इफेक्ट, शारीरिक क्षति, आर्थिक हानि वा अन्य प्रतिकूल परिणामहरूको हकमा टु डर्मा एस.ए. प्रा. लि. कुनै पनि प्रकारले जिम्मेवार हुने छैन।**

साथै, कम्पनीले आफ्नो ब्रान्ड, ट्रेडमार्क तथा उपभोक्ताको हित संरक्षणका लागि आवश्यक कानुनी कारबाही अघि बढाउने कुरा यसै सूचना मार्फत स्पष्ट गर्दछ।

उपभोक्ताको सुरक्षा, उत्पादनको प्रामाणिकता (authenticity) **तथा गुणस्तर सुनिश्चित गर्न सबै सरोकारवालाले सजगता अपनाई सहयोग गर्नुहुन अनुरोध गर्दछौं। हामीप्रति देखाउनु भएको विश्वास तथा निरन्तर सहयोगका लागि धन्यवाद।**

टु डर्मा एस.ए. प्रा. लि.

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको तपसिलमा उल्लेखित ऋणीले व्यवसायीक कर्जा अन्तर्गत यस बैंकको काठमाण्डौं स्थित नयाँ बानेश्वर शाखा कार्यालयबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेको तथा पटक पटक तरताकेता गर्दा समेत ऋणको किस्ता बुझाउनेतर्फ कुनै पहल नगरेको हुँदा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागी यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विकास बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा अन्य दैदस्तुर समेत चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरीन्छ। उल्लेखित समयावधी भित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा अन्य दैदस्तुर समेत चुक्ता भुक्तान नगर्नु भएमा यस विकास बैंकको विनियमावली, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित ऐन, नियमले दिएको अधिकार प्रयोग गरी ऋणीले कर्जा सुरक्षण वापत बैंकलाई उपलब्ध गराउनु भएको धितो सम्पत्ति, लिलाम बिक्री वा अन्य व्यवस्था गरी कर्जा असुल गर्ने र कथंकदाचित धितोबाट असुल उपर हुन नसके, असुल उपर नभई बाँकी रहेको लेना रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति र ऋण लिंदा जमानी दिनुहुने जमानतकर्ताको नाममा रहेको वा निजको हकको चल अचल सम्पत्तिबाट समेत बक्यौता कर्जा असुल उपर गर्न कानूनी कारवाहीहरु अवलम्वन गरीने तथा ऋणी तथा जमानकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराउदै बक्यौता रहेको सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा अन्य दैदस्तुर समेत चुक्ता गर्नु गराउनु हुन धितो जमानत तथा व्यक्तिगत जमानत दिनुहुने महानुभावहरुलाई समेत अनुरोध गरिन्छ।

तपसिल

क्र.सं	ऋणीको नाम, ठेगाना	
१.	**नाम : सिम्प्रिक बेकरी** साझेदारी फर्म दर्ता नं.: ३४२, घरेलु तथा साना उधोग कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं दर्ता मिति : २०७५/०५/१३, प्यान नं.: ६०८३९६८७१, प्यान दर्ता मिति : २०७५/०५/२१ रजिष्टर्ड ठेगाना : धर्मस्थली -०६, तारकेश्वर काठमाण्डौं, सम्पर्क ठेगाना : धर्मस्थली -०६, तारकेश्वर काठमाण्डौं। संचालकको नाम : प्रमिला घिमीरे तिमिल्सिना/लक्ष्मी तिमिल्सिना	
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण	
	१. नाम : लक्ष्मी तिमिल्सिना ना.प्र.प.नं. २७१०३४/६०५६/२७७३८, जारी मिति : २०६४-०३-०५, काठमाण्डौं। पिताको नाम : बलराम तिमिल्सिना पतिको नाम : ऋषि राम बस्याल। ठेगाना : जीतपुर फेदी -०६ ,काठमाण्डौं।	**२. नाम : प्रमिला घिमीरे** ना.प्र.प.नं. २२८५, जारी मिति : २०५४/०५/१०, काठमाण्डौं। पिताको नाम : राम चन्द्र घिमीरे पतिको नाम : जय राम तिमिल्सिना ठेगाना : धर्मस्थली -०६, काठमाण्डौं।
	३. नाम : जय राम तिमिल्सिना ना.प्र.प.नं. ३६३, जारी मिति :२०४८/०४/१३, काठमाण्डौं। पिताको नाम : बद्रि नाथ तिमिल्सिना बाजेको नाम : कृष्ण तिमिल्सिना ठेगाना : धर्मस्थली -०४, काठमाण्डौं।	**४. नाम : ऋषि राम बस्याल** ना.प्र.प.नं. ७४९३, जारी मिति: २०४८/११/२६, स्याङ्जा पिताको नाम : काशीराम बस्याल बाजेको नाम : लिला बल्लभ बस्याल ठेगाना : मालुङ्गा -०२, स्याङ्जा।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालयः नयाँ बानेश्वर फोन नं.०१-४४६२५५१/५२
website: www.jbbl.com.np, Email:info@jbbl.com.np


एनआइसीको सम्पत्ति लिलाम बिक्री पोर्टल सञ्चालनमा



काठमाडौं/ एनआइसी एसिया बैंकले लिलाम-बिक्रीसम्बन्धी अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ। बैंकले आफ्नो नाममा रहेका बैंकिङ, गैरबैंकिङ सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्ति समेतको लिलाम-बिक्रीसम्बन्धी अनलाइन पोर्टल सार्वजनिक गरिएको जनाएको छ।

बैंकले सञ्चालनमा ल्याएको अनलाइन पोर्टलमार्फत बैंकले लिलाम-बिक्री गर्ने सम्पत्तिसम्बन्धी सम्पूर्ण सूचनाबारे विस्तृत जानकारी समेटिएको छ। यसका लागि ग्राहक महानुभावले लिलाम-बिक्रीसम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी विस्तृत सूचना पाउन सक्नेछन्। बिक्रीमा रहेका सम्पत्तिको क्षेत्रफलसहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान (लोकेसन) पहिचानका लागि गुगल म्यापसहितका विविध जानकारी प्राप्त गर्न सकिने बताइएको छ।

बुटवलबाट दुई गाडी अवैध मदिरा बरामद



बुटवल/ रुपन्देहीमा मदिरा बोकेका दुई गाडीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीले मदिरा बोकेका ती गाडी नियन्त्रणमा लिएको हो। प्रहरीका अनुसार, करिब १० लाख ७८ हजार मूल्यबराबरका तीन हजार ६९६ पिस मदिरा बरामद गरिएको हो।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार बुटवल उपमहानगरपालिका-८, सुक्खानगरस्थित मैत्रीपथमा दुईवटा गाडीमा अवैध मदिरा रहेको गोप्य सूचना प्राप्त भएको थियो। उक्त सूचनाका आधारमा वडा प्रहरी कार्यालय बुटवलबाट खटिएको टोलीले मदिरा बरामद गरेको हो।

उक्त गाडी बाटोको किनारामा पार्किङ गरिराखेको अवस्थामा थियो। चेकजाँचका क्रममा मदिरा बोकेको गाडीसँग मदिराको बिल बिजक नरहेको यकिन भएको थियो। लु २ च ४९३५ नम्बरको उक्त बोलेरो रहेको ५३ पेटी र लु २ च ५०७८ नम्बरको हात्ती गाडीमा रहेको २४ पेटी मदिरा प्रहरीले चेकजाँचका क्रममा फेला पारेको हो।

दुईवटा गाडीसहित मदिरा थप कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय बुटवलमा पठाएको छ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया ग्रोथ फण्ड २

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८०/०६/१२ मा योजना संचालन अनुमति प्राप्त २०८०/०८/२५ देखि २०८७/०८/२४ सम्म अवधि भएको ७ वर्षे योजना

२०८२ माघ मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सुचिकृत धितोपत्रमा लगानी		
१	शेयर	७५२,५६८,१२२	७४६,२४९,१४९
२	ऋणपत्र	-	-
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१३,९३६,६९३	९,९०४,८७०
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	-	-
	कुल लगानी (क)	**७६६,५०४,८१५**	**७५६,१५४,०१९**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	१५४,९३२,६९४	१५९,७७१,६७४
२	अन्य सम्पत्ति	१६१,१३५	५,३९६,२९१
	जम्मा (ख)	**१५५,०९३,८३०**	**१६५,१६७,९६५**
	चालु दायित्व		
१	चालु दायित्व	१,८०९,१५३	११६,७६०
२	भुक्तानी दिनुपर्ने शुल्क	-	२,५९३,९१२
	जम्मा (ग)	**१,८०९,१५३**	**२,७१०,६७२**
	कुल सम्पत्ति (क+ख-ग)	**९१९,७८९,४९२**	**९१८,६११,३१२**
१	योजना व्यवस्थापक शुल्क	१,०९६,१८७	१,१३२,५३४
२	डिपोजीटरी शुल्क	१४६,१५८	१५१,००५
३	कोष सुपरीवेक्षक शुल्क	७३,०७९	७५,५०२
	खुद सम्पत्ति	**९१८,४७४,०६७**	**९१७,२५२,२७१**
	जम्मा जारी इकाई संख्या	९०,५००,०००	९०,५००,०००
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.१५**	**१०.१४**

२०८२ माघ मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	३६,३१३,८८३	२४,०१९,४२५
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(४५,१२९,५१२)	(३५,६७३,९८३)
	जम्मा आम्दानी	**(८,८१५,६३०)**	**(११,६५४,५५८)**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	१२७,२२०	११०,०४४
२	बैंक शुल्क	८५९	६३०
३	योजना व्यवस्थापन शुल्क	७,९८९,१४९	६,९००,६०७
४	डिपोजीटरी शुल्क	१,०६५,२२०	९२०,०८१
५	कोष सुपरीवेक्षक शुल्क	५३२,६१०	४६०,०४०
६	योजना लेखापरीक्षण शुल्क	६५,९१७	५६,५००
७	सिडिएससि वार्षिक शुल्क	६६,४३६	५६,३४८
८	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	२७,६८२	२३,४७९
९	अन्य खर्च	१,०९०,०७६	८२०,३०७
	जम्मा खर्च	**१०,९६५,१६८**	**९,३४८,०३६**
	कुल नाफा/(नोक्सान)	**(१९,७८०,७९८)**	**(२१,००२,५९४)**

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८२ माघ मसान्तसम्म गरेको लगानीको परल मूल्य रु.८११,७१२,२५४.०९ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मुल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइटः www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुनसक्नेछ।

सुचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
क) वाणिज्य बैंक			
१	कृषि विकास बैंक लिमिटेड	३०,२९९	८,९९८,८०३
२	एभरेष्ट बैंक लिमिटेड	५,०००	३,३३२,०००
३	ग्लोबल आइएमई बैंक लिमिटेड	३५,०००	७,८७१,५००
४	नबिल बैंक लिमिटेड	७५,०००	३७,१२५,०००
५	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	४७,६९५	९,०६२,०५०
६	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड संस्थापक	१२,३२६	१,८९६,९७१
७	नेपाल एसबिआई बैंक लिमिटेड	९,५२०	३,८२२,२८०
८	एनएमबि बैंक लिमिटेड	३५,३००	८,२६०,२००
९	प्रभु बैंक लिमिटेड	५०,०००	९,१४५,०००
१०	प्राइम कमर्सियल बैंक लिमिटेड	३१,०४०	७,३२५,४४०
११	सानिमा बैंक लिमिटेड	४१,८७५	१३,८९८,३१३
ख) विकास बैंक			
१	गरिमा विकास बैंक लिमिटेड	६३,९९९	२५,५१६,४०१
२	कामना सेवा विकास बैंक लिमिटेड	२०,०००	९,१३८,०००
३	लुम्बिनी विकास बैंक लिमिटेड	२८,३५१	१३,५२०,५९२
४	मुक्तिनाथ विकास बैंक लिमिटेड	९७,९३३	३५,७२५,९५८
५	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	७१,३७१	२९,११९,३६८
ग) हाइड्रोपावर कम्पनी			
१	अरुण काबेली पावर लिमिटेड	८,०००	२,२१६,०००
२	बुङ्गल हाइड्रो लिमिटेड	१,०७२	६९३,५८४
३	बुटवल पावर कम्पनी लिमिटेड	१५,०००	१०,६९५,०००
४	दरमखोला हाइड्रो इनर्जी लिमिटेड	१,५१८	१,०९४,४७८
५	माबिलुङ्ग इनर्जी लिमिटेड	७८०	५८८,९००
६	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१५,०००	८,६७४,५००
७	नेपाल हाइड्रो डेभलोपर्स लिमिटेड	२,५०४	१,६२७,६००
८	डादी ग्रुप पावर लिमिटेड	५,०००	२,१७०,०००
९	रिडी पावर कम्पनी लिमिटेड	१९,०००	६,१३५,१००
१०	साहस उर्जा कम्पनी लिमिटेड	११,०००	६,१४९,०००
घ) लघुवित्त समूह			
१	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२,०००	१,३०८,२००
२	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	२८,९७६	२२,१२३,१७६
३	स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड	१२०	३४४,४००
ङ) जीवन बिमा कम्पनी			
१	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३५,७७१	१५,५९६,१५६
२	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	४८,७७२	१७,६६०,३४१
३	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९०,३९१	४०,३०५,३४७
४	नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३५,०००	२०,४७५,०००
५	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३७,६०५	१७,४४८,७२०
६	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३२,८६६	१४,३७२,३०२
७	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	३१,२७२	१४,२२८,७६०
८	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२७,२५०	१२,४५०,५२५
च) निर्जीवन बिमा कम्पनी			
१	नेको इन्सुरेन्स लिमिटेड	४६,९५६	२८,५९६,२०४
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	६०,३२८	२९,९२२,६८८
३	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	३७,१५०	१७,६०५,३८५
४	आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	४०,५४०	१७,२५३,८२४
५	प्रभु इन्स्योरेन्स लिमिटेड	४०,९६०	२९,६१४,०८०
६	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	६३,५००	४४,१२६,१५०
७	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	४५,०००	२२,५९०,०००
छ) म्युचुअल फण्ड			
१	सिटिजन्स सन्तुलित योजना	१००,०००	१,०००,०००
२	गरिमा समृद्धि योजना	६५०,०००	६,२७२,५००
३	कुमारी सबल योजना	३,०००,०००	२८,७४०,०००
४	मुक्तिनाथ म्युचल फण्ड १	२५०,०००	२,४२५,०००
५	एनआईबिएल स्टेबल फण्ड	१,५००,०००	१३,८९०,०००
६	एनएमबि हाइब्रिड फण्ड २	५००,०००	४,७२५,०००
ज) उत्पादन तथा प्रशोधन			
१	शिवम् सिमेन्ट्स लिमिटेड	६,०००	३,६७२,०००
२	सर्वोत्तम सिमेन्ट लिमिटेड	६,०००	५,२०८,०००
३	एसवाई प्यानल नेपाल लिमिटेड	१,९०१	३,५९६,६९२
४	श्रीनगर एग्रीटेक इन्डष्ट्रीज लिमिटेड	१,२७३	१,७८६,०१९
५	सागर डिष्टिलरी लिमिटेड	७९१	१,५५४,३१५
झ) होटल एण्ड टुरिज्म			
१	चन्द्रागिरी हिल्स लिमिटेड	८,०००	६,६००,०००
२	ओरियन्टल होटल्स लिमिटेड	१,७३०	१,२२४,८४०
३	सोल्टी होटल लिमिटेड	८,६००	४,२२६,९००
४	बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड	२,७४०	२,५६१,९००
ञ) अन्य			
१	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	३०,७९५	२६,११४,१६०
२	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	७,०००	८,७६४,०००
३	झापा इनर्जी लिमिटेड	२९५	३८३,५००
	जम्मा	**७,५१३,१६५**	**७५२,५६८,१२२**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

देव नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

काठमाडौं जिल्ला,काठमाडौं महानगरपालिका वडा नं. २२, खिचापोखरी,काठमाडौं

ऋणकर्जा भुक्तान गर्न जारी गरेको ३५(पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८२/११/१४

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले यस संस्थाबाट उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताको शर्त अनुसार तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम समेत नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने सावाँ ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण सावाँ,ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस संस्थासंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस)दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउनु पर्ने सावाँ,ब्याज र सो को हर्जना लगायत सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा सहकारी ऐन तथा नियमावली बमोजिम आवश्यक कानूनी कारबाही गरी संस्थाले लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी र जमानीकर्ताहरूलाई सूचित गरिन्छ।

सि.नं.	ऋणीको नाम, थर र ठेगाना	जमानीकर्ताको नाम,थर र ठेगाना
१	**ऋणीको नामः उत्तम राज अर्याल** ना.प्र.प. नं.: ३८६१/०२५ बाबुको नामः पितराज अर्याल बाजेका नामः पिताम्बर अर्याल ठेगानाः का.म.न.पा.-२२, काठमाडौं	**जमानीकर्ताको नामः विद्या अमात्य अर्याल** ना.प्र.प. नं.:१८७ बाबुको नामः गुण बहादुर अमात्य बाजेका नामः ठेगानाः का.म.न.पा.-२९, काठमाडौं
२	**ऋणीको नामः विर बहादुर खत्री** ना.प्र.प. नं.: ३४८१५ बाबुको नामः दिल बहादुर खत्री बाजेका नामः सर्वु खत्री ठेगानाः हाल का.म.न.पा.-२२, काठमाडौं	**जमानीकर्ताको नामः उमेश श्रेष्ठ** ना.प्र.प. नं.: ५२३४ बाबुको नामः जगत बहादुर श्रेष्ठ बाजेका नामःसूर्य बहादुर श्रेष्ठ ठेगानाः हाँडीगाऊँ, काठमाडौं
३	**ऋणीको नामः अन्जु थापा** ना.प्र.प. नं.:२७१०६०/३५१२२ बाबुको नामः महेन्द्र थापा बाजेका नामः जयश्वर थापा ठेगानाः हाल का.म.न.पा.-२२, काठमाडौं	**जमानीकर्ताको नामः रचना थापा मगर** ना.प्र.प. नं.:४२२०३६/२४४ बाबुको नामः जगत थापा बाजेका नामः तिल बहादुर थापा ठेगानाः हाल का.म.न.पा.-२२, काठमाडौं
४	**ऋणीको नामः अर्निया देवी शाही** ना.प्र.प. नं. : १२१९१ बाबुको नाम : प्रेम कृष्ण शाही बाजेका नाम : जित बहादुर शाही ठेगानाः हाल का.म.न.पा.-३०, काठमाडौं	**जमानीकर्ताको नामः विदुर थापा** ना.प्र.प. नं.:२९०२३ बाबुको नामः पदम बहादुर थापा बाजेका नामः नर बहादुर थापा ठेगानाः हाल का.म.न.पा.-३०, काठमाडौं
५	**ऋणीको नामः श्रवण थापा** ना.प्र.प. नं.: १९४९/१९९ बाबुको नामःराजकुमार थापा बाजेका नामः मथुरा सिंह थापा ठेगानाः हाल का.म.न.पा.-८, काठमाडौं	**जमानीकर्ताको नामः राम कृष्ण पाण्डे** ना.प्र.प. नं.:८६/२१८ बाबुको नामः तिर्थराम पाण्डे बाजेका नामः एकराम पाण्डे ठेगानाः हाल का.म.न.पा.-७, काठमाडौं
६	**ऋणीको नामः मनिष ढुङ्गाना** ना.प्र.प. नं.: ३९६९६२८८ बाबुको नामः माधव प्रसाद ढुङ्गाना बाजेका नामःधर्मनन्द प्रसाद ढुङ्गाना ठेगानाः हाल का.म.न.पा.-२२, काठमाडौं	**जमानीकर्ताको नामः उर्गेन लामा** ना.प्र.प. नं.:३९६९८४२६ बाबुको नामः सन बहादुर लामा बाजेका नामः लुङ्ग लामा ठेगानाः हाल का.म.न.पा.-२२, काठमाडौं
७	**ऋणीको नामः विनोद खड्गे** ना.प्र.प. नं. : १६०३२ ६४४१ बाबुको नाम : बासुदेव खड्गे बाजेका नामः बिर बहादुर खड्गे ठेगानाः का.जि.का.म.न.पा ७, चावहिल	

आइसिसी पुरुष टी-२० विश्वकप २०२६

सुपर ८ मा आज हेभिवेट टोलीहरू भिड्दै

चालू विश्वकपमा ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शनका साथ अपराजित दक्षिण अफ्रिका र वेस्ट इन्डिज नरेन्द्र मोदी रंगशालामा प्रतिस्पर्धा गर्दै



एजेन्सी

१०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत बिहीबार उपाधि दाबेदार टोलीबिच प्रतिस्पर्धा हुँदै छ। सुपर ८ को समूह '१' मा वेस्ट इन्डिजले दक्षिण अफ्रिकाको सामना गर्दै छ। यो खेल नरेन्द्र मोदी रंगशालामा हुनेछ। प्रतियोगितामा दक्षिण अफ्रिका र वेस्ट इन्डिजले अहिलेसम्म उत्कृष्ट अलराउन्डर प्रदर्शन गरिरहेका छन्। समूह '१' मा दक्षिण अफ्रिकाले साबिक विजेता भारतलाई पहिलो खेलमा हराएको थियो।

वेस्ट इन्डिजले समूह '१' मा जिम्बावेमाथि १०७ रनको फराकिलो जित निकालेको थियो। जिम्बावेविरुद्धको प्रतिस्पर्धामा वेस्ट इन्डिजले आफ्नो ब्याटिङ शक्ति प्रदर्शन गरेको थियो। यस खेलमा विश्वकप क्रिकेटकै कीर्तिमानी रूपमा सर्वाधिक ३१ छक्का प्रहार भएको थियो। वेस्ट इन्डिज र दक्षिण अफ्रिकाले पहिलो खेलमा जित निकाली महत्त्वपूर्ण २ अंक जोडेका छन्। नरेन्द्र मोदी रंगशालामा जित निकाल्ने टोलीले सेमिफाइनल प्रवेशको आधार बलियो बनाउनेछ। यसकारण दुवै टोलीले यो खेल गुमाउन चाहँदैनन्। अर्कोतिर समूह '२' बाट इंग्ल्यान्डले सेमिफाइनलमा स्थान बनाइसकेको छ।

प्रतियोगिताकै अपराजित टोलीका रूपमा रहेका वेस्ट इन्डिज र दक्षिण अफ्रिका भिड्दा अलराउन्डर प्रदर्शनको अपेक्षा गरिएको छ। रनरेटमा वेस्ट इन्डिज समूहमा अगाडि छ। त्यसपछि दक्षिण अफ्रिका रहेको छ। वेस्ट इन्डिजको आक्रामक ब्याटिङ रोक्ने दक्षिण अफ्रिकाको लक्ष्य रहनेछ। दक्षिण अफ्रिकाका बलर उत्कृष्ट फर्ममा रहँदा वेस्ट इन्डिजलाई जिम्बावेविरुद्धको जस्तै खुलेर आक्रामक ब्याटिङ गर्न चुनौती हुन सक्छ। किनभने दक्षिण अफ्रिकाका सिमरदेखि स्पिनरसम्मले अनुशासित रूपमा बलिङ गरिरहेका छन्।

उत्कृष्ट फर्ममा हेटमेयर

वेस्ट इन्डिजको मुख्य आशा सिमरन हेटमेयरमाथि रहेको छ। उनले जिम्बावेविरुद्ध केवल ३४ बलमा ८५ रनको योगदान दिएका थिए। हेटमेयरको उपस्थितिमा वेस्ट इन्डिजको मध्यक्रम बलियो देखिन्छ। दक्षिण अफ्रिका भारतसँगको खेलमा सिमरविरुद्ध चुकेको थियो। भारतका फास्टबलर जसप्रीत बुमराहको घातक बलिङका कारण दक्षिण अफ्रिका एक समय २०/३ को कमजोर अवस्थामा थियो। तर, डेवाल्ड ब्रेभिस, डेभिड मिलर र ट्रिस्टनको विस्फोटक ब्याटिङको मद्दतमा दक्षिण अफ्रिकाले सात विकेट गुमाएर १८७ रन बनाएको थियो। दक्षिण अफ्रिकाले मध्यक्रम ब्याटिङबाट यस्तै योगदान पाउँदा वेस्ट इन्डिजका बलर दबाबमा पर्न सक्छन्।

वेस्ट इन्डिजले दक्षिण अफ्रिकाविरुद्धको पछिल्लो २९ टी-२० आईमा १५ खेल जितेको छ। दक्षिण अफ्रिकाले वेस्ट इन्डिजलाई १४ खेलमा हराएको छ। आइसिसी टी-२० विश्वकपमा भने दक्षिण अफ्रिका वेस्ट इन्डिजमाथि हावी देखिन्छ। पछिल्ला पाँचमध्ये चार खेलमा वेस्ट इन्डिजलाई दक्षिण अफ्रिकाले हराएको छ। सन् २०१६ को टी-२० विश्वकपमा दक्षिण अफ्रिकामाथि वेस्ट इन्डिजले महत्त्वपूर्ण जित निकालेको थियो।

भारतलाई जित्नैपर्ने दबाब

सुपर ८ को अर्को खेलमा बिहीबार साबिक विजेता भारतले जिम्बावेको सामना गर्दै छ। चेन्नईको मैदानमा भारतलाई जितबाहेक अरू विकल्प छैन। जिम्बावेसँग पराजित हुँदा भारत सेमिफाइनल दौडबाट बाहिरिनेछ। जितले भारतको सेमिफाइनल पुग्ने आशा जीवितै रहनेछ। दक्षिण अफ्रिकासँग पहिलो खेलमा पराजित भएपछि भारत घरमै आयोजना भइरहेको टी-२० विश्वकपको कठिन मोडमा रहेको हो। भारत सुपर ८ को समूह '१'मा अंकविहीन छ।

विश्वकपको समूह चरणमा पूर्वविजेताहरू श्रीलंका र अस्ट्रेलियामाथि सनसनी खेल प्रदर्शन गरेको जिम्बावेले सुपर ८ मा त्यही लयमा प्रदर्शन गर्न सकेन। वेस्ट इन्डिजले जिम्बावेको कमजोर बलिङको भरपूर फाइदा लियो। यही कारण वेस्ट इन्डिजले जिम्बावेविरुद्ध टी-२० विश्वकपकै दोस्रो सर्वाधिक योगफल बनायो। भारतसँग खेलिरहँदा जिम्बाव २ अंक खोस्ने प्रयासमा हुनेछ। एक अर्थमा भारत र जिम्बावेलाई प्रस्ट जित आवश्यक छ। पराजित हुने टोली एक खेलअगाडि नै प्रतियोगिताबाट बाहिरिनेछ। जिम्बावेको तुलनामा भारतमाथि ठुलो दबाब छ। जितसँगै उपाधि रक्षा गर्नुपर्ने दबाबका साथ भारतले सुपर ८ का बाँकी खेलमा प्रतिस्पर्धा गर्नुपर्नेछ। जिम्बावेका लागि कप्तान सिकन्दर राजा प्रमुख हतियार हुन्। उनले अहिलेसम्म ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गरिरहेका छन्। भारतीय ब्याट्सम्यानलाई राजाले आफ्नो स्पिनमा दबाब राख्न सक्छन्। भारतको भने शीर्ष र मध्यक्रम ब्याटिङ चल्न नसक्नु नै प्रमुख कमजोरी हो।

भारतले बलिङ बलियो बनाउन कुलदीप यादवको स्थानमा अक्षर पटेललाई खेलाउन सक्छ। भारतले जिम्बावेविरुद्ध केही खेलाडी परिवर्तन गर्न सक्ने एजेन्सीले जनाएको छ। तिलक बर्माको स्थानमा सञ्जु सामसनलाई खेलाउन सक्छ। आक्रामक ब्याट्सम्यान रिंकु सिंह बाहिरिएका छन्। चेन्नईको पिच मुख्य गरी ब्याटिङ पिच हो। यस पिचमा पहिलोभन्दा दोस्रो ब्याटिङ गर्नेले सहजै लक्ष्य पछ्याएको रेकर्ड छ। चालू विश्वकपमै अफगानिस्तानले दिएको १८३ रनको लक्ष्य न्युजिल्यान्डले केवल १७.५ ओभरमा पूरा गरेको थियो।

सेमिफाइनल दौडबाट बाहिरियो श्रीलंका

लगातार दुई खेलमा पराजित श्रीलंका सुपर ८ को समूह '२' मा अंकविहीन

कोलम्बो/ पूर्वविजेता श्रीलंका १०औँ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनल दौडबाट बाहिरिएको छ। विश्वकपअन्तर्गत सुपर ८ को समूह '२' मा आयोजक श्रीलंका न्युजिल्यान्डसँग ६१ रनले पराजित हुँदै प्रतियोगिताबाटै बाहिरिएको हो। पहिलो ब्याटिङ गरेको न्युजिल्यान्डले २० ओभरमा सात विकेट गुमाएर १६८ रन जोडेको थियो। प्रत्युत्तरमा श्रीलंका आठ विकेट गुमाउँदै १०७ रनमै रोकियो।

श्रीलंकाले लगातार दुई खेल गुमाएको छ। यसअघि श्रीलंका इंग्ल्यान्डसँग पनि पराजित भएको थियो। दुई खेलमा श्रीलंका अंकविहीन छ। जितसँगै ३ अंक जोड्दै न्युजिल्यान्डले सेमिफाइनल आशा बलियो बनाएको छ। समूह '२' बाट अब पाकिस्तान र न्युजिल्यान्डमध्ये एक टोली सेमिफाइनलमा पुग्नेछ। यो समूहबाट इंग्ल्यान्ड लगातार दुई जितका साथ अन्तिम चारमा पुगिसक्यो। आगामी शनिबार पाकिस्तानले श्रीलंकाको सामना गर्नेछ। इंग्ल्यान्ड र न्युजिल्यान्डबिच शुक्रबार खेल हुनेछ। न्युजिल्यान्डको जितमा रचिन रबिन्द्राले अलराउन्ड प्रदर्शन गरेका थिए। उनले ब्याटिङमा २२ बलमा ३२ रन जोडेका थिए। बलिङमा २७ रन खर्चेर चार विकेट हात पारे।।

श्रीलंकाले इनिङ्सको पहिलो बलमै विकेट गुमाएको थियो। ओपनर पाथुम निसांका हेन्रीको पहिलो बलमै बोल्ड हुन पुगे। त्यसपछि श्रीलंका खेलमा फर्कन सकेन। श्रीलंकाले ८.२ ओभरमा २९ रन बनाउँदा प्रमुख चार ब्याट्सम्यानलाई गुमागएको थियो। मध्यक्रमका कमिन्दु मेन्डिसले मात्र २३ बलमा ३१ रन बनाउन चार चौका प्रहार गरे। नवौँ क्रमका दुनिथ वालालागेले २३ बलमा दुई चौका र एक छक्का प्रहार गरी २९ रन जोडे। यसअघि पहिलो ब्याटिङ गरेको न्युजिल्यान्डका लागि मिचेल सान्टरले २६ बलमा ४७ रनको योगदान दिएका थिए। उनले चार छक्का र दुई चौका प्रहार गरे। कोले म्याकले २३ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ३१ रन जोडे।

सुपर ८ अंक तालिका

समूह '१'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	१	१	०	२	५.३५
द. अफ्रिका	१	१	०	२	३.८०
भारत	१	०	१	०	-३.८०
जिम्बावे	१	०	१	०	-५.३५

समूह '२'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
इंग्ल्यान्ड	२	२	०	४	१.४९
न्युजिल्यान्ड	२	१	०	३	३.०५
पाकिस्तान	२	०	१	१	-०.४६
श्रीलंका	२	०	२	०	-२.८०

आजका खेल

वेस्ट इन्डिज vs द. अफ्रिका — दिउँसो ३:१५ बजे

भारत vs जिम्बावे — राति ७:१५ बजे

नेपालले हङकङसँग दशरथ रंगशालामा खेल्ने

फिफा वरीयतामा २९ स्थान माथि रहेको हङकङविरुद्ध नेपालले १२ चैतमा मैत्रीपूर्ण खेल खेल्ने



नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष टोलीले चैतमा हङकङविरुद्ध दशरथ रंगशालामा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल हुने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले बुधबार नेपाल र हङकङबिच १२ चैतमा खेल हुने जानकारी गराएको छ। नेपालले यसै वर्ष दोस्रोपटक हङकङसँग खेल्न लागेको हो। फिफा वरीयतामा हङकङ १५३ र नेपाल १८२ स्थानमा छन्। नेपाल गत २३ जेठमा म्याथ्यु रसको प्रशिक्षणमा नेपालले हङकङसँग उसैको मैदानमा प्रतिस्पर्धा गरेको थियो। नेपालले पहिलोपटक हङकङलाई गोलरहित बराबरीमा रोक्न सफल भएको थियो।

५ मंसिर ०८० पछि नेपालले एएफसीको आधिकारिक फुटबल प्रतियोगिता रंगशालामा खेलेको छैन। एएफसीले रंगशालाको अवस्था अन्तर्राष्ट्रियस्तरको नभएको जनाउँदै प्रतियोगिता आयोजना गर्न दिएको छैन। यद्यपि, रंगशालामा भने फिफाको आयोजनामा खेल भएको छ। दुई वर्षदेखि रंगशालामा अन्तर्राष्ट्रिय खेल भएको छैन। यसबाहेक मैत्रीपूर्ण खेल भने भएको छ। गत भदौमा बंगलादेशविरुद्ध दशरथ रंगशालामा खेलेको थियो। जुन खेल गोलरहित बराबरीमा सम्पन्न भयो। दोस्रो खेल जेन-जी आन्दोलनका कारण हुन सकेन। नेपालले एएफसी एसियन कपको तेस्रो चरणको छनोटअघि हङकङसँग प्रतिस्पर्धा हुन लागेको हो।

राष्ट्रिय लिगबाट खेलाडी छनोट

एन्फाले हङकङसँगको प्रतिस्पर्धाका लागि खेलाडी छनोट प्रक्रिया अगाडि बढाएको छ। एन्फाले चालू राष्ट्रिय लिग फुटबल प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई नै प्रारम्भिक चरणमा राख्नेछ। अस्ट्रेलियन प्रशिक्षक म्याथ्यु रसको राजीनामासँगै नेपाली टोली प्रमुख प्रशिक्षकविहीन छ। एन्फाले तत्कालका लागि अन्तरिम प्रशिक्षकका रूपमा हरि खड्कालाई जिम्मेवारी दिएको छ। गत २७ कात्तिकमा बंगलादेशसँग खेल्दा खड्का नै प्रशिक्षक थिए। तेस्रो चरणको अन्तिम खेलमा नेपालले लाओसको सामना गर्दै छ। यो खेल १७ चैतमा हुनेछ। नेपाल एएफसी एसियन कपमा नेपाल लगातार पाँच खेलमा पराजित भएको छ। लाओससँग प्रतिस्पर्धा गर्नुअघि नै नेपाल मसूह चरणबाट बाहिरिसकेको छ। नेपाल आफ्नो समूहमा अंकविहीन छ। नेपाल इतिहासमै पहिलोपटक लाओससँग दोस्रो खेलमै पराजित भएको थियो।

नेपालको प्रतिद्वन्द्वी कंगो

नेपाली राष्ट्रिय महिला फुटबल टोली अप्रिलमा फिफाको सिरिजमा सहभागी हुनेछ। फिफाले निकालेको 'डु'अनुसार नेपाली महिला टोलीको पहिलो प्रतिद्वन्द्वी नै कंगो रहेको छ। कंगोविरुद्धको दुई अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल अप्रिलमा हुनेछ। नेपालले १५ अप्रिलमा कंगोसँग खेल्नेछ। सोही दिन घरेलु टोलीले ओसिनिया फुटबल महासंघ (ओएफसी)का १३ राष्ट्रमध्ये एकसँग खेल्नेछ। तीन दिनपछि विजेता टोलीले एक-अर्कासँग खेल्नेछ। सोही दिन हार्ने टोलीबिच पनि प्रतिस्पर्धा हुनेछ।

गत महिना फिफा सिरिजका आयोजक र समूहको घोषणा भएको थियो। यो पुरुष र महिला राष्ट्रिय टिमका लागि अन्तर्राष्ट्रिय विन्डोमा प्रतिस्पर्धा बढाउनका लागि फिफाको महत्त्वपूर्ण कदम हो। नोभेम्बर २०२५ मा विस्तारित ढाँचा घोषणा भएसँगै फिफा सिरिज २०२६ मा ४८ राष्ट्रिय टोलीले मार्च र अप्रिलको अन्तर्राष्ट्रिय खेल विन्डोमा १२ समूहका चार टोलीले प्रतिस्पर्धा गर्नेछन्।

११ संघले सिरिज आयोजना गर्ने

फिफामा २११ सदस्य राष्ट्र छन्। ११ फिफा सदस्य राष्ट्रले सिरिज आयोजना गर्नेछन्। नौ पुरुष समूह र तीन महिला समूह छन्। ६ फिफा कन्फेडेरेसन (महादेशीय संघ)बाट टोलीहरू सहभागी छन्। पुरुष समूहका आयोजकमा अस्ट्रेलिया, अजरबैजान, इन्डोनेसिया, काजकिस्तान, न्युजिल्यान्ड, प्युटो रिको, वान्डा र उज्बेकिस्तान हुन्।

थ्री स्टार 'ए' डिभिजन लिगमै रहने

उच्च अदालत पाटनका न्यायाधीशद्वय श्रीधराकुमारी पुडासैनी र कृष्णमुरारी शिवाकोटीको संयुक्त इजलासले बुधबार थ्री स्टार 'ए' डिभिजनमै रहने फैसला गरेको हो

नयाँ पत्रिका

थ्री स्टार क्लबको 'ए' डिभिजन हैसियत यथावत् रहने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) अपिल कमिटीले ११ असार ०८२ मा 'बी' डिभिजनमा घटुवा गरेपछि थ्री स्टार उच्च अदालत पाटन पुगेको थियो। थ्री स्टारले गत १८ असारमा कमिटीको निर्णय अन्यायपूर्ण रहेको भन्दै राष्ट्रिय खेलकुद परिषद् (राखेप), युवा तथा खेलकुद मन्त्रालय, एन्फा, एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई, सहमहासचिव दामोदर भट्टराई बद्री, एन्फा अनुशासन समिति, पुनरावेदन समिति र एपिएफ क्लबलाई विपक्षी बनाएर मुद्दा दर्ता गरेको थियो।

सो मुद्दामा न्यायाधीश श्रीधराकुमारी पुडासैनी र कृष्ण मुरारी शिवाकोटीको संयुक्त इजालसले बुधबार थ्री स्टार क्लबकको 'ए' डिभिजन हैसियत यथावत् रहेको फैसला गरेको क्लबका पूर्वअध्यक्ष अरुणमान जोशीले बताए। 'अनुसन्धान समिति र अपिल समितिको निर्णय खारेज भएको छ। योसँगै क्लब 'ए' डिभिजनमा रहने निर्णय भएको छ,' थ्री स्टारले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

०७९ मा सम्पन्न 'ए' डिभिजन लिगको अन्तिम खेलमा थ्री स्टारले जावलाखेल युथ क्लबलाई १-० ले हराउँदै रेलिगेसन टारेको थियो। सो खेलमा तत्कालीन कप्तान विक्रम लामाले पेनाल्टीमार्फत गरेको गोल नै निर्णायक बनेको थियो। यसै गोलले थ्री स्टार अघि रहँदा विभागीय टोली एपिएफ रेलिगेसनमा परेको थियो। त्यसपछि एपिएफले भिसा सकिएका खेलाडी प्रतियोगिताको नियमावली, नेपालको कानुन र फिफाको नियमअनुसार खेलाउन नपाउने जिकिर गर्दै एन्फामा २८ जेठ ०८० मा उजुरी दिएको थियो। एपिएफले एन्फामा दुई विदेशी खेलाडी पिटर र मार्टिन्सको भिसा सकिए पनि खेलाएको दाबी गरेको थियो। एपिएफले अवैधानिक खेलाडी खेलाएर सम्बन्धित टिम ३-० को नतिजामा पराजित हुने नियमअनुसार कारबाही गर्नुपर्ने माग राखेको थियो। एपिएफको उजुरीमाथि एन्फाको अनुशासन समितिले त्यसको थ्री स्टारले खेलाएका खेलाडी अवैधानिक भएको पुष्टि गरेको थियो। अनुशासन समितिले थ्री स्टार र सम्बन्धित खेलाडीलाई नगद जरिवाना गरेर मात्रै छाडेको थियो।

अनुशासन समितिको सो निर्णयमा असहमति जनाउँदै थ्री स्टार र एपिएफ दुवैले अपिल गरेका थिए। त्यो अपिलमाथि छानबिन गर्दै अपिल कमिटीले गत ५ असारमा अवैधानिक खेलाडी खेलाएबापत थ्री स्टार उक्त खेलमा ३-० को नतिजामा पराजित हुने निर्णय गरेको थियो। योसँगै ३ अंक गुमाएपछि थ्री स्टार खुमलटारसँगै रेलिगेसनमा परेको थियो। एपिएफले भने 'ए' डिभिजन क्लबको हैसियत पुनः प्राप्त गऱ्यो। १३औँ स्थानमा झरेको थ्री स्टारको २९ अंक हुँदा १२औँ स्थानमा उक्लने एपिएफको ३० अंक हुन्छ। पुछारको खुलमटारको २७ अंक थियो। एपिएफको उजुरीका आधारमा कारबाही गर्नु अन्यायपूर्ण रहेको थ्री स्टारको दाबी थियो।

खेल संक्षेप

हिमालय र संस्कृति सेमिफाइनलमा

काठमाडौं/ हिमालय र संस्कृति शिक्षा सदन प्रथम तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको खेलमा हिमालयले तेजस्वीलाई ५०-४४ ले पराजित गऱ्यो। संस्कृतिले गुरुकुललाई ४१-३० ले हरायो। ह्वाइट हेभेन र एन्जल्स हार्टले पनि अन्तिम चारमा स्थान सुरक्षित गरे। ह्वाइट हेभेनले सेबलाई ५६-४४ ले पाखा लगायो। एन्जल्स हार्टले रिलायन्सलाई ४९-३६ ले पन्छायो।

मातृभूमि यू-१४ क्रिकेट सुरु

काठमाडौं/ प्रथम मातृभूमि अन्तरविद्यालय यू-१४ टी-१० क्रिकेट प्रतियोगिता बुधबारदेखि सुरु भएको छ। नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वसदस्य शरद भेसवाकर र आयोजक मातृभूमि स्कुलकी प्रिन्सिपल प्रकृति केसी पन्तले संयुक्त रूपमा प्रतियोगिताको उद्घाटन गरेका थिए। प्रतियोगितामा आठ छात्र टोली सहभागी छन्। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउटका आधारमा खेलाइनेछ। समूहमा शीर्ष दुई स्थानमा रहने टोली सेमिफाइनल पुग्नेछन्। समूह 'ए'मा जनप्रेमी वर्ल्ड स्कुल, विनायक शिक्षा निकेतन, ग्लोबल पब्लिक स्कुल र जेम्स छन्। समूह 'बी'मा ग्यालेक्सी पब्लिक स्कुल, सहारा स्कुल, अक्षरा र मातृभूमि छन्। विजेताले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। उत्कृष्ट खेलाडीलाई माउन्टेन बाइक, उत्कृष्ट ब्याट्सम्यानलाई ब्याट, उत्कृष्ट बलरलाई जुत्ता तथा प्रत्येक खेलको 'म्यान अफ द म्याच'लाई ट्रफी प्रदान गरिनेछ।

राष्ट्रिय लिग २०८२

एपिएफले खोस्यो लालीगुराँसको शीर्ष स्थान

मनाङ मर्स्याङ्दीलाई २-० ले हराएको नेपाल एपिएफ क्लबले लालीगुराँसलाई १ अंकले पछि पाऱ्यो

नयाँ पत्रिका

विभागीय टोली नेपाल एपिएफ क्लब राष्ट्रिय लिग फुटबल प्रतियोगिताको शीर्ष स्थानमा उक्लिएको छ। लिगअन्तर्गत बुधबार भएको खेलमा एपिएफले मनाङ मर्स्याङ्दीलाई २-० ले हराउँदै १९ अंकसहित शीर्ष स्थानमा कब्जा जमाएको हो। यसअघि पोखराको लालीगुराँस क्लब काँक्रेबिहार क्लबलाई ४-१ ले हराउँदै शीर्ष स्थानमा पुगेको थियो। काँक्रेबिहारलाई हराउँदा लालीगुराँसले सात खेलबाट १७ अंक जोडेको थियो। यो नतिजा आउँदा मनाङ र एपिएफबिचको खेल हुन बाँकी थियो।

एपिएफले मनाङलाई हराएसँगै लालीगुराँसको शीर्ष स्थान केवल तीन घण्टाका लागि मात्र रह्यो। एपिएफले सात खेलबाट सर्वाधिक १९ अंक बनाएको हो। मनाङ ८ अंकका साथ नवौँ स्थानमा छ। अपराजित लालीगुराँसको यो पाँचौँ जित हो।

काँक्रेबिहारले लिगमा छैटौँ हार सामना गरेको छ। काँक्रेबिहारले मात्र १ अंक बटुलेको छ। १७ क्लब सहभागी राष्ट्रिय लिगमा काँक्रेबिहार १६औँ स्थानमा छ। लालीगुराँसको जितमा विदेशी खेलाडी अब्दुल युसुफ हाउलेले ह्याट्रिक गरे। मुकुन्द कुमा थिउरेले एक गोल थपे। प्रतिस्पर्धामा काँक्रेबिहारका सोनाम आचार्यले एक गोल फर्काए।

तान्जिनियाका स्ट्राइकर अब्दुलले पहिलो हाफमा एक तथा दोस्रो हाफमा दुई गोल गरी ह्याट्रिक पूरा गरेका हुन्।



श्री भगवती बराबरीमा रोकियो

राष्ट्रिय लिगमा श्री भगवती र सातदोबाटो युवा क्लबले गोलरहित बराबरी खेलेका छन्। दशरथ रंगशालामा दुवै टोलीले अंक बाँडेका हुन्। पहिलो तथा दोस्रो हाफमा श्री भगवतीले दबाब बनाएपछि गोल हुन सकेन। बराबरी नतिजासँगै सातदोबाटोले सात खेलबाट ६ अंक जोडेको छ। सातदोबाटो अंकतालिकाको १२औँ स्थानमा उक्लियो। श्री भगवती १४औँ स्थानमा यथावत् रह्यो।

खेलको १३औँ मिनेटमा सातदोबाटो फोडे फोफानाले प्रहार गरेको हेडिङ बल क्रसबारमाथि पुगेको थियो। खेलको १४औँ मिनेटमा भगवतीका शिशिर लेखीको पासमा सुजन डंगोलले सहज गोल अवसर गुमाए। उनले प्रहार गरेको बल पहिलो बारनजिक हुँदै बाहिरिएको थियो। सुरुदेखि नै आक्रामक खेलेको सातदोबाटोले गोल गर्ने राम्रो अवसर सिर्जना गरे पनि अवसर सदुपयोग गर्न सकेनन्। दुवै टोलीले गोल गर्न नसकेपछि खेल गोलरहित बराबरीमा सकिएको हो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com